United Nations
Educational, Scientific and
Cultural Organization

आईपीडीसी सञ्चारको विकासका लागि अन्तर्राष्ट्रिय कार्यक्रम

# मिडिया विकासका सूचकहरू:

## मिडिया विकास मापनसम्बन्धी एक ढाँचा

**नेपाली संस्करण :**

अनुवाद तथा सम्पादन
अधिवक्ता भोलानाथ ढुङ्गाना

# मिडिया विकासका सूचकहरू:

## मिडिया विकास मापनसम्बन्धी एक ढाँचा

सञ्चारको विकासका लागि अन्तर्राष्ट्रिय कार्यक्रमको
अन्तरसरकारी परिषदद्वारा २६औं बैठक
(मार्च २६-२८, २००८) मा पारित

**नेपाली संस्करण** :
अनुवाद तथा सम्पादन
अधिवक्ता भोलानाथ ढुङ्गाना

## कृतज्ञता

मिडिया विकासका सूचकहरू विकास गर्ने सम्पूर्ण प्रक्रियामा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने श्री एन्ड्र्यू पुड्डेफाट प्रति युनेस्को हार्दिक कृतज्ञता व्यक्त गर्दछ । त्यस्तै मिडिया विकास सूचकलाई अन्तिम रूप दिई सञ्चारको विकासका लागि अन्तर्राष्ट्रिय कार्यक्रमको अन्तरसरकारी परिषद समक्ष प्रस्तुत गर्ने क्रममा सहभागी अन्तर्राष्ट्रिय विज्ञ समूहका सम्पूर्ण सदस्यहरूप्रति पनि संस्था हार्दिक आभार व्यक्त गर्दछ ।

लेआउट तथा ग्राफिक डिजाईनः बेसलाईन आर्ट्स लि.

२००८ संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक
संगठन
१, रूइ मायोल्लिस्
७५७३२ पेरिस सेडेक्स् १५ फ्रान्स

प्रतिलिपि अधिकारः युनेस्को

आई एस बी एनः ९७८-९९३७-८१७७-५-२
ISBN: 978-9937-8177-5-2

सन्दर्भ सामग्री सख्याः सीआई । सीओएम् ।२००८। पीआई । ३

# विषय सूची


**प्राक्कथन** ........ ङ

**सञ्चारको विकासकालागि अन्तर्राष्ट्रिय कार्यक्रमको अन्तरसरकारी परिषदका अध्यक्षको सन्देश** ........ छ

**परिचय** ........ १

मिडिया, लोकतन्त्र र विकास ........ ३

यस प्रतिवेदनबारे ........ ४

विशेष पद्धति ........ ५

सूचकलाई लैङ्गिकरूपमा सम्बेदनशील र गरिबका पक्षमा बनाउँदै ........ ६

**सूचकका प्रस्तावित भागहरू** ........ ७

प्रस्तावित भागसम्बन्धी व्याख्या ........ ७

**भाग १ः अभिव्यक्ति स्वतन्त्रता, बहुलवाद र मिडिया विविधताका निमित्त सहयोगी नियमनकारी व्यवस्था** ........ ९

कानुनी तथा नीतिगत संरचना ........ ११

प्रसारण माध्यमसम्बन्धी नियमनकारी व्यवस्था ........ १५

गाली बेइज्जतीसम्बन्धी कानुन तथा पत्रकारहरूलाई नियन्त्रण गर्ने अन्य कानुनहरू ........ १६

सेन्सरसीप ........ १८

**भाग २ : मिडियाको वहुलता तथा विविधता, प्रतिस्पर्धाका लागि समान आर्थिक अवस्था र स्वामित्वको पारदर्शीता** ........ २१

मिडियाको केन्द्रीकरण ........ २३

सार्वजनिक, निजी तथा सामुदायिक मिडियाको विविध सम्मिश्रण ........ २६

अनुमति पत्र तथा स्पेक्ट्रम बाँडफाँड ........ २९

कर तथा व्यवसायिक नियमन ........ ३१

विज्ञापन ........ ३२

**भाग ३ः लोकतान्त्रिक बहसको एउटा मञ्चको रुपमा मिडिया** ........ ३५

मिडियाले समाजको विविधता प्रतिविम्वित गर्दछ ........ ३७

सार्वजनिक सेवा प्रसारण मोडल ........ ३९

मिडियाको स्वनियमन ........ ४२

स्वच्छता र निष्पक्षताको निमित्त आवश्यक पर्ने कुराहरू ........ ४४

मिडियाप्रतिको सार्वजनिक विश्वास र विश्वसनीयताको तह ........ ४५

पत्रकारहरूको सुरक्षा ........ ४७

**भाग ४ : अभिव्यक्ति स्वतन्त्रता, बहुलवाद तथा विविधतालाई सवलीकरण गर्ने पेशागत क्षमता विकास तथा सहयोगी संस्थाहरू** ........ ४९

व्यवसायिक मिडिया तालिमको उपलव्धता ........ ५१

मिडिया अभ्यास सम्बन्धी प्राज्ञीक अध्ययनको उपलव्धता ........ ५४

ट्रेड युनियन र पेशागत संगठनहरूको उपस्थिति ........ ५५

नागरिक समाज संगठनको उपस्थिति ........ ५६

**भाग ५ : स्वतन्त्र र बहुलवादी मिडियालाई सहयोग गर्न आधारभूत क्षमता विकास पर्याप्त छ** ........ ५९

प्राविधिक श्रोत साधनको उपलब्धता र मिडियाद्वारा सो को प्रयोग ........ ६१

छापा, प्रसारण  माध्यम र सूचना, सञ्चार तथा प्रविधि (आईसीटी)को भूमिका ........ ६२

**केही सन्दर्भ सामग्रीहरु** ........ ६५

**अनुसूची:** ........ ७१

सञ्चारको विकासकालागि अन्तर्राष्ट्रिय कार्यक्रमकोअन्तरसरकारी परिषदको २६ औं बैठकको निर्णय ........ ७१

# प्राक्कथन

आफ्नो विधानमा उल्लेख गरिए अनुसार नै 'शव्द तथा तस्वीरको माध्यमबाट हुने विचारको स्वतन्त्र सम्प्रेषणको प्रवर्द्धन' गर्न युनेस्को समर्पित छ । मिडिया विकासको क्षेत्रमा यसले गरेका प्रयास तथा विगतका दशकहरूमा प्रेस स्वतन्त्रताको रक्षामा यसले गरेको प्रयत्नस्वतन्त्र, निष्पक्ष तथा बहुलवादी मिडियाको विकासप्रति संगठनको दृढ प्रतिवद्धताको स्पष्ट संकेत हुन् ।

मिडिया विकासमा सघाउ पुऱ्याउने उद्देश्यले गरिएको यो कार्य मिडियाले सहभागिता, पारदर्शीता तथा जवादेहीता तथा समाजका सबै तप्कलाई समेट्नुपर्नेजस्तो प्रजातान्त्रिक प्रक्रियालाई सवल वनाउनसक्ने सम्भावनासँग स्पष्टरूपमा जोडिएको छ । तथ्यहरूलेस्पष्ट देखाईरहेका छन् कि लोकतन्त्रलाई सवल बनाउनको लागि स्वतन्त्र, निष्पक्ष तथा बहुलवादी मिडिया अत्यावश्यक छ । त्यसैगरी सूचना तथा सञ्चारप्रतिको नागरिकहरूको पहुँच सुनिश्चित गर्दै मिडियाले नागरिकहरूलाई सुसूचित हुन आवश्यक पर्ने माध्यमको काम गर्दछ र उनीहरूको जीवनलाई प्रभाव पार्ने सवालहरूको निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गर्न मद्दत पुऱ्याउँदछ ।

त्यसैकारण मिडिया विकास सहायता विकास रणनीतिको एउटा महत्वपूर्ण पक्ष हो, यद्यपि यसले अझै वृहद मान्यता र अन्तर्राष्ट्रिय दातृसमुदायबाट पर्याप्त आर्थिक सहयोगप्राप्त गर्न बाँकी नै छ ।

यसै परिपेक्षमा युनेस्को अन्तर्गतको सञ्चारको विकासको लागि अन्तर्राष्ट्रिय कार्यक्रमको अन्तरसरकारी परिषदले विन्डहोएक घोषणा पत्र (१९९१) तथास्वतन्त्र र बहुलवादी मिडिया विकाससम्बन्धी अलमेटी, सान्टियागो, साना'आ तथा सोफियामासम्पन्न त्यसपछिका क्षेत्रीय घोषणापत्रहरूबमोजिम अभिव्यक्ति स्वतन्त्रता, निष्पक्ष तथा वहुलवादी मिडिया फष्टाउनसक्ने वातावरणको विशेषताहरूपहिचान गर्नु महत्वपूर्ण हुन्छ भन्ने निर्णय गऱ्यो । मिडिया क्षेत्रको मुख्य मुख्य पक्षलाई विश्लेषण गरी तयार गरिएको सूचकहरूको यो महत्वपूर्ण दस्तावेजले मिडियाको विकाससँग जोडिएका सरोकारवालाहरू र त्यसमा पनि खासगरी स्थानीय सरोकारवालाहरूलाई राष्ट्रिय परिप्रेक्षमा मिडिया विकासतथा यससम्बन्धी कार्यक्रमहरूको प्रभावलाई मुल्याङ्कन गर्न सक्षम तुल्याउनेछ । मिडिया विकास सहयोगका प्रयासहरूलाई मार्गनिर्देश गर्नमा पनि यो दस्तावेज महत्वपूर्ण हुन सक्दछ ।

यो प्रतिवेदनलाई यस रूपमा ल्याईपुऱ्याउने कार्यमा संसारका सबै क्षेत्रबाट सहभागी सम्पूर्ण विशेषज्ञ एवं संघ संस्थाहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । राष्ट्रियस्तरका सरोकारवालाहरू, नीति निर्माताहरू, राष्ट्रसंघीय नियोगहरू तथा मिडिया विकाससम्बन्धी संघ संस्थाहरूलाई यी सूचकहरू अपनाउन आव्हान गर्दछु र हाम्रो विकास प्रयासलाई परिणाममुखी रूपमा सफल तुल्याउन सकेसम्म सहगोग गर्न अभिप्रेरित गर्दछु ।

**अब्दुल वाहिद खान**, सहायक महानिर्देशक - सूचना तथा सञ्चार, युनेस्को

# आईपीडीसीको अन्तरसरकारी परिषदका अध्यक्षको सन्देश

यस प्रकाशनमा समेटिएका मिडिया विकास मापन गर्ने आधारहरू निर्धारण गर्ने प्रक्रिया,सञ्चारको विकाससम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रमको अन्तरसरकारी परिषदको सन् २००६ मा सम्पन्न २५औं बैंठकबाट शुरू भएको हो । त्यसपछि मिडिया विकास संघ संगठन, पेशागत संगठन, विश्वविद्यालय तथा अन्तरसरकारी एवं गैर सरकारी संस्थाका विज्ञहरूलाई समावेश गरी बृहद परामर्शको आयोजना गरिएको थियो । सो क्रममा सबै भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुनसकोस् भन्ने तर्फ विशेष ध्यान दिईएको थियो, किनकि सूचकहरू निर्धारण गर्दा विश्वका विभिन्न क्षेत्रको दृष्टिकोणलाई समेट्नु महत्वपूर्ण हुन्छ भन्ने यथार्थलाई आईपीडीसी परिषदले मनन गरेको थियो । परामर्शको प्रक्रिया सन् २००७ को डिसेम्बरमा युनेस्को मुख्यालयमा आयोजना गरिएको विशेषज्ञ समूहको बैठकसँगै समापन भयो, जुन बैठकले यो प्रतिवेदनलाई अन्तीम रूप प्रदान गरेको थियो ।

तत्पश्चात उक्त प्रतिवेदनलाई आईपीडीसीको अन्तरसरकारी परिषदको २६ औं बैठकमा पेश गरिएको र सोलाई सर्वसम्मतिले पारित गरेको थियो । परिषदले आईपीडीसी ब्यूरो तथा मिडिया विकासको क्षेत्रमा काम गरिरहेका अन्य सरोकारवालाहरूलाई सञ्चार विकास रणनीति निर्धारण गर्दा, राष्ट्रिय अधिकारीहरूसँग तालमेल गर्दै यीसूचकहरू प्रयोग गर्नकालागि अनुरोध गर्ने निर्णय गऱ्यो । परिषदले मिडिया विकास तथा सुशासनको क्षेत्रमा राष्ट्रसंघीय साझा धारणा बनाउन यी सूचकहरूको योगदान महत्वपूर्ण हुने समेत उल्लेख गरेको छ ।

यस प्रतिवेदनमा समावेश गरिएका मुल्याङ्कन मापदण्डले मिडिया विकासमा दुईवटा दृष्टिकोणबाट सहयोग पुऱ्याउने छ भन्ने कुरामा मैले दृढ विश्वास लिएको छु । पहिलो, व्यवस्थितरूपमा निश्चित देशहरूको मिडिया क्षेत्रको आवश्यकताकोपहिचान गरी मिडिया विकास सहायतालाई सही रूपमा वितरण गर्न अभिप्रेरित गरेर र दोश्रो यस क्षेत्रमा हुने हस्तक्षेपको असर मापन गर्न सहज बनाएर । तरयो कुरा स्पष्ट हनु जरूरी छ कि यो ढाँचा कुनै शर्तको रूपमा थोपर्ने उद्देश्यले तयार गरिएको होईन ।

विश्वभरका सम्पूर्ण मिडिया विकास अभ्यासकर्ताहरूले यो विशेष प्रकारको उपचारात्मकसामग्रीले प्रदान गरेका सम्भावनाहरूबाट फाईदा लिनेछन् र स्वतन्त्र, निष्पक्ष एवं बहुलवादी मिडिया विकासका लागि प्रतिवद्ध सबैका लागि यो एउटा सन्दर्भ सामग्री बन्नेछ भन्ने हाम्रो विश्वास रहेको छ ।

**वाल्टर फस्ट**, अध्यक्ष
सञ्चारको विकाससम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रमको अन्तरसरकारी परिषद (आईपीडीसी)

# परिचय

“राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा निर्वाध सूचना प्रवाहका लागि उत्प्रेरित गर्न, अभिव्यक्ति स्वतन्त्रतामा कुनै व्यवधान उत्पन्न नगरी वृहद एवं सुसन्तुलित सूचना प्रवाह गर्न तथा सूचनासञ्चार प्रक्रियामा उनीहरूको सहभागिता बढाउनका लागि विकासशील मुलुहरूमा सञ्चारको क्षमता सुदृढ गर्नका लागि ।”

युनेस्को साधारण सभा घोषणा पत्र २५ सी । १०४

# परिचय

## मिडिया, लोकतन्त्र र विकास

अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको महत्वपूर्ण पक्ष हो र यसलाई लोकतान्त्रिक अधिकार जस्तै- राजनीतिक दल खोल्न पाउने, विचार व्यक्त गर्न पाउने, सार्वजनिक अधिकारीहरूले गरेका क्रियाकलापहरूबारे जान्न पाउने आदि अधिकारहरूको आधारस्तम्भको रूपमा लिईन्छ ।

अभिव्यक्ति स्वतन्त्रताको अभ्यासको लागि सञ्चारमाध्यमहरू महत्वपूर्ण साधन हुन् किनकि यसले अधिकारको प्रभावकारी अभ्यासको लागि स्थान उपलब्ध गराउँछ । लोकतान्त्रिक बहशको लागि मिडियालाई एउटा स्थान मान्ने अवधारणाले यसका विविध किसिमका द्विविधाजनक कार्यलाई समेत समेट्दछ । यस परिप्रेक्षमा मिडिया भन्नाले समाचार र सार्वजनिक सूचना प्रदान गर्ने ती सबै माध्यमहरूलाई बुझिन्छ, यस प्रकार मिडिया[१] :-

- सूचना र शिक्षाको एउटा माध्यम हो जुन माध्यमार्फत नागरिकहरूले त्यस्तो सूचना र शिक्षा एक अर्कामा आदानप्रदान गर्दछन ।
- कथा, विचार र सूचना प्रवाहक हो ।
- शासक, शासित र प्रतिस्पर्धि निजी क्षेत्रबीच 'सूचनामा हुने स्वाभाविक अनियमितता' (इस्लाम २००२ : १) सच्याउने माध्यम हो ।
- भिन्न भिन्न सामाजिक समुहहरूबीच सुसूचित बहश गर्न तथा लोकतान्त्रिक माध्यमबाट विवाद समाधान गर्न उत्प्रेरीत गर्ने सहजकर्ता हो ।
- एउटा यस्तो माध्यम हो, जसको सहयोगमा समाज आफ्नै बारेमा जान्न, समुदाय निर्माण गर्न सक्छ र जसले मुल्य, मान्यता र परम्पराबारेको बुझाईलाई एउटा आकार प्रदान गर्दछ ।
- देश भित्र र देशहरूबीचमा साँस्कृतिक सञ्चार एवं सांस्कृतिक एकताको माध्यम हो ।
- सरकारका सबै क्रियकलाप तथा सार्वजनिक क्षेत्रको पारदर्शीता अभिवृद्धि गर्न, भ्रष्टाचार, प्रशासनिक अनियमितता र संस्थागत त्रुटीलाई सार्वजनिक गर्ने जस्ता कार्य गर्ने पहरेदार हो ।
- आर्थिक सक्षमता वृद्धि गर्ने एउटा साधन हो ।
- लोकतान्त्रिक प्रक्रियामा नभई नुहने सहजकर्ता र स्वतन्त्र एवं निष्पक्ष निर्वाचनको एक किसिमको प्रत्याभूतिकर्ता,
- बहुलवादका मुलभूत मान्यतालाई आत्मसात गर्दै आफ्नै अधिकारको निमित्त लाग्ने एउटा वकालतकर्ता एवं सामाजिक शक्ति,

यो पनि त्यत्तिकै सत्य कुरा हो कि कहिलेकाँही मिडियाले आलोचनात्मक तथा सीमान्तकृत आवाजलाई स्थान नदिएर निहीत स्वार्थभएका शक्तिलाई सहयोग पुऱ्याउने काम पनि गर्ने गर्छ । र मिडियाले सामाजिक द्वन्द र विभाजनलाई समेत बढावा दिन्छ ।

त्यसैले अभिव्यक्ति स्वतन्त्रता, सुशासन तथा मानव विकाससँग जोडिएका सवालहरूका सन्दर्भमा मुख्य प्रश्न भनेको कसरी मिडियाले यी लक्ष प्राप्त गर्न योगदान पुऱ्याउन सक्छ भन्ने हो । यो खासगरी नयाँ र पुनःस्थापित लोकतान्त्रिक मुलुकहरूसँग बढी सम्बन्धित छ, जहाँ मिडिया दमन, भ्रष्टाचार, युद्ध तथा अविकासबाट बढी थिचिएको वा सताईएको हुन्छ ।

---

[१] यी कुराहरू आर्टिकल १९ (मिति उल्लेख नभएको), इस्लाम (२००२); मिडिया विकास विश्व मञ्च (२००६); नरिस तथा जिनवाअर (२००२); युनेस्को-सीपीएचएस (२००६) लगायत मिडिया तथा लोकतान्त्रिक विकाससँग सम्बन्धित थुप्रै प्रतिवेदनहरूको संश्लेषण हो ।

त्यसैगरी स्थापित भईसकेका लोकतान्त्रिक व्यवस्थाहरूमा पनि आधुनिक सञ्चारका माध्यमहरूको बढ्दो सञ्जालले गर्दा मिडियाको भूमिका एउटा ज्वलन्त विषय हो । डिजिटल सञ्चार सञ्जालमा जोडिएका सुलभ विद्युतीय साधनहरूको संयोजनले नागरिकहरूको अभिव्यक्ति स्वतन्त्रताको अधिकार अभ्यास गर्ने एउटा नयाँ अवसरको सिर्जना गरेको छ । तर सञ्चार क्रान्तिको यो उच्चतम विकास देश भित्रै र देशहरूबीच पनि असमान छ र नयाँ सञ्चार माध्यमहरूलाई दमन तथा खुलापन दुवै उद्दश्यका लागि प्रयोग गर्न सकिन्छ ।

धेरै टिप्पणीकर्ताको भनाई छ कि सुशासन, सवलीकरण तथा मानव विकास अभिवृद्धिकालागि स्वतन्त्र पत्रकारिता आवश्यक माध्यम हो, तर पर्याप्त होईन । उनीहरूको विचारमा तल उल्लिखित अवस्थामा यी लक्षहरू प्रभावकारी रूपमा प्राप्त गर्न सकिन्छ ।

- जुन समाजमा आम सञ्चारका माध्यमहरू आफ्नो स्वार्थमा स्वतन्त्र र निष्पक्ष हुन्छन् । र यसका अतिरिक्त,
- जहाँ त्यस्ता मिडियाहरूमा सहज पहुँच हुन्छ ।

यी कुराहरूलले के बुझाउँछ भने मिडिया विकास मापन गर्ने कुनै पनि कुराले निष्पक्षता र पहुँच यी दुई सवाललाई समेट्नै पर्दछ । यो केवल मिडिया नियन्त्रणको अभाव भएकोमा मात्र होईन समाजका सबै पक्ष खासगरी अति सीमान्तकृत वर्गले पनि सूचना प्राप्त गर्न र आफ्नो भनाई राख्न मिडिया सँगको पहुँच विकासको लागि पनि आवश्यक छ। मिडियाप्रतिको सीमित पहुँच तथा मिडियासँगको सम्बन्धको कमीको कारण गरिबी र कमजोर शिक्षा हो । भाषा, लिङ्ग, उमेर, जातीयता तथा गाँउ एवं शहरबीचको विभाजन पनि यसको बढोत्तरीका कारण हुन् । त्यसैले सूचना तथा मिडिया साक्षरताको अभिवृद्धि गर्नु पनि आवश्यक छ ।

यो विश्लेषणको सोझो अर्थ के हो भने मिडिया स्वतन्त्रतामा बन्देज लगाउने कानुन कम बन्देजयुक्त हुने गरी पारिभाषित र लोकतन्त्रका लागि आवश्यक हदसम्म सीमित हुने गरी अभिव्यक्ति स्वतन्त्रता सहितको बुहलवाद एवं विविधतायुक्त मिडिया वातावरण निर्माण गर्नको लागि राज्यको हस्तक्षेप जरूरी छ, त्यसैगरी कानुनले प्रतिस्पर्धाको लागि समान आर्थिक अवस्थाको सुनिश्चितता समेत गर्नु पर्दछ । यस्तो व्यवस्था सार्वजनिक, समुदायमा आधारित तथा निजी मिडियाको लागि समेत हुनु पर्दछ ।

त्यत्तिकै महत्वपूर्ण मानव श्रोतमा लगानी पनि हो, खासगरी प्राज्ञिक एवं व्यवसायिक तालिम तथा पेशागत संगठनको विकासको माध्यमबाट पत्रकार एवं मिडिया व्यवस्थापक दुवैमिडियाकर्मिहरूको पेशागत क्षमता विकासआवश्यक छ ।

आधाभुत क्षमता त्यत्तिकै महत्वपूर्ण विषय हो : प्रसारण सामग्री, विद्युत आपुर्ति तथा दुरसञ्चार एवं इन्टरनेटको पहुँच लगायत विविध मिडिया वातावरण निर्माण गर्नका लागि सञ्चारका साधनहरूमाथि लगानी गर्नु आवश्यक छ ।

यस प्रकारका विश्लेषणमा केही तनाव र केही अप्ठेराहरूपनि रहेका छन् । उदाहरणको लागि सकारात्मक कानुनी एवं नीतिगत व्यवस्था भएका मुलुकहरूसँग कम प्राविधिक क्षमता भईदिन्छ जस्तो माली (नोरिस एण्ड जिनवाअर २००२: १२) । कतै कतै, प्रतिकुल राजनीतिक वातावरण भएको ठाउँमा पनि व्यापक खुलापनको लागि मिडिया अगुवा भईदिन्छ ।

अन्त्यमा, मानव विकासका लागि मिडियाको योगदान विश्लेषण गर्दा सञ्चारका साधनहरूमा भईरहेको तीव्र एवं व्यापक परिवर्तनको अवस्थालाई पनि हेर्नुपर्ने हुन्छ (हेर्नुहोस, उपयोगी साराँशका लागि युएन्डीपी २००६:१५-२०) । केही क्षेत्रमा भईरहेको नयाँ प्रविधि (इन्टरनेट, एसएमएस, मोवाईल फोन)को अचम्मको विकासले लोकतान्त्रिकरणको लागि अवसर प्रदान गर्दछ तर अर्कोतर्फ केही खण्डीकरणको चुनौतीका साथसाथ सीमित संख्यामा रहेका सञ्चार माध्यमले ठुलो जनसंख्यामा विकासको सन्देश प्रवाह गर्ने अवस्थाको घट्दो (सम्भवत) अवस्था पनि आईपर्न सक्छ ।

यदि उपयोगी हुन्छन् भने मुल्याङ्कनका औजारहरूले मुल्याङ्कन प्रक्रियामा सञ्चारका यी नयाँ माध्यमहरूको पनि प्रयोग गर्नुपर्छ र मिडिया क्षेत्रलाई गतिशील एवं सापेक्ष बनाउनु पर्छ ।

## यस प्रतिवेदन बारे

राष्ट्रसंघीय प्रणाली भित्र मिडिया विकास अभिवृद्धिका लागि युनेस्कोको कार्यादेश स्पष्ट छ । युनेस्कोको विधान अनुसार“शव्द तथा तस्वीरको माध्यमबाट हुने विचारको स्वतन्त्र सम्प्रेषणको प्रवर्द्धन” को लागि संगठन प्रतिवद्ध छ । युनेस्कोको नयाँसञ्चार रणनीति (सन् १९८९ मा पारित) ले सञ्चार तथा सुचनाको क्षेत्रमा संगठनको उद्देश्यबारे उल्लेख गरेको छ : “अभिव्यक्ति स्वतन्त्रतामाथि कुनै प्रकारको व्यवधान विना अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरमा निर्वाध सूचना प्रवाहलाई प्रोत्साहन गर्न, सोको वृहद तथा सन्तुलित प्रवाहलाई जोड दिनका साथै सञ्चार प्रक्रियामा उनीहरूको सहभागितालाई वृद्धि गर्नका निमित्त विकासोन्मुख मुलुकहरूको सञ्चार क्षमतालाई सुदृढ बनाउने ।” सञ्चारको विकासका

लागि अन्तर्राष्ट्रिय कार्यक्रम (आईपीडीसी) को उद्देश्यः "विकासोन्मुख मुलुकहरू तथा विद्युतीय मिडिया ताथ छापा प्रेसको क्षेत्रमा संक्रमणमा रहेका मुलुकहरूको क्षमता अविवृद्धिका माध्यमबाट सहयोग उपलध गराई, सूचना र ज्ञानको विश्वव्यापी पहुँच एवं वितरणलाई वढावा दिंदै दिगो विकास, प्रजातन्त्र तथा सुशासनको क्षेत्रमा योगादन पुऱ्याउनु" हो ।[२]

यो प्रतिवेदन आईपीडीसीको प्राथमिकता क्षेत्रबमोजिम मिडिया विकासका सूचकहरू परिभाषित गर्ने क्रममा तयार गरिएको हो :

- अभिव्ययिक्त स्वतन्त्रता र मिडियामा बुहलवाद प्रवर्द्धन
- सामुदायिक मिडिया विकास
- मानव संशाधन विकास (मिडियाकर्मिहरूको क्षमता विकास एवं संस्थागत क्षमता विकास)

यो प्रतिवेदन स्पष्टतः युनेस्कोको साधारण सभाहरूले पारित गरेका स्वतन्त्र र बहुलवादी मिडिया प्रवर्द्धनसम्बन्धी युनेस्कोको पाँचवटा घोषणापत्रहरू (विन्डहेक घोषणा पत्र र अन्य अल्माटी, सान्टियागो, सन्ना'आ एण्ड सोफिया[३])ले स्थापित गरेका मापदण्डमा आधारित छन्, जसबाट यी निष्कर्श एवं सूचकहरू लिईएको हो ।

यो पनि स्पष्ट हुनु आवश्यक छ कि यी घोषणा पत्रहरूलाई ध्यानमा राख्दै युनेस्कोले समाचार मिडियाहरूकालागि छुट्टै नियमनको आव्हान गरेको छैन, तर जे भएपनि, स्वतन्त्र पत्रकारिता फष्टाउन सक्ने समग्र वातावरण निर्माण गर्नका लागि यसले थप जोड दिन्छ । पत्रकारहरूको तालिममा समाचार संकलनसम्बन्धी सीप सिकाउनु धेरै उल्लेखनीय कुरा हो तर उसलाई आफ्नो पेशाको काम गर्न सशक्तिकरण गरिदैंन भने र स्वतन्त्रपुर्वक उनीहरूको पेशा गर्न पाउने उपयुक्त वातारण हुन सक्दैन भने आखिरमा त्यसको प्रभाव थोरै हुन्छ ।

यस प्रतिवेदनले मुख्य पाँच भागमाविभिन्न सूचकहरूसुझाव गरेको छ, यी कुराहरू मुलुकको मिडिया विकासको विश्लेषण गर्दा प्रयोग गर्न सकिन्छ । प्रत्येक भागहरूलाई अरू थुप्रै सम्बन्धित विषयहरूमा विभाजित गरिएको छ, जसमा श्रृङ्खलावद्धरूपमा विस्तृत सूचकहरूसमेत समेटिएको छ । अन्त्यमा, प्रमाणीकरणको आधार र सम्बन्धित उपयोगी तथ्याङ्क श्रोत समावेश गरिएको छ ।

यो कुरा उल्लेखनीय छ कि यी सूचकहरूकुनै परिवेशको विस्तृत विश्लेषण गर्नका लागि तयार गरिएको होईन अर्थात यो एउटा फरक फरक देशहरू बीचको अवस्था तुलना गर्ने साधन हो । यो सरोकारवालाहरूलाई मिडियाको अवस्था मुल्याङ्कन गर्न र मिडिया विकास कार्यक्रमका असरहरू मापन गर्न सहयोग पुऱ्याउने हेतुले तयार गरिएको विश्लेषणत्मक विधि हो । सूचकहरू भएको हुँदा यो समस्या पत्ता लगाने औजार हो, आदेश होईन– मिडिया विकास कार्यक्रमलाई सहयोग पुऱ्याउने उद्देश्य बनाईएको हो, शर्तको रूपमा जारी गरिएको होईन ।

र, अन्त्यमा यो पनि स्पष्ट हुनु पार्न आवश्यक छ कि यो दस्तावेज जीवन्त रहने अपेक्षा गरिएको छ, यसलाई यसका अपेक्षित प्रयोगकर्ताहरू पत्रकार तथा समाचार संस्था एवं स्थानीय तहमा मिडियालाई सुदृढ बनाउन प्रयत्नरत नागरिकहरूको समूहद्वारा व्यवहारमा परीक्षण र समायोजन गर्न सकिनेछ ।

## विशेष विधि

यो दस्तावेजमिडिया विकास मापनसम्बन्धी प्रचलित प्रयासहरूको पूर्वविश्लेषणमा आधारित छ[४], जस्ले विभिन्न प्रक्रियाहरूलाई समेटेको थियो । यस दस्तावेजले कुनै निश्चित पद्धतिगत दृष्टिकोण प्रस्ताव गर्ने नभई त्यस्तो "औजार सामग्री" दृष्टिकोणलाई प्रधानता दिन्छ, जसअन्र्तगत कुनै निश्चित राष्ट्रिय परिप्रेक्षको विशेषता अनुरूप सूचकहरूको विकास गर्न सकिन्छ ।

यस दस्तावेजमा मिडिया विकासका सूचकहरू छनोट गर्दा अवलम्बन गरिएका केही सामान्य विधिहरू :

---

[२] सन् २००३, अक्टुवरमा सम्पन्न युनेस्कोको ३२ औं साधारण सभाद्वारा पारित प्रस्ताव नं. ३२/सि ७५, http://portal.unesco.org/ci/en/files/20810/11351773301ipdc_statutes_amendments_en.pdf/

ipdc_statutes_amendments_en.pdf मा उपलब्ध छ ।

[३] (http://unesdoc.unesco.org/images/0010/001091/109197eo.pdf), मा सन् १९८९ देखि सन् १९९५ सम्म पारित सञ्चारसम्बन्धी आधारभुत पाठ सहित युनेस्कोको प्रकाशन समाहित छ । सोफिया घोषणा पत्र thttp://unesdoc.unesco.org/images/0010/001095/109559eo.pdf. मा उपलब्ध छ । सना'नाको अन्तिम घोषण पत्र at http://portal.unesco.org/ci/en/ev.php-URL_ID=1622&URL_DO=DO_TOPIC&URL_SECTION=201.html मा उपलब्ध छ ।

[४] युनेस्को (२००७), मिडिया विकासका सूचकहरूको बारेमा- पृष्ठभूमि पत्र http://portal.unesco.org/ci/en/files/24288/11743196661media_development_indicators_background_paper.pdf/ media_development_indicators_background_paper.pdf

- सम्भव भएसम्म परिमाणात्मक मापनको प्रयोग गर्नु,
- विश्वसनीय निर्णयका लागि परिमाणात्मक तथ्याङ्क पर्याप्त मात्रामा गुणस्तरीय भएको अवस्थामा सूचकहरूको छनोट गर्नु,
- लैङ्गिक तथा अन्य जनसख्यात्मक आधारमा सूचकहरूको खण्डीकरण गर्नु,
- कुनै एक समयमा कुनै एक मुख्य सवालको सम्बोधनका लागि सूचकहरूलाई छुट्टयाइएको सुनिश्चित गर्नु
- परिमाणात्मक तथ्याङ्क संकलन गर्दा लाग्ने खर्च र समयको व्यवहारिक पक्षप्रति विचार पुऱ्याउनु,

यद्यपि यस सन्दर्भमा सर्तकतासम्बन्धी एउटा सल्लाह थप गर्नु भने आवश्यक छ । विश्वव्यापी तथ्याङ्कहरूको अभाव रहेको अवस्थामा यस दस्तावेजले मात्र यस अर्न्तगतको निदानात्मक अवधारणाको प्रयोगका लागि चाहिने सम्पूर्ण सूचना उपलब्ध गराउन भने सक्दैन । सुझाईएका सूचकहरूको मापन गर्न आवश्यक तथ्याङ्कका लागि थप काम गर्नु आवश्यक हुन्छ । भरपर्दो राष्ट्रिय तथ्याङ्कश्रोतका लागि अन्य क्षेत्रको अनुभवहरूको प्रयोग गर्नु उपयोगी हुनसक्दछ । जस्तै एच्आईभी अनुगमनको लागि स्वास्थ्यतथा सुरक्षा अनुगमन केन्द्रका तथ्याङ्कहरूआदि ।

उपलब्ध तथ्याङ्कहरू समयक्रममा परिवर्तन हुन्छन् र तथ्याङ्कको स्थायित्वले त्यसमा कति भरपर्न सकिन्छ भन्ने कुरामा फरक पार्दछ । निर्णय गर्दा उपलब्ध तथ्याङ्कमा आधारित भई गर्नुपर्ने हुन्छ, जुन खासगरी सञ्चारको क्षेत्रको गतिशील स्वभावको सन्दर्भमा धेरै वर्ष पुरानो भईसकेको हुनसक्छ । के पनि खतरा रहन सक्छ भने अन्जानमा पनि प्रमाणीत गर्ने आधारहरू प्रदान गर्ने कुनै सूचकले त्यतिकै महत्वपूर्ण तथा मापन गर्न कठिन हुने अन्य सूचकभन्दा बढीमहत्व पाउन सक्छ ।

अन्त्यमा, सम्भव भएसम्म मात्रात्मक र मापन गर्न सकिने गरी नै पत्ता लगाउने चाहना भएतापनि धेरै जसो सूचकहरू निश्चय पनि गुणात्मक वा मनोगत मुल्याङ्कनमा आधारित हुनेछन् । मिडियाको जुनसुकै व्यापक मुल्याङ्कनका लागि यस दस्तावेजमा मान्यता दिइएकाजस्ता निर्णय तथा सूचकहरूको आवश्यकता पर्दछ । मनोगत वा गुणात्मक सूचकहरूका लागि तीकसरी तयार गरिए भन्ने कुराको व्याख्यात्मक विवरण सहित पारदर्शीरूपमा प्रस्तुत हुनुपर्ने कुरा महत्वपूर्ण हुन्छ ।

## सूचकलाई लैङ्गिकरुपमा सम्बेदनशील र गरिबका पक्षमा बनाउदै

संयुक्त राष्ट्रसंघीय विकास कायक्रम (यूएनडीपी) सूचनाको हकसम्बन्धी कार्यक्रमको असर मापनसम्बन्धी निर्देशिकाले सूचनाको हकसम्बन्धी सूचकहरूलाई लैङ्गिकरूपमा सम्बेदनशील एवं गरिब पक्षीय बनाउनका लागि केही मुलभूत विषयहरू उल्लेख गरेको छ । जुन निर्देशिकामा उल्लेख गरिएको छ कि:

- कानुनको दृष्टिमा पुरूष र महिला समान हुनेछन् भन्ने औपचारिक समानता यथार्थ रूपमा फरक हुन सक्छ,
- परम्परागतरूपमा नागरिकताको अधिकार परिभाषित गरिएको, खासगरी सार्वजनिक क्षेत्रमा महिलाको पहुँचलाई बन्देज लगाईएको समाजमा सूचना प्रणालीले महिलालाई छुटाएको हुनसक्छ,
- अनुगमन तथा मुल्याङ्कन प्रणालीको विकास गर्दा देखि नै महिलाको आवाजलाई समावेश गरिएको हुनुपर्छ,
- गरिब पक्षीय सूचकहरू तय गर्दाका अवस्थालाई नै अवलम्बन गर्न सकिन्छ : जस्तै खासगरी सञ्चार प्रणाली प्रयोग नभएको र निरक्षरताको दर उच्च रहेको ग्रामीण भेगमा कसरी सूचनामा गरिबको पहुँच पुग्नसक्छ भन्ने कुरामा सबभन्दा धेरै ध्यान केन्द्रीत गर्नुपर्दछ ।

यी धारणाहरू मिडिया विकासका सूचकहरू परिभाषित गर्ने कुनै पनि प्रयासका लागि उपयोगी छन् । उदाहरणको लागि प्रजातान्त्रिक विकासको निम्ति व्यापक निरक्षरता भएको ग्रामीण भेगमा पत्रपत्रिका एवं अन्य छापा मिडियाको उपलब्धताको सान्दर्भिकता ज्यादै न्यून हुन्छ । लैङ्गिक असमानता बारेको सचेतनामिडियाको स्वामित्वको अवस्था सम्म विस्तारित हुन सक्छ ।[५] लैङ्गिक एवं आर्थिक असममानता बारेकोजागरणका केही पहलहरू उपयोगीरूपमा सूचना, सञ्चार तथा प्रविधिको क्षेत्रसम्म फैलिएका छन् ।[६]

५ युनेस्कोले महिलाको स्वामित्व रहेको र व्यवस्थापन गरिएको सामुदायिक रेडियो स्टेशनको अवधारणा विकास गरेको थियो, जस्तै महिला मिडिया केन्द्र, कम्बोडिया (www.wmc-cambodia.org).

६ दक्षिण अफ्रिकाको एउटा गैर सरकारी संगठन, ब्रिज डट ओआरजी ले लैङ्गिक सम्बेदनशीलता र गरिब पक्षीय दृष्टिकोणबाट भईरहेको मापन विधिको मुल्याङ्कन गरेको छ । हेर्नुहोस www.bridges.org.

# सूचकहरूका प्रस्तावित भागहरू

यस खण्डमा सूचकहरूका विभिन्न भागहरू समेटिएका छन्, जसलाई विस्तृतरूपमा तल उल्लेख गरिएको छ ।

यी भागहरू छनौटको उद्धेश्य मिडियाले कसरी सुशासन र प्रजातान्त्रिक विकासका लागि योगदान पुऱ्याउन सक्छ र कसरी त्यसबाट फाईदा लिन सकिन्छ भन्ने सवालमा हाल भईरहेको पहलहरूका बीच सहमतिको विकास गर्नु हो ।

यो कुरा उल्लेखनीय छ कि प्रस्तावित मापदण्ड राष्ट्रियस्तरमा मिडिया विकासको कामको मुल्याङ्कन गर्ने साधन हो, मिडियासम्बन्धी संस्था विशेषको लागि होईन ।[७]

श्रोत सामग्री विधिलाई पछ्याउँदै यो खण्डले एउटा समावेशी प्रकारको सूचकहरूको सुची प्रस्तुत गरेको छ, र तीसूचकहरूबाट आफ्नो निश्चित आवश्यकताअनुसार छनौट गर्न सकिन्छ । यससुचीलाई निर्देशात्मक बनाउन खोजिएको होईन, केवल व्यवस्थित मापदण्ड सुझाउन मात्र खोजिएको हो, जसलाई कुनै पनि राष्ट्रिय परिवेशमा मिडिया विकास कार्यहरूमा आवश्यक परेको अवस्थामा अवलम्बन गर्न सकिन्छ ।

यस प्रतिवेदनलाई मिडिया विकासका मुख्य पाँच भागको वरपर संगठित गरिएको छ ।

प्रत्येक भागलाई विभिन्न विषयमा थप विभाजन गरिएको छ ।

प्रत्येक भागका लागि त्यसको परिवेश तथा मुख्य विषयहरू सङ्क्षिप्तरूपमा लिपीवद्ध गरिएको छ ।

प्रत्येक भागअन्तर्गत मुख्य सूचकहरूको श्रृङ्खला प्रस्तुत गरिएको छ, जसअन्तर्गत मुख्य सूचकहरूले के भन्न खोजेको हो भन्ने दर्शाउन स्पष्ट भाषामा अन्य उप-सूचकहरू प्रस्तुत गरिएको छ ।

प्रत्येक सूचकको पुष्टचाईंका लागि विभिन्न साधनहरूसुझाईएको छ ।

प्रत्येक भागका लागि अन्तर्राष्ट्रियस्तरमा उपलब्ध तथ्याङ्क श्रोतहरू उल्लेख गरिएको छ । यस प्रकारको मार्गनिर्देशन विस्तृत नभई ईन्टरनेटमा अनलाईन रूपमा उपलब्ध वा प्रकाशित श्रोतहरू सुझाउने किसिमका छन् । तथ्याङ्क श्रोतमा, यहाँ समावेश गरिएका तथ्यलाई समर्थन गर्न प्रयोग गर्नुपर्ने राष्ट्रियस्तरमा वा अन्य भाषामा उपलब्ध विभिन्न किसिमका तथ्यहरूभने समावेश छैनन् ।

यसको संरचनालाई, वान्छित मिडिया विकास परिणामबाट व्यवहारमा कतिसम्म त्यस्तो परिणामप्राप्त गर्न सकियो त भनी जाच्ने विशेष साधनहरूसम्मको प्रक्रिया हो भनी बुझ्न सकिन्छ ।

मिडिया विकासका पाँच मुख्य भागहरू यसप्रकार रहेका छन् ।

**भाग १ : अभिव्यक्ति स्वतन्त्रता, बहुलवाद र मिडिया विविधताका निमित्त सहयोगी नियमनकारी व्यवस्थाः** अर्न्तराष्ट्रिय उत्तम अभ्यास मापदण्ड तथा नागरिक समाजको सहभागीतामा विकास गरिएको कानुनी, नीतिगत एवं नियमन ढाँचा जसले अभिव्यक्ति स्वतन्त्रता र सूचनाको संरक्षण र सम्बर्धन गर्दछ ।

**भाग २ः मिडियाको बहुलता तथा विविधता, प्रतिस्पर्धाको लागि समान आर्थिक अवस्था र स्वामित्वको पारदर्शिताः** राज्यले सक्रियतापूर्वक मिडिया विकासको प्रवर्द्धन त्यस्तो किसिमबाट गर्दछ जसले अनावश्यक केन्द्रीकरण रोक्दछ र सार्वजनिक, निजी तथा सामुदायिक सबै किसिमको मिडियाको स्वामित्व र विषयवस्तुमा पारदर्शीता र बहुलता सुनिश्चित गर्दछ ।

**भाग ३ः लोकतान्त्रिक वहसको एउटा मञ्चको रूपमा मिडियाः** स्वनियमनको प्रचलित घेरा र पत्रकारिता पेशाको प्रतिष्ठा भित्र मिडियाले समाजमा रहेका सिमान्तिकृत समुहलगायत विभिन्न विचार तथा स्वार्थहरूको प्रतिनिधित्व र प्रतिविम्वित गर्दछ । सूचना र मिडिया साक्षरताकोस्तर उच्च छ ।

---

[७] प्रसारण तथा छापा माध्यमका लागि आईएसएएस मापदण्डले प्रत्येक मिडिया संघ संस्थालाई सामाजिक विकासमा उनीहरूको योगदान तथा उनीहरूको उन्नतीलाई मापनयोग्य एवं पारदर्शी बनाउन स्पष्ट विधि प्रदान गर्दछ ।

**भागत ४: अभिव्यक्ति स्वतन्त्रता, बहुलवाद तथा विविधतालाई सवलीकरण गर्ने पेशागत क्षमता विकास तथा सहयोगी संस्थाहरू:** मिडियाकर्मीहरूलाई उनीहरूको पेशागत जीवनको जुनसुकै चरणमा व्यवसायिक तथा प्राज्ञिक दुवै किसिमको व्यवसायिक तालिम तथा विकासमा पहुँच छ, र पुरै मिडिया क्षेत्र व्यवसायिक संस्था तथा नागरिक समाज संगठनहरूद्वारा समर्थन र अनुगमन गरिएका छन् ।

**भाग ५: स्वतन्त्र र बहुलवादी मिडियालाई सहयोग गर्न आधारभूत क्षमता विकास पर्याप्त छ :** उच्च तथा बढ्दो सार्वजनिक पहुँच, जसमा सीमान्तकृत समूहहरूसमेत पर्दछन, र स्थानीय परिप्रेक्षमा उपयुक्त किसिमको समाचार तथा सूचना संकलन र वितरण गर्नका निमित्त प्रविधिको कुशल उपयोगमा मिडिया परिचित छ ।

मिडिया वातावरणको समग्र तस्वीर तयार पार्नका लागि यीभागहरूलाई एकै पटक अवलम्बन गर्नु यस विश्लेषणको अभीन्न कार्य हो । कुनै पनि एउटा भाग अर्कोभन्दा बढी महत्वपूर्ण छैन र प्रत्येक भाग उत्तिकै महत्वपूर्ण छन् भन्ने यस प्रतिवेदनको कार्यगत धारणा हो । यीसूचकहरूलाई समग्र रूपमा लिनु पक्कै नै एक महत्वकाँक्षीकार्य हो तर यीभागहरूमा आधारित भई गरिएको विश्लेषणले निर्माण गर्नुपर्ने मिडिया वातावरणको विस्तृत नक्शा तयार गर्न भने सक्षम बनाउनेछ ।

# अभिव्यक्ति स्वतन्त्रता, बहुलवाद तथा मिडियामा विविधताको लागि उपयुक्त वातावरणको निमित्त नियमनको व्यवस्था

## प्रमुख सूचकहरू

### क. कानूनी तथा नीतिगत आधार

१.१. अभिव्यक्ति स्वतन्त्रता कानुनमा सुनिश्चित र व्यवहारमा लागु गरिन्छ

१.२. सूचनाको अधिकार कानुनमा सुनिश्चित र व्यवहारमा लागू गरिन्छ

१.३. सम्पदकीय स्वतन्त्रता कानुनमा सुनिश्चित र व्यवहारमा लागू गरिन्छ

१.४. श्रोतको संरक्षण गर्ने पत्रकारको अधिकार कानुनमा सुनिश्चित र व्यवहारमा लागू गरिन्छ

१.५. मिडियासम्बन्धी सार्वजनिक नीति निर्धारणमा सार्वजनिक तथा नागरिक समाज संगठनहरूको सहभागिता रहन्छ

### ख. प्रसारण माध्यमको नियमनकारी व्यवस्था

१.६. नियमनकारी व्यवस्थाको स्वतन्त्रताको कानुनमा सुनिश्चित र व्यवहारमा लागू गरिन्छ

१.७. नियमनकारी व्यवस्थाले मिडियामा बहुलवाद र अभिव्यक्ति तथा स्वतन्त्रता सुनिश्चित गर्दछ

### ग. गाली वेईज्जतीसम्बन्धी कानुन तथा पत्रकारहरूकालागि अन्य कानुनी बन्देजहरू

१.८. राज्यले मिडियालाई बन्देज लगाउने औचित्यहीन कानुन लागू गर्दैन

१.९. गाली वेइज्जतीसम्बन्धी कानुनले व्यक्तिको मर्यादा रक्षा गर्न आवश्यक पर्ने सीमित बन्देजहरू मात्र लगाउनेछ

१.१०. राष्ट्रिय सुरक्षा, घृणायुक्त अभिव्यक्ति, गोपनीयता, अदालतको अवहेलनासम्बन्धी कानुन तथा अश्लीलताजस्ता कुराहरूका आधारमा अभिव्यक्ति स्वतन्त्रता उपर लागाईने बन्देजहरू स्पष्ट स्पष्ट रूपमा र सीमित मात्रामा प्रजातान्त्रिक समाजका लागि आवश्यक र अन्तर्राष्ट्रिय कानुनबमोजिम हुनु पर्दछ

### घ. पूर्व प्रतिवन्ध (सेन्सरसीप)

१.११. कानुन तथा व्यवहारतः दुवै हिसावले मिडिया पूर्व प्रतिवन्ध (Prior Censorship) लगाईनु पर्ने विषय होईन

१.१२. राज्यले सम्वेदनशील वा हानिकारक भनी इन्टरनेटको विषयवस्तुमाथि रोक लगाउन तथा छनोट गर्ने कार्य गर्नु हुदैन ।

भाग

# १ अभिव्यक्ति स्वतन्त्रता, बहुलवाद र मिडिया विविधताका निमित्त सहयोगी नियमनकारी व्यवस्था

## क. कानुनी तथा नीतिगत आधार

### सन्दर्भ तथा मुख्य विषयवस्तु

मिडियासम्बन्धी कानुनी तथा नीतिगत व्यवस्थाहरूरूप र सार दुवै हुन् । एउटा देशमा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकसम्बन्धी राम्रो कानुनी व्यवस्था हुनसक्छ तर त्यसको कार्यान्वयन भने नभएको हुन सक्छ । गोपनीयताको सँस्कृती एवं भ्रष्टाचार, संस्थागत अवरोध वा सार्वजनिक प्रशासनको प्रविधिक एवं संस्थागत क्षमता अभावका कारण त्यस्ता प्रावधानहरू प्रभावित भएका हुन सक्छन् ।

यस अतिरिक्त, अन्तर्राष्ट्रिय सन्धि सम्झौताले तोकेका शर्तहरूको अपवाद र उल्लङ्घन अर्थात विरोधाभासपूर्ण व्यवस्थाकाकारण संवैधानिक व्यवस्थाहरू पनि क्षीण बन्दै जान्छन् । उदाहरणको लागि राज्यको गोपनीयता र फौजदारी गाली बेइज्जती । जव 'आतकंवाद विरूद्धको लडाईं' पश्चात राष्ट्रिय सुरक्षासम्बन्धी नियम कानुनहरू जारी गरिए, त्यसले अभिव्यक्ति स्वतन्त्रतामाथि आघात पुऱ्याएको छ भने सूचनाको पहुँचलाई क्षीण बनाएको छ ।

नागररिक सचेतना र सशक्तिकरण पनि महत्वपूर्ण हुन्छ : आम सर्वसाधारण वा सीमान्तकृत समुदायलाई सूचना प्राप्त गर्ने कार्यमा अवरोधहरू हुन सक्छन वा अभिव्यक्ति स्वतन्त्रतामा अनिच्छापुर्वक अवरोध पुऱ्याउने काम हुनसक्छ । नागरिकहरूलाई उनीहरूको हकप्रति र जिम्मेवार अधिकारीहरूलाई उनीहरूको जिम्मेवारीप्रति सजग गराउनकानिम्ति चुस्त कानुनी व्यवस्था हुनु आवश्यक छ । सार्वजनिक निकायहरूले श्रोतले भ्याएसम्म तदारूकताकासाथ र माग्ने वित्तिकै आधिकारिक सूचना उपलव्ध गराउने संयन्त्रको व्यवस्था गर्नुपर्छ । मिडियासम्बन्धी सार्वजनिक नीतिमा प्रभाव पार्न राज्यले पनि नागरिक समाज संगठन र मिडियासम्बन्धी संघ संस्था एवं आम सर्वसाधारणलाई पर्याप्त मौका दिनु पर्दछ ।

भेदभाव विहिनताको सिद्धान्त पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । उदाहारणको लागि सूचनाको हकसम्बन्धी अधिकार केही अभिजात्य वर्गका लागि मात्र नभएर समुदायमा आधारित मिडिया लगायत समाज तथा मिडियाका सम्पूर्ण क्षेत्रमा समानरूपमा लागू हुनु पर्दछ ।

सम्पादकीय स्वतन्त्रताको कानुनी संरक्षण अभिव्यक्ति स्वतन्त्राको हकको लागि एउटा मुख्य आधार हो । सम्पादकीय निर्णय व्यवसायिकता र जनताको जान्न पाउने हकमा आधारित भई सरकार, नियमनकारी निकाय वा व्यापारिक निकायको हस्तक्षेप विना मिडिया संगठनहरू आफैंले गर्नुपर्छ । उनीहरूको सूचनाको श्रोत संरक्षणका निमित्त पत्रकारहरूको सुरक्षाको पनि प्रभावकारी व्यवस्था हुनु आवश्यक छ । (हेर्नुहोस्, भाग ३ (च) पत्रकारको सुरक्षा) ।

मिडिया स्वतन्त्रतासम्बन्धमा कुनै कानुनी व्यवस्था नभएका देशमा अन्तर्राष्ट्रिय मापदण्डबमोजिम मिडियासम्बन्धी सार्वजनिक नीति तय गरिनुपर्दछ ।

कुनै पनि नियमन व्यवस्थाले सञ्चारजगत आफैंद्वारा बनाईएका संयन्त्रहरू- आचार संहिता, प्रेस काउन्सिल तथा मापदण्ड तोक्ने निकायजस्ता स्वनियमनकारी व्यवस्था (Self-Regulatory Mechanism) लाईसमेत समेट्नु पर्दछ, जसले अभिव्यक्ति स्वतन्त्रतालाई सुदृढ बनाउँछ । यी विषयहरूका बारेमा विस्तृतरूपमा भाग ३ मा व्याख्या गरिएको छ तर यसले समग्र नियमन व्यवस्थामा समेत महत्वपूर्ण अर्थ राख्दछ । प्रसारण माध्यम र छापा माध्यमबीच फरक छुट्ट्याउनु आवश्यक छ, प्रसारण माध्यमको लागि सार्वजनिक हितका निमित्त उदाहरणको लागि सीमित स्पेक्ट्रम भएको ठाउँमा सन्तुलन कायम राख्नको लागि पनि केही नियमनको व्यवस्था स्वीकारयोग्य हुनसक्छ तर छापा माध्यमलाई विचारको अभिव्यक्तिको रूपमा लिन सकिन्छ, त्यसैले स्वतन्त्र अभिव्यक्तिको अन्य कार्यको रूपमा यसलाई व्यवहार गरिनु पर्दछ ।

**प्रमुख सूचकहरूः**

**१.१. अभिव्यक्ति स्वतन्त्रता कानुनमा सुनिश्चित र व्यवहारमा लागू गरिन्छन्**

- अभिव्यक्ति स्वतन्त्रताको राष्ट्रिय तहमा कानुनी वा संवैधानिक संरक्षण,
- कुनै विशेष छुट वा अपवाद बिना राज्यद्वारा सम्बन्धित सन्धि सम्झौतामा हस्ताक्षर तथा अनुमोदन,
- अभिव्यक्ति स्वतन्त्रताको अधिकारका बारेमा जनता सचेत छन् र सो को अभ्यास गरिरहेका छन्, साथै यस अधिकारको ठोस संरक्षणको लागि सोसँग सम्बन्धित निकाय वा संयन्त्रको व्यवस्था छ,

*प्रमाणीकरणको आधार,*

- अन्तर्राष्ट्रिय मापदण्ड तथा व्यवहारअनुरूपको अभिव्यक्ति स्वतन्त्रताको हकसम्बन्धी कुनै पनि कानुन एवं नीति,
- अभिव्यक्ति स्वतन्त्रतासम्बन्धमा विश्वासिलो निकायद्वारा तयार गरिएको प्रतिवेदन,
- अभिव्यक्ति स्वतन्त्रताको सवालमा राष्ट्रिय मिडियाहरूमा आएका समाचारहरू (रिपोर्ट),
- अभिव्यक्ति स्वतन्त्रताका सवालमा कानुनी पहुँच,
- पुनरावेदनसम्बन्धी स्पष्ट अधिकारसहितको स्वतन्त्र र प्रभावकारी न्याय प्रणालीको व्यवस्था,

**१.२. सूचनाको अधिकार कानुनमा सुनिश्चित र व्यवहारमा लागू गरिन्छन्**

- राष्ट्रिय तहमा सूचनाको हकको कानुनी तथा संवैधानिक प्रत्याभूति,
- कुनै विशेष छुट वा अपवाद बिना राज्यद्वारा सम्बन्धित सन्धि सम्झौतामा हस्ताक्षर तथा अनुमोदन,
- आधिकारिक सूचनामा अधिकार र पहुँचका बारेमा जनतामा सचेतना तथा सो को अभ्यास,
- तदारूकताकासाथ र माग्ने वित्तिकै सार्वजनिक निकायद्वारा सूचना प्रदान,
- स्वतन्त्र प्रसासनिक निकाय उदाहरणको लागि सूचना आयुक्त वा अम्बुड्स्म्यानको माध्यमबाट, प्रभावकारी एवं सक्षम पुनरावेदन निकायको व्यवस्था,
- व्यक्तिगत गोपनीयताको संरक्षणको आधारमा लगाईने बन्देजलाई सीमित गर्ने गरी परिभाषित गरिएको अवस्था जसले गर्दा सार्वजनिक हितको औचित्य पुष्टि नहुने सूचनालाई छुट्ट्याउन सकियोस्,

*प्रमाणीकरणको आधार*

- अन्तर्राष्ट्रिय मापदण्ड तथा व्यवहारअनुरूप अभिव्यक्ति स्वतन्त्रताको हकसम्बन्धी कानुन एवं नीति,
- अभिव्यक्ति स्वतन्त्रतासम्बन्धमा विश्वासिलो निकायद्वारा तयार गरिएको प्रतिवेदन,
- सार्वजनिक निकायद्वारा प्रदान गरिने सूचनासम्बन्धी नीति,
- पारदर्शी सरकारसम्बन्धमा राज्यको प्रतिवद्धताको प्रमाण, उदाहरणको लागि अदालतको निर्णय, संसदीय काम कारवाही, खर्चसम्बन्धी कार्यक्रमहरूको प्रकाशन तथा वितरण,
- आधिकारिक सूचना माग, सो माग पुरा भए वा नभएको बारे तथ्याङ्कगत जानकारी,
- सूचना मागसम्बन्धमा परेका पुनरावेदन वा उजुरी अस्वीकार गरिएको बारे तथ्याङ्कगत जानकारी,

**१.३. सम्पदकीय स्वतन्त्रता कानुनमा सुनिश्चित र व्यवहारमा लागू गरिन्छन्**

- प्रसारण माध्यमहरूलाई सरकारको तर्फबाट कुनै विशेष प्रसारण गर्नका लागि प्रसारण समय छुट्ट्याउन वा प्रसारण गरिदिन आग्रह गरिनु हुँदैन (निर्वाचनको समयमा राजनीतिक प्रसारणसम्बन्धी प्रत्यक्ष वाध्यात्मक व्यवस्था बाहेक)
- प्रसारण माध्यम तथा प्रेसको सम्पादकीय विषयवस्तुमाथि सरकार, नियमनकारी निकाय वा व्यवसायिक स्वार्थले प्रभाव पार्नु वा प्रभाव पार्न खोज्नु हुँदैन
- कानुनले राज्यका निकायहरूलाई संकटकालको अवस्थामा पनि प्रसारण संस्थाहरू उपर नियन्त्रण राख्न वा जफत गर्नसक्ने छुट प्रदान गर्नु हुँदैन

*प्रमाणीकरणको आधार*

- अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सम्पादकीय स्वतन्त्रतासम्बन्धी कुनै कानुनी तथा नीतिगत व्यवस्था,

- सम्पादकीय निर्णय प्रक्रियामा राज्य वा निजी क्षेत्रका निकायहरूले हस्तक्षेप गरेको उदाहारण,
- सम्पादकीय स्वतन्त्रतासम्बन्धमा विश्वासिलो निकायद्वारा तयार पारिएको प्रतिवेदन,

**१.४. श्रोतको संरक्षण गर्ने पत्रकारको अधिकार कानुनमा सुनिश्चित र व्यवहारमा लागू गरिन्छन्**

◆ मुद्दा चलाईने तथा हैरानीदिने (harassment) जस्ता कुनै भय बिना पत्रकारले आफ्नो श्रोतको संरक्षण गर्न सक्दछन्,

*प्रमाणीकरणको आधार*

- पत्रकारलाई श्रोत खुलाउन बाध्य पारिएको घटनाको अभिलेख,
- अन्तर्राष्ट्रिय मापदण्डअनुरूप श्रोतको गोपनीयतासम्बन्धी कुनै कानुनी व्यवस्था,
- श्रोतको संरक्षणको अधिकार रक्षाको निमित्त सक्रिय मिडिया संगठन तथा व्यवसायिक संघ संगठनहरूको अवस्थिति,

**१.५. मिडियासम्बन्धी सार्वजनिक नीति निर्धारणमा सार्वजनिक एवं नागरिक समाज संगठनहरूको सहभागिता रहन्छ**

◆ राज्यले मिडियामार्फत सरकारी बाहेकका अन्य गैर सरकारी निकायहरूले पनि विधायन तथा सार्वजनिक नीतिका बारेमा छलफल गर्नसक्ने उचित वातावरण तयार गर्नुपर्छ,

*प्रमाणीकरणका आधार*

- मिडियासम्बन्धी कानुन तथा नीति निर्माणको लागि नागरिक समाजसँग मिलेर काम गर्ने सरकारको प्रतिवद्धताको प्रमाण (जस्तै सभा, सेमिनार, सार्वजनिक बहस, प्रसारण तथा छापा माध्यमबाट आधिकारिक निकायहरूको छलफलमा सहभागिता)।

**तथ्याङ्क श्रोत**

मानव तथा जन अधिकारसम्बन्धी अफ्रिकी आयोग, अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी विशेष समाधिक्षक
www.achpr.org/english/_info/index_free_exp_en.html

आर्टिकल १९,हवाई तरगंमा पहुँचः अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी सिद्धान्तहरू र प्रसारण नियमन, मार्च २००२:
www.article19.org/pdfs/standards/accessairwaves.pdf

सूचनाको श्रोत खुलाउनु नपर्ने पत्रकारहूको अधिकारसम्बन्धी युरोपेली परिषदको सुझाव(२०००)७:
www.humanrights.coe.int/media/index.htm

फ्रिडम इन्फो डट ओआरजी-अनलाईन नेटवर्क अफ फ्रिडम अफ इन्फर्मेसन एड्भोकेट्स : विश्वव्यापी सूचनाको अधिकार २००६: सरकारी अभिलेखीकृत कानुनमा पहुँचसम्बन्धी विश्वव्यापी सर्वेक्षण :
www.freedominfo.org/documents/ global_survey2006.pdf

श्रोतको संरक्षणसम्बन्धमा अन्तर्राष्ट्रिय पत्रकार महासंघको अभियानः
www.ifj-europe.org/ default.asp¿Issue=EFJsources&Language=EN

पत्रकारहरूको अन्तर्राष्ट्रिय सञ्जाल - विश्वव्यापी मिडिया कानुन सर्वेक्षणः
www.ijnet.org/Director.aspx¿P=MediaLaws

पत्रकारहरूको अन्तर्राष्ट्रिय सञ्जाल - मिडियासम्बन्धी संवैधानिक व्यवस्थाको अन्तर्राष्ट्रियसूचीः
www.ijnet.org/Director.aspx¿P=MediaLaws&cat=2

मिडिया दिगोपना सूचकाङ्क www.irex.org/msi

अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अमेरिकी राष्ट्रहरूको संगठनका विशेष समाधिक्षकः
www.cidh.org/Relatoria/ index.asp¿IID=1

मिडिया स्वतन्त्रता सुरक्षा र सहयोगसम्बन्धी युरोपेली संगठनका प्रतिनिधि : www.osce.org/fom

युएनडीपी, सूचनाको हक -व्यवहारिक मार्गनिर्देशिका पुस्तिका २००४, एन्ड्रयु पड्डेफट :
www.undp.org/ oslocentre/docs04/Right%20to%20Information.pdf

युनेस्को,सूचनाको स्वतन्त्रताः तुलनात्मक कानुनी सर्वेक्षण, टोवी मण्डेल, २००३ :
www.article19.org/ docimages/1707.pdf

विचार तथा अभिव्यक्ति स्वतन्त्रता प्रवर्द्धन तथा संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष समाधिक्षकः
www.ohchr.org/english/issues/opinion/index.htm

विश्व प्रेस स्वतन्त्रता समिति : www.wpfc.org

सन्धि सम्झौताको परिपालनाको उत्कृष्ट श्रोतहरूकासम्बन्धमा अन्तर्राष्ट्रिय संगठनहरूकावेवसाईटहरू, संयुक्त राष्ट्रसंघ तथा सम्बद्ध क्षेत्रीय निकायहरू । यी साईटहरूले सन्धिले स्थापना गरेका निकायहरूले तयार पारेकासन्धिको कार्यान्वयनसम्बन्धी टिप्पणीसहित प्रत्येक देशले सन्धिमा हस्ताक्षर गरेको, अनुमोदन गरेको तथा उनीहरूको कुनै असहमति वा फरक मत दर्ता गरेको भए सोसमेत समेटिएका विस्तृत जानकारी प्रदान गर्दछन् ।

यसका अतिरिक्त अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी देश विशेषका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्घ संगठनका प्रतिवेदकले दिएका प्रतिवेदनहरू ।

अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकसम्बन्धी मुख्य मुख्य अन्तर्राष्ट्रिय दस्तावेजहरूः

मानव तथा जनअधिकारसम्बन्धी अफ्रिकी घोषणा पत्रको धारा ९ :
www.achpr.org/english/_info/charter_en.html

मानव अधिकारसम्बन्धी अमेरिकी महासन्धिको धारा १३ः
www.oas.org/juridico/english/Treaties/b-32.htm

मौलिक स्वतन्त्रता तथा मानव अधिकारको संरक्षणसम्बन्धी युरोपेली महासन्धि :
http://conventions.coe.int/ treaty/Commun/QueVoulezVous.asp¿CL=ENG&NT=005

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा १९ः
www.unhchr.ch/html/menu3/b/a_ccpr.htm

मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा १९ : www.un.org/Overview/rights.html

राष्ट्रिय कानुन एवं संवैधानिक प्रत्याभूतिका बारेमा जानकारीको लागि राष्ट्रिय पुस्तकालयहरू, कानुन आयोगहरू, संसदको आधिकारिक अभिलेख तथा सरकारी अभिलेखमा बुझ्न सकिन्छ ।

## ख. प्रसारण माध्यमको नियमनकारी व्यवस्था

### सन्दर्भ तथा मुख्य विषयवस्तु

अनुमति पत्र प्रदान गर्ने तथा सार्वजनिक गुनासो सुन्ने लगायत प्रसारण तथा दुरसञ्चारसम्बन्धी नियमनको अधिकार प्रयोग गर्ने सार्वजनिक निकायहरूलाई लागू हुने थप्रै मार्गनिर्देशक सिद्धान्तहरू छन् । यी सिद्धान्तहरू युनेस्कोको साधारण सभा तथा अन्तरसरकारी निकाय एवं पेशागत संगठनहरूले पारित गरेकालगायत पाँचवटा युनेस्को घोषणा पत्रहरूमा समेटिएको छ । (आर्टिकल १९ को हवाई तरगंमापहुँचले यस सम्बन्धमा अत्यन्तै राम्रो ढङ्गले साराँश प्रस्तुत गरेको छ) ।

नियमनकारी व्यवस्था सार्वजनिक हितका निमित्त गरिन्छ । नियमनकारी निकायहरू कुनै पनि राजनीतिक तथा व्यापारिक प्रभावबाट स्वतन्त्र र मुक्त हुनुपर्छ, र यसका पदाधिकारीहरूको छनौट पारदर्शी र प्रजातान्त्रिक प्रक्रियाबाट हुनुपर्दछ । उनीहरूको अधिकार तथा कर्तव्यहरू कानुनद्वारा निर्दिष्ट भएबमोजिम हुनुपर्छ साथै त्यसले अभिव्यक्ति स्वतन्त्रता, विविधता, निष्पक्षता र निर्वाध सूचना प्रवाहको प्रवर्द्धन गर्नु पर्दछ । आफ्नो भूमिका निर्वाह गर्नका लागि नियमनकारी निकायलाई आवश्यक श्रोत साधनको व्यवस्था हुनुपर्छ । त्यस्तो निकाय सामान्यतया संसदको माध्यमबाट जनताप्रति उत्तरदायी हुनुपर्छ ।

नियमनकारी निकायले आफ्नो अधिकार तथा कर्तव्य निर्वाह, जस्तै सार्वजनिक हितको रक्षाको लागि समानुपातिक कार्य गरेको स्पष्ट देखिनु पर्छ ।

### प्रमुख सूचकहरू

**१.६. नियमनकारी निकायको स्वतन्त्रता कानुनमा सुनिश्चित र व्यवहारमा लागू गरिन्छ**

- ◆ राजनीति तथा व्यापारिक हस्तक्षेपबाट स्वायत्तता एवं स्वतन्त्रताको स्पष्ट कानुनी प्रत्याभूति,
- ◆ नियमनकारी निकायको स्वतन्त्रताको कानुनी प्रत्याभूति,
- ◆ नियमनकर्ताको अधिकार तथा जिम्मेवारीबारे कानुनी व्यवस्था,
- ◆ राजनीतिक तथा व्यापारिक हस्तक्षेपको जोखिम कम गर्नका निमित्त तयार गरिएको पारदर्शी एवं प्रजातान्त्रिक पद्धतिबाट नियमनकारी निकायका पदाधिकारीहरूको चयन (जस्तै अयोग्यता र योग्यतासम्बन्धी नियमको व्यवस्था)
- ◆ वजेटको माध्यमबाट दवाब दिईने किसिमको अवस्थाबाट बचाउन तथा स्वतन्त्रताको संरक्षण गर्न नियमनकर्ताको लागि पर्याप्त र नियमित रकमबारे कानुनी सुनिश्चितता,

*प्रमाणीकरणको आधार,*

- नियमनकारी निकायको भूमिका, सदस्यता तथा वजेटसम्बन्धी कानुन,
- नियमनकर्ताको स्वतन्त्रताको सम्बन्धी संबैधानिक प्रत्याभूति,
- नियमनकारी निकायको प्रभावकारी संस्थागत स्वायत्ततासम्बन्धमा विश्वसनीय निकायले तयार गरेको प्रतिवेदन,

**१.७. नियमनकारी व्यवस्थाले मिडियामा बहुलवाद र अभिव्यक्ति स्वतन्त्रता एवं सूचनाको हक सुनिश्चित गर्दछ**

- ◆ आधिकारिक रूपमा जनताप्रति उत्तरदायी नियमनकारी निकाय,
- ◆ नियमनकर्तासँग प्रसारण क्षेत्र स्वच्छ, बहुलवादी तथा सक्षम तरिकाबाट चलिरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने अधिकार निहित छ र यस्तो निकाय स्वच्छता, अभिव्यक्ति स्वतन्त्रता, विचार तथा स्वामित्व, सार्वजनिक हितका कायक्रम तर्जुमा गर्न तथा प्रसारण माध्यममा आम जनसाधारणको पहुँच वृद्धिको लागि कानुनतः अधिकार सम्पन्न हुन्छन्

*प्रमाणीकरणको आधार*

- कुनै पनि सम्बद्ध कानुनबमोजिम नियमनकर्ताले मिडियामा बहुलवाद, अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकको संरक्षणको प्रवर्द्धन गर्नुपर्छ
- नियमनकर्ताले उल्लिखित लक्ष हासिल गरिरहेको छ भन्नेसम्बन्धमा कुनै विश्वासिलो निकायले तयार गरेको प्रतिवेदन,
- स्वतन्त्र र बहुलवादी मिडियाको सुनिश्चताका लागि नियमनकारी निकायले गरेको हस्तक्षेपको उदाहरण,

**तथ्याङ्क श्रोत**

आर्टिकल १९, हवाई तरगंमा पहुँचः अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी सिद्धान्तहरू र प्रसारण नियमन, मार्च २००२:
www.article19.org/pdfs/standards/accessairwaves.pdf

आर्टिकल १९, प्रसारण बहुलवाद र विविधताः अफ्रिकी नियमनकर्ताहरूको लागि तालिम निर्देशिका, २००६:
www.article19.org/pdfs/tools/broadcasting-manual.pdf

नियमनकारी निकायहरूको युरोपेली मञ्च (ईपीआरए):
www.article19.org/pdfs/tools/broadcasting-manual.pdf

ईपीआरए, विश्वव्यापी प्रसारण नियमनकारी निकायहरूका लागि निर्देशिकाः
www.epra.org/content/english/authorities/ regulation.html

युनेस्को तथा राष्ट्रमण्डल प्रसारण संस्थाः प्रसारण माध्यम नियमन निर्देशिका, एभ सलोमन, २००६:
http://portal.unesco.org/ci/en/ev.php-URL_ID=21345&URL_DO=DO_TOPIC&URL_SECTION=201.html

## ग. गाली बेइज्जतीसम्बन्धी कानुन तथा पत्रकारहरुकालागि अन्य कानुनी बन्देजहरु

### सन्दर्भ तथा मुख्य विषयवस्तु

गाली बेइज्जती तथा अन्य बन्देजसम्बन्धी कानुनहरू देशै पिच्छे फरक-फरक हुन्छन् । केही देशहरूमा खास प्रकारका गाली बेइज्जती कानुन रहेका छन् । प्रायशः गाली बेइज्जतीसम्बन्धी विषयहरूलाई समेटिएका व्यवस्था देवानी तथा फौजदारी कानुनका सामान्य प्रावधानहरू अन्तर्गत नै समेटिएका हुन्छन्। मिडियाका अस्वस्थ, गलत तथा हानीकारक समाचारहरूको विषय खासगरी सामान्य नागरिकहरूको मर्यादा र व्यवहारलाई असर पुऱ्याउने समाचारहरूबारे निर्णय गर्ने उपयुक्त निकाय देवानी अदालत नै हो ।

गाली बेइज्जतीसम्बन्धी कानुन गलत तथ्यका आधारमा लगाईने आरोपका कारण व्यक्तिको मर्यादामा पर्न जाने चोटबाट बचाउनको निमित्त बनाईन्छ । तर आर्टिकल १९ को एविसि जानकारी (ABC Notes) अनुसार धेरैजसो देशहरूमा गाली बेइज्जतीसम्बन्धी कानुनले 'अनावश्यक र अनौचित्यपूर्ण तरिकाले व्यापकरूपमा अभिव्यक्ति स्वतन्त्रताको हक उपर बन्देज लगाईरहेका' छन्। आर्टिकल १९ का अनुसार गाली बेइज्जतीसम्बन्धी कानुनको परिभाषा धेरै नै फराकिलो भएको र कानुनी प्रतिरक्षा गर्न असफल भएको, प्रतिरक्षा गर्न प्रतिषेधात्मकरूपमा धेरै नै महगों अर्थात त्यस्ता कानुनको उल्लङ्घनमा असाध्यै कडा दण्डको व्यवस्था जस्तै फौजदारी सजाँय एवं कडा जरीवानाको व्यवस्था गरिएका हुन्छन् ।

कडा एवं कमजोररूपमा परिभाषित कानुनले नागरिकहरूलाई आफ्नो विचार अभिव्यक्त गर्नबाट रोक्न सक्छ र यसले मिडियालाई स्वनियन्त्रण (Self-Censorship) तर्फ उन्मुख गराउन सक्छ। राष्ट्रसङ्घीय प्रतिवेदककहरूले फौजदारी गाली बेइज्जतीसम्बन्धी कानुनलाई अनावश्यक भनेका छन् किनभने व्यक्तिको मर्यादा रक्षाको निमित्त देवानी प्रावधानहरूनै पर्याप्त छन् ।

गाली बेइज्जतीसम्बन्धी कानुनले सार्वजनिक वहश एवं सार्वजनिक निकाय वा राज्य प्रमुखको आलोचना गर्नमा बन्देज लगाउन सक्छ। केही देशहरूमा शक्तिशाली सामाजिक संरचनाहरू उदाहरहणका लागि झण्डा वा अन्य राष्ट्रिय चिन्हलाई गाली गलौज गरेकोमा अन्य मुद्दाहरूमा भन्दा कडा सजाँय गरिन्छ अर्थात यी निकायहरूले सार्वजनिक चासोको विषय बनाएर यसलाई मुद्दा दायर गर्ने चरम माध्यमको रूपमा प्रयोग गर्न सक्छन् ।

मिडियासम्बन्धी अनावश्यक अन्य कानुनी वन्देजहरूमा पत्रकार बन्न चाहनेलाई हतोत्साही गर्ने, मान्यता दिन, दर्ता गर्न वा अनुमतिका कुरामा समस्या सिर्जना गर्नेजस्ता कुराहरू पर्दछन् ।

यस अतिरिक्त, कानुनले मिडियाका गतिविधीहरूलाई नियन्त्रण गर्नका लागि अधिकारीहरू (मन्त्री) लाई धेरै स्वविवेकीय अधिकार खासगरी मनोगत आधारमा जस्तै सार्वजनिक सुरक्षा,सदाचार, धार्मिक घृणा, कार्यालयको गोपनीयता, होच्याउने कार्य गरेको वा विद्रोहको आधारमा परिभाषित

गर्ने तथा सोअनुरूप काम गर्ने छुट दिएको हुन्छ । निश्चय पनि यस्ता कुराहरू कहिलेकाँही भुलवस गाली बेइज्जती कानुनमा परेका हुनसक्छन्, तर यसले अन्योल ल्याउने तथा सार्वजनिक अधिकारीहरूले दुरूपयोग गर्न सक्ने अवस्थालाई निम्त्याउँदछ । पछिल्ला दिनहरूमा सार्वजनिक सुरक्षाको चासोका कुराहरू मुख्यरूपमा उठिरहेका छन् र अभिव्यक्ति स्वतन्त्रता एवं मिडियाको स्वतन्त्रतामाथि अनावश्यक बन्देज थोपरिरहेका छन् । धार्मिक घृणायुक्त अभिव्यक्ति तथा धार्मिक सम्बेदनशीलताको संरक्षणको निमित्त लगाईने बन्देजहरू जस्ता विवादास्पद विषयहरूसमेत बढी रहेका छन् ।

समग्रमा, मिडियामाथिका कुनै पनि कानुनी बन्देजहरूलोकतान्त्रिक समाजको आवश्यकताअनुरूप अदालतले मान्यता दिने खालका हुनुपर्छ । त्यस्ता विषयहरू सार्वजनिक हितको निमित्त नभई नहुने कुराको रूपमा, सार्वजनिक हितकै लक्ष पुरा हुने गरी सम्भव भएसम्म कम भन्दा कम विषयलाई समेटेर परिभाषित गरिएको, अभिव्यक्ति स्वतन्त्रतामा सकेसम्म कम असर पर्ने गरी र क्षेत्राधिकार र सजाँयको दृष्टिले समानुपातिक हुनुपर्छ । यी निर्देशक सिद्धान्तहरूले घृणायोग्य अभिव्यक्ति तथा व्यक्तिगत गोपनीयताको संरक्षणका लागि मिडियाउपर औचित्यपूर्ण वन्देजलाई स्वीकार गर्दछ ।

**प्रमुख सूचकहरू**

**१.८. राज्यले मिडियामा बन्देज लगाउने अनावश्यक कानुनहरू तर्जुमा गर्नु हुँदैन**

- कसले पत्रकारिता गर्न हुन्छ वा हुँदैन भन्ने कुरा वा अनुमति पत्र आवश्यक पर्ने वा पत्रकारहरूको दर्ता गर्नुपर्नेजस्ता वाध्यात्मक कानुनी व्यवस्था हुनु हुँदैन
- आधिकारिक काम र निकायलाई समेट्ने, मान्यता दिनेजस्ता काम कारवाही निष्पक्ष र पारदर्शी तरिकाले लागू हुनु पर्छ,

*प्रमाणीकरणको आधार*

- पत्रकारिता पेशमा प्रवेश गर्नेसम्बन्धी दर्ता तथा अनुमति लिनेजस्ता कार्य एवं अन्य अवरोधहरूको अवस्था,
- मान्यतासम्बन्धी कार्यसँग सम्बन्धित नियम तथा सो को पारदर्शिता,
- गाली बेइज्जतीलाई फौजदारी नभई देवानी विषयको रूपमा स्वीकार गर्ने कानुनी व्यवस्था

**१.९. गाली वेइज्जतीसम्बन्धी कानुनले व्यक्तिको मर्यादा रक्षा गर्न आवश्यक पर्ने सीमित बन्देजहरू मात्र लगाउनेछ**

- गाली वेइज्जती कानुनले सार्वजनिक अधिकारी तथा निकायहरूको आचरणसम्बन्धी वहशमा बन्देज लगाउनु हुँदैन
- गाली बेइज्जती कानुनले कानुनी प्रतिरक्षाको लागि पर्याप्त स्थान दिनु पर्छ, जस्तै विवादित अभिव्यक्ति तथ्यगत तोडमोड नभई विचार हो, विवादित तथ्यको प्रकाशन तथा प्रसारण तर्कसंगत थियो र त्यो सार्वजनिक हितमा थियो, अथवा त्यो कार्य प्रत्यक्ष प्रसारण वा अदालत वा निर्वाचित निकायको सामुन्ने भएको हो आदि,
- गाली बेइज्जती कानुनले उपचारको व्यवस्था गर्नुपर्छ, जसले गाली बेईज्जतीयोग्य भनाईको प्रकाशन तथा प्रसारणउपर उचित उपचारको अनुमति प्रदान गर्दछ,
- विधायिका, कार्यपालिका तथा न्यायपालिका कुनै पनि सार्वजनिक निकायले गाली बेइज्जती मुद्दा दायर गर्नु हुँदैन,
- सार्वजनिक अधिकारीहरूको आचरण तथा सार्वजनिक हितको अन्य विषयमा प्रमाणको भार वादीमा निहित हुनुपर्छ,
- तर्कसंगत हदम्याद वा समय सीमा तोकिनु पर्दछ जसले गर्दा गाली बेईज्जतीको आरोपमा वादीले लामो समय पछिसम्म पनि मुद्दा दायर गर्न सक्ने अवस्था नआओस् ।

**१.१०. राष्ट्रिय सुरक्षा, घृणायुक्त अभिव्यक्ति, गोपनीयता, अदालतको अवहेलनासम्बन्धी कानुन तथा अश्लीलताजस्ता कुराहरूका आधारमा अभिव्यक्ति स्वतन्त्रताउपर लागाईने बन्देजहरू स्पष्टरूपमा र सीमित मात्रामा प्रजातान्त्रिक समाजका लागि आवश्यक र अन्तर्राष्ट्रियकानुनबमोजिम हुनु पर्दछ**

- राष्ट्रिय सुरक्षा तथा अन्य बन्देजकारी कानुनले सार्वजनिक चासोको विषयहरूमा हुने छलफलमा रोक लगाउनु हुँदैन,
- कुनै पनि बन्देजहरूकार्यपालिकाको स्वविवेकमा छोड्नेभन्दा कानुनद्वारा स्पष्ट परिभाषित हुनुपर्छ, र त्यस्ता कानुनहरू आवश्यकताअनुरुप सार्वजनिक हितको निमित्त हुनु पर्दछ ।

*प्रमाणीकरणको आधार*

- गाली बेइज्जतीसम्बन्धी कुनै पनि कानुन अन्तर्राष्ट्रियस्तरमा प्रचलित व्यवहारअनुरूप हुनुपर्छ,
- सम्बद्ध गाली बेइज्जती कानुनकाबारेमा पत्रकारिता पेशा भित्र, पेशागत क्षेत्रमा, नागरिक समाजकाबीच बृहद तरिकाले स्पष्टरूपमा छलफल गर्न सक्ने हुनुपर्छ,
- कुनै कानुनी सजाँयको डर बिना मिडियाले सार्वजनिक पदाधिकारी तथा निकायहरूकाबारेमा आलोचना गर्न पाउने अवस्था,
- गाली बेइज्जतीसम्बन्धी कानुनी कार्यवाही,
- राष्ट्रिय सुरक्षा, घृणायुक्त अभिव्यक्ति आदिका कारण अभिव्यक्ति स्वतन्त्रतामाथि बन्देज लगाउने सम्बद्ध कुनै कानुन,
- वन्देजकारी कानुनको फितलो कार्यान्वयन भएको देखिने कुनै मुद्दा ।

**तथ्याङ्क श्रोत**

आर्टिकल १९, गाली बेइज्जतीसम्बन्धी एविसि गाली बेइज्जती कानुनको मुख्य अवधारणासम्बन्धी सामान्य जानकारी : www.article19.org/pdfs/ tools/defamation-abc.pdf

आर्टिकल १९, देशीय प्रतिवेदन लगायत गाली बेइज्जतीसम्बन्धी अन्य सामग्रीहरू: www.article19.org/publications/ global-issues/defamation.html

युरोपेली परिषद, गाली बेइज्जती गाईड :
http://i-policy.typepad.com/informationpolicy/2006/03/council_of_euro.html

अन्तर-अमेरिकी प्रेस संगठन, प्रेस कानुन तथ्याङ्क संग्रहः
www.sipiapa.org/projects/chapul-presslaws.cfm

अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ, गाली वेईज्जतीसम्बन्धी श्रोत तथा सम्पर्कहरू:
www.ifj-asia.org/page/ resources.html

इन्टरन्याशनल फ्रिडम अफ एक्स्चेन्ज, फौजदारी गाली बेइज्जती तथा हेयविरूद्ध अभियानः
http://campaigns.ifex.org/def/index.html

पत्रकारहरूको अन्तर्राष्ट्रिय सञ्जाल, विश्वव्यापी मिडिया कानुन सर्वेक्षणः
www.ijnet.org/Director.aspx?P=MediaLaws

दक्षिणी अफ्रिका मिडिया इन्स्टिच्युट र युनेस्को, २००४, नाजायज बन्देजः एसएडिसी क्षेत्रमा मिडिया स्वतन्त्रता उपर कानुनले पारिरहेको प्रभावः www.misa.org/documents/undue.pdf

## घ. सेन्सरसिप सन्दर्भ तथा मुख्य विषयवस्तु

अन्तर्राष्ट्रिय कानुनले केही विशेष परिस्थितीहरू जस्तै राष्ट्रिय हित रक्षामा असर पर्ने केही महत्वपूर्ण एवं विशेष अवस्थामा मात्र पूर्व सेन्सरसिपको अनुमति प्रदान गर्दछ । अभिव्यक्ति स्वतन्त्रता उपर लगाईने कुनै पनि बन्देज औचत्यपूर्ण राष्ट्रिय हित रक्षाको लागिमात्र सम्भव भएसम्म कम प्रयोग गर्नु पर्छ, त्यस्तो बन्देज सकेसम्म कम हुनु पर्छ र त्यस प्रकारको हितको रक्षाको लागि मात्र हुनु पर्छ । केही देशहरूले अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर एवं अनुमोदन गरेका छन् तर पनि उनीहरूको आफ्नै संविधान तथा कानुन विपरित गएर पूर्व सेन्सरसिपलाई निरन्तर प्रयोग गरिरहेका छन् ।

समाचार एउटा उपयोगी वस्तु भएकोले समाचार माध्यमबाट सो को विषयवस्तु सार्वजनिक हुनमा केही समय मात्र ढिलाई हुन गयो भने त्यसले अभिव्यक्ति स्वतन्त्रतामा गम्भीर आघात पुर्‍याउँदछ ।

सार्वजनिक सदाचार, नैतिकता वा सुरक्षा अथवा वैदेशिक सम्बन्धमा आघात पार्न सक्ने भन्ने आधारमा प्रकाशन उपर बन्देज लगाउन सक्ने जस्ता व्यापक र अस्पष्ट रूपमा परिभाषित प्रावधानहरू राखिएको अवस्थामा विशेषगरी कानुन आफैं स्वतन्त्र अभिव्यक्तिका लागि वाधक हुन जान्छ । ठुलो प्रकृतीको सजाँय जस्तै धेरै जरिवाना गर्ने वा मिडिया बन्द गर्ने वा बन्द गर्ने धम्की दिने खालका कुराहरूले स्व-सेन्सरसिपको वातावरणलाई बढावा दिन्छ । तर यसको विपरित स्वनियमनसम्बन्धी प्रभावकारी व्यवस्थाले राज्यको हस्तक्षेप गर्ने चाहनालाई अनावश्यक सिद्ध गरिदिन्छ (मिडिया स्वनियमनको लागि हेर्नुहोस खण्ड ३ (ग))।

स्वतन्त्र सूचना प्रवाहलाई सेन्सर गर्न राज्यको लागि इन्टरनेट एउटा नयाँ क्षेत्र हो तर नागरिक समाज संगठन तथा मिडिया संगठनहरूले नै सार्वजनिक हितको रक्षाका लागि आफ्नो प्रयास गरिरहेका छन् । सोलाई व्यवस्थित गर्ने लगायतका निर्देशक सिद्धान्तहरू त्यसका प्रयोगकर्ताहरूकै नियन्त्रणमा हुनुपर्छ, व्यवसायिक सेवा प्रदायक वा सरकारमा हुनु हुँदैन ।

## प्रमुख सूचकहरू

### १.११.कानुन तथा व्यवहारतः दुवै हिसावले मिडिया पूर्व सेन्सरसीप लगाईनु पर्ने विषय होईन

- प्रसारण तथा छापाका विषयवस्तुहरू सरकार तथा नियमनकारी निकाय कसैले पनि पूर्व सेन्सरसीप गर्नुपर्ने विषयहरू होईनन् ,
- नियमनकारी निकायले विषयवस्तुसँगसम्बन्धित नियमहरूको उल्लङ्घन भएमा सो सामग्री प्रकाशित वा प्रसारण भईसकेपछि मात्र सो वापत सजाँय गर्नु पर्छ,
- प्रसारण माध्यम तथा छापा प्रकाशनहरूले दर्ता हुनु तथा सार्वजनिक निकायबाट अनुमति लिईरहनु आवश्यक छैन,
- छपाई कागज, वितरण प्रणाली तथा मुद्रण गृहसँगको पहुँचउपर प्रत्यक्ष तथा अप्रत्यक्ष कुनै बन्देज हुनु हुँदैन ।

*प्रमाणीकरणको आधार*

- मिडियामा सेन्सरसीप लगाउने वा अनुमति दिनेसम्बन्धी कुनै नियम तथा संयन्त्र,
- मिडिया सेन्सरसीपबारे कुनै विश्वसनीय निकाय वा मिडियाको प्रतिवेदन,
- बलपूर्वक बन्द गरिएका पत्रपत्रिका, आवधिक प्रकाशन (Periodcals) वा प्रसारकहरू, प्रतिवन्धित पुस्तक तथा प्रकाशनको संख्या ।

### १.१२.राज्यले सम्बेदनशील वा हानीकारक भनी इन्टरनेटको विषयवस्तुलाई रोक्न खोज्ने तथा छान्ने कार्य गर्नु हुदैन

- सामग्री वा श्रोतको आधारमा राज्यले इन्टरनेटको विषयवस्तुमाथि रोक लगाउन वा सच्याउने काम गर्नु हुँदैन,
- सम्बेदनशील वा हानीकारक भनी इन्टरनेट हेर्ने तथा प्रकाशन गर्ने इन्टरनेट प्रयोगकर्ताहरूलाई सजाँयको भागीदार बनाईनु हुँदैन,
- इन्टरनेट सेवा प्रदायक, वेवसाईट, ब्लग तथा इन्टरनेट प्रसारकहरूलाई सार्वजनिक निकायमा दर्ता हुनुपर्ने वा त्यहाँबाट अनुमति लिनुपर्ने व्यवस्था हुनु हुँदैन,

*प्रमाणीकरणको आधार*

- सम्बेदनशील तथा हानीकारक इन्टरनेट प्रयोग गरेको वा प्रकाशन गरेको भन्ने आधारमा इन्टरनेट प्रयोगकर्तालाई सजाँय दिईएको कुनै विवादको अभिलेख,
- बलपुर्वक वेवसाइट बन्द गरिएको वा बन्द गर्न दवाव दिईएको कुनै विवादको अभिलेख
- राज्यद्वारा कुनै वेवसाइट बन्द गरिएको वा सच्चाईएका कुनै उदाहरण ।

## तथ्याङ्क श्रोत

एम्नेष्टी इन्टरनेशनल - सेन्सरसीपसम्बन्धी अभियानः http://irrepressible.info/

आर्टिकल १९- सेन्सरसीपसम्बन्धी श्रोत तथा सम्पर्कः
www.article19.org/publications/global-issues/ censorship.html

कमिटि टु प्रोटेक्ट जर्नालिस्टः www.cpj.org Freedom House: www.freedomhouse.org

फ्रिडम हाउसः www.freedomhouse.org

अभिव्यक्ति स्वतन्त्रता संस्था (दक्षिण अफ्रिका)-सेन्सरसीपविरूद्धको कार्यक्रमः
www.fxi.org.za/Main%20Pages/ anti_censorship.html

गस हुसेन, सूचना समाजमा राजनीतिः विश्वव्यापी तथ्याङ्क प्रवाहमा सीमा एवं बन्देजः
UNESCO 2005: http://portal.unesco.org/ci/en/ev.php-
URL_ID=17659&URL_DO=DO_TOPIC&URL_SECTION=201.html

ह्युमन राईट्स वाच- मिडियाको सेन्सरसीपसम्बन्धी सूचना लगायत देशीय प्रतिवेदनः
http://hrw.org/ Index on Censorship: www.indexonline.org

इन्टरन्याशनल फ्रिडम अफ एक्प्रेशन एक्स्चेन्जःइन्टरनेट सेन्सरसीपसम्बन्धी सूचना तथा गतिविधीहरूः
www.ifex.org/en/content/view/full/235/

इन्टरनेट फ्रि एक्सप्रेसन अलाईन्स- इन्टरनेट सेन्सरसीपसम्बन्धी सम्पर्क एवं श्रोतहरूःwww.ifea.net

इन्टरनेट गभर्नेन्स फोरम-सूचना समाजसम्बन्धी विश्व सम्मेलनलाई कार्यादेश दिनका लागि राष्ट्रसंघीय महासचि(वलाई सहयोगः www.intgovforum.org

इन्टरनेट गभर्नेन्स प्रोजेक्ट - इन्टरनेट शासन एवं नीतिसम्बन्धी प्राज्ञिक तथा पेशागत व्यक्तिहरूको अन्तर्राष्ट्रिय समूहः www.internetgovernance.org

जर्नालिज्म नेटः सेन्सरसीपसम्बन्धी समाचारः www.journalismnet.com/media/censorship.htm

लिवर्टस नेटः इन्टरनेट सेन्सरसीप कानुनसम्वन्धी अन्तर्राष्ट्रिय सम्पर्कः
http://libertus.net/censor/resources.html#Global

रिपोर्टर्स सान्स फ्रन्टिअर्सः www.rsf.org

# मिडियामा बहुलता र विविधता, प्रतिस्पर्धाका लागि समान आर्थिक अवस्था तथा स्वामित्वको पारदर्शिता

## प्रमुख सूचकहरू

### क. मिडियाको केन्द्रीकरण

२.१ बहुलवादी मिडिया स्थापित गर्न राज्यले सकारात्मक मापदण्ड विकास गर्ने

२.२ बहुलवादी मिडियालाई प्रोत्साहन गर्न राज्यले मापदण्ड अनुसारको कार्य गर्ने

### ख. निजी, सार्वजनिक तथा सामुदायिक मिडियाको विविध सम्मिश्रण

२.३ राज्यले निजी, सार्वजनिक तथा सामुदायिक मिडियाको विविध प्रकारको सम्मिश्रणलाई सक्रियरूपमा प्रोत्साहन गर्नुपर्छ

२.४ स्वतन्त्र तथा पारदर्शी नियमनकारी व्यवस्था

२.५ राज्य तथा नागरिक समाजले सामुदायिक मिडियाको विकासमा सक्रियता देखाउने छन्

### ग. अनुमति तथा स्पेक्ट्रम वितरण

२.६ राज्यको स्पेक्ट्रम वितरण गर्ने योजनाले अधिकतम सार्वजनिक हित सुनिश्चित गर्नुपर्दछ

२.७ राज्यको स्पेक्ट्रम वितरण गर्ने योजनाले विविधता, स्वामित्व तथा विषयवस्तुलाई प्रवर्द्धन गर्न सक्नु पर्दछ

२.८ स्वतन्त्र र पारदर्शी नियमनकारी व्यवस्था

### घ. कर तथा व्यवसायिक नियमन

२.९ राज्यले कुनै भेदभाव बिना कर तथा व्यवसायिक नियमनलाइ मिडियाको विकासमा प्रोत्साहन गर्न प्रयोग गर्नेछ

### ङ. विज्ञापन

२.१० राज्यले विज्ञापन नीतिमार्फत भेदभााव गर्नेछैन

२.११ मिडियामा विज्ञापनसम्बन्धी प्रभावकारी नियम

भाग

२

# मिडियामा बहुलता र विविधता, प्रतिस्पर्धाका लागि समान आर्थिक अवस्था तथा स्वामित्वको पारदर्शिता

## क. मिडियाको केन्द्रीकरण (Media Concentration)

### सन्दर्भ तथा मुख्य विषयवस्तु

स्वामित्वको अनुचित केन्द्रीकरणलाई धेरै तरिकाबाट रोक्न सकिन्छ । सरकारले कुनै पनि व्यक्ति वा परिवार, समूह वा कम्पनी वा संस्थाको एक वा सो भन्दा धेरै सञ्चार माध्यममा पार्नसक्ने प्रभावलाई सीमित तुल्याउन तथा मिडियामा अधिकतम विविधता सुनिश्चित गर्न आवश्यक नीति नियम तर्जुमा गर्न सक्नेछ ।

यस्ता नियमहरूले उद्देश्यात्मक परिधी भित्र बसेर एउटा आधार तयार पार्न सक्नेछ, जस्तो कि श्रोताको हिस्सा, वितरण, कारोवार/राजश्व, शेयर पूजिँको वितरण तथा मतदानको अधिकार आदि ।

यस अतिरिक्त, यस्ता नियमहरूले दुवै पक्षमा जस्तो समानान्तर (Horozontal) समायोजन (एकै प्रकृतीका शाखाका क्रियाकलापहरू आपसमा गाभिने) तथा तल-माथी (Vertical) समायोजन (कुनै समुह, व्यक्ति या कम्पनीले नियन्त्रण गर्ने उत्पादन तथा वितरण प्रक्रिया र सो सँग सम्वन्धित क्रियाकलापहरू जस्तो विज्ञापन जस्ता विषयहरूका आधारभूत तत्व) का बारेमा पनि ध्यान पुऱ्याउन सक्नेछ ।

यस्ता नियमहरूको वास्तविक स्वरूप यिनीहरूलागू हुने राष्ट्रिय, अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय मिडियाको बजार विकासको आकार तथा तहमा भर पर्ने गर्दछ ।

सम्वन्धित कानुनहरूको अभाव भएको अवस्थामा ऐन नियमको मस्यौदा हुन लागेको हो कि होइन भन्ने कुरा पत्ता लगाउनु पर्दछ । त्यसैगरी उक्त मस्यौदा लागू हुने परिस्थिति र मस्यौदा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम छ कि छैन सो बारेमा समेत थाहा पाउनु पर्दछ ।

अझ भन्ने हो भने यस्ता नियमहरू बलिया हुनुपर्छ । यस्ता कानुनको कार्यान्वयन गर्ने अधिकारीहरूलाई आफ्नो भूमिका निर्वाह गर्न यथेष्ट अधिकार दिईनु आवश्यक हुन्छ जसले गर्दा उनीहरू स्वतन्त्र र निर्भिकरूपमा कुनै पनि प्रकारको राजनैतिक दवावमा नपरी काम गर्न सक्छन् । खास गरेर यस्ता अधिकारीहरूलाई मिडियामा विविधता नभएको अवस्थामा वा विविधतालाई स्वीकार नगरेको वा नगर्ने प्रवृत्ति भएको अवस्थामा सोका विरूद्धमा कार्य गर्न तथा आवश्यक परेको अवस्थामा सजाय गर्नसमेत सक्ने अधिकार दिईनु पर्दछ । त्यसैगरी यस्तो अधिकारको प्रयोग गर्दा सही तरिकाले भएको हो भन्ने कुराको यथेष्ठ आधार पनि स्थापित भएको हुनु पर्दछ ।

अन्तर्राष्ट्रिय तथा क्षेत्रीय तहमा भएका उदाहरणीय अभ्यासहरूले राष्ट्रिय तहमा पनि त्यस्ता अभ्यासहरूको अनुभव गर्नमा सहयोग पुऱ्याउँछ । यस सम्वन्धमा विशेष गरेर युरोपेली परिषदको सञ्चारमा बहुलता र विविधतासम्वन्धी सन् २००७ को सुझाव हेर्नुहोस् ।

मिडियाको खण्डीकरणसम्बन्धी (Anti-Concentration) नियम, कानुनको अस्तित्व तथा सो को कार्यान्वयन तथ्यगत अभिलेख हो । विषयवस्तुको विश्लेषणमा सम्पादकीय निर्णयले संख्यात्मक तथा गुणात्मक दुवै तत्वहरूको विद्यमानता स्थापित गर्दछ । उदाहरणका लागि कुनै रेडियोले कुनै राजनैतिक दललाई कति समय दिन्छ भनेर थाहा पाउन तथा कसले सो मिडियाको स्वामित्व लिएको छ भन्ने आधारमा कुनै सवालमा मिडिया पूर्वाग्रही छ वा छैन भन्ने थाहा पाउन सकिन्छ ।

### प्रमुख सूचकहरू

#### २.१ बुहलवादी मिडिया स्थापित गर्न राज्यले सकारात्मक मापदण्ड विकास गर्नेछ

- मिडियामा स्वामित्वको अनुचित केन्द्रीकरण नियन्त्रण गर्न तथा बहुलता प्रवर्द्धन गर्न प्रभावकारी नीतिगत व्यवस्था,
- बजारको प्रभूत्व नियन्त्रण गर्न प्रसारण माध्यम भित्र तथा प्रसारण माध्यमबीचका साथ साथै अन्य

मिडियाहरूको आपसी स्वामित्व (Cross Ownership) सम्बन्धी विषेश कानुनहरूको तर्जुमा,

- कानुनी व्यवस्थाले बजारमा साना तथा ठूला मिडियाबीचको फरक छुट्टयाउँछ,
- मिडिया कम्पनीहरूको स्वामित्व, लगानी, श्रोतको पारदर्शीता तथा खुलापनसम्बन्धी व्यवस्था,
- स्वामित्व एवं कार्यक्रमको विषयवस्तुमा विविधता ल्याउनको निमित्त छुट्टा छुट्टै प्रसारकहरूलाई निश्चित फ्रिक्वेन्सी वितरणसम्बन्धी अनुमतिको प्रक्रिया,
- अन्तर्राष्ट्रिय मापदण्डको परिपालना,
- एकाधिकारविरूद्धको कानुन प्रयोग गर्ने अधिकारीसँग पर्याप्त अधिकार हुनु पर्दछ जस्तो कि बहुलतालाई चुनौति दिने प्रकृतिका वा स्वीकार गर्न नसकिने हदसम्मको स्वामित्वको केन्द्रीकरणको अवस्था देखिएमा अनुमतिका लागि पेश गरिएका निवेदन अस्वीकार गर्ने तथा हाल भईरहेको त्यस प्रकारको मिडिया संचालनलाई छुट्टयाईदिन सक्ने अधिकार,
- सरकारले मिडिया केन्द्रीकरणका परिणामहरूको प्रभावकारी तवरले अनुगमन गर्ने ।

### २.२ बहुलवादी मिडियालाई प्रोत्साहन गर्न राज्यले मापदण्डको परिपालना गर्ने

- मिडिया स्वामित्वको अत्याधिक केन्द्रीकरणलाई नियन्त्रण गर्न नियमनकर्ताले एकाधिकारविरूद्धको कानुन प्रयोग गरी अनुमतिपत्रका लागि पेश भएका निवेदनहरू अस्वीकृत गर्ने वा विद्यमान मिडिया संचालनलाई विकेन्द्रीत गर्न वाध्य गर्ने,
- मिडिया वहुलावादलाई अभिप्ररित गर्न आवश्यक पर्ने मापदण्डहरू कार्यान्वयन गर्न तथा सो को प्रवर्द्धन गर्न नागरिक समाज समूह एवं नागरिकहरूले व्यापकरूपमा सहभागिता जनाउने,
- नियमनकर्ताले विभिन्न किसिमका व्यवसायिक तथा गैर व्यवसायिक संचालकहरूलाई मिडिया संचालन गर्न डिजिटल अनुमति पत्र वितरण गर्ने ।

*प्रमाणीकरणका आधारहरू*

- सञ्चार स्वामित्व निर्धारण नियमहरू तथा तीनका क्रियाकलाप एवं दायित्वहरूको विस्तृत विवरणसहित राष्टिय सञ्चार नियमन निकायको आधिकारिक धारणा तथा वेवसाईटहरू,
- सञ्चारमाध्यमको अनुचित केन्द्रकरणको रोकथामको निमित्त बनेका मापदण्डहरूको कार्यान्वयनका बारेमा विश्वसनीय निकायहरू (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायका अतिरिक्त गैसस, नागरिक समाज, टेड यूनियनहरू) ले तयार पारेका प्रतिवेदनहरू,
- मिडियाको सम्पादकीय विषयवस्तु देखि स्वामित्वसम्मका बारेमा विश्वसनीय निकायहरूका प्रतिवेदन (उदाहरणको लागि अन्तर्राष्ट्रिय पत्रकार महासङ्घको मिडिया गुणस्तर परियोजना)
- मिडिया केन्द्रीकरणका सवालमा राष्ट्रिय मिडियाहरूमा आएका समाचार (रिपोर्टिङ्ग),
- डिजिटल अनुमतिपत्र बाँडफाँडसम्बन्धी कानुनी व्यवस्था र सो को कार्यान्वयनको उदाहरण,
- डिजिटल प्रसारणसम्बन्धी नियमका बारेमा राष्ट्रिय सञ्चार नियमन निकायका आधिकारिक धारणा तथा वेवसाईटहरू,
- मिडियाको केन्द्रीकरण तथा स्वामित्वमा विवधता प्रवर्द्धन गर्न राज्यले तोकेका मापदण्डहरूका सम्वन्धमा नागरिक समाज संगठनहरूले तयार पारेका प्रतिवेदनहरू,
- गम्भीर परामर्शको माध्यमबाट नागरिक समाजसँगको सरकारी सहकार्यको उदाहारण ।

## स्रोत सामाग्रीहरू


आर्टिकल १९, मिडिया केन्द्रकरणलाई नियमन गर्ने देश विषेशको विश्लेषण (www.article19.org)

कोलम्विया जर्नालिज्म रिभ्यू, कस्ले के प्राप्त गर्दछ (Who Owns What: ) ठूला तथा मुख्य मिडिया कम्पनीसँग भएका विषयवस्तुका सम्वन्धमा अनलाईन निर्देशिका(www.cjr.org/tools/owners)

युरोपेली परिषद; मिडियामा बहुलवाद तथा विविधतासम्वन्धमा मन्त्रीस्तरीय समितिले सदस्य राष्ट्रहरूलाई दिएको सुझाव सिएम/आरइसि (२००७), (जनवरी ३१, सन् २००७ मा पारित) https://wcd.coe.int/ViewDoc.jsp¿id=1089699&BackColorInternet=9999CC&BackColorIntranet=FFBB55&BackColorLogged=FFAC75)

नियमनकारी निकायहरूको युरोपेली मञ्च (इपीआरए) www.epra.org/content/english/index2.html

इपिआरए- राष्ट्रिय नियमनकारी निकायहरूको वेव सम्पर्कसहितको अन्तर्राष्ट्रिय डाईरेक्ट्री www.epra.org/content/ english/authorities/regulation.html

अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ - मिडिया स्वामित्वको बढ्दो केन्द्रीकरणसम्बन्धमा मिडिया गुणस्तर परियोजना www.ifj.org/default.asp?Index=3901&Language=EN

अन्तराष्टिय पत्रकार महासङ्घ, युरोपमा मिडियाको शक्तिः स्वामित्वको वृहद तस्वीर (२००६): www.ifj.org/default.asp?Index=3671&Language=EN

अन्तराष्ट्रिय पत्रकार महासङ्घ, नियन्त्रण गर्ने को हो :विश्वव्यापी मिडिया -अअभिव्यक्ति स्वतन्त्रता उपर चूनौति सम्बन्धमा प्रारम्भीक गोलमेच छलफल, ले मिडियाको केन्द्रीकरणको सवालमा अभियान सञ्चालन गरिरहेका संस्था एवं सञ्जालहरूको सूचि समावेश गरेको छ । www.ifj.org/pdfs/whosincontrol.pdf

इन्टरन्याशनल फ्रिडम अफ एक्स्प्रेसन आदान प्रदान- इन्फरमेशन अन मिडिया कन्सन्ट्रेसन, www.ifex.org/en/content/ view/full/238/

मिडिया एण्ड सोसाईटी फाउन्डेशन, इन्फरमेशन अन मिडिया कन्सन्ट्रेसन्क www.ifex.org/en/content/

मिडिया एण्ड सोसाईटी फाउन्डेशन, प्रेसका लागि आवश्यक अन्तर्राष्ट्रिय मापदण्ड, गुणस्तर व्यवस्थापन प्रणाली (ISAS P 9001:2005: www.media-society.org/download/ISAS%20P%209001%20Standard%20English-French.pdf)

मिडिया एण्ड सोसाईटी फाउन्डेशन, रेडियो, टेलिभिजन प्रसारक तथा इन्टरनेट सामग्री उत्पादकका लागि आवश्यक अन्तर्राष्ट्रिय मापदण्ड, गुणस्तर व्यवस्थापन प्रणाली ISAS BC 9001:2003: www.mediasociety.org/download/ISAS%20BC%209001%20Standard%20English.pdf

मिडिया इन्टिच्युट फर साउदर्न अफ्रिका- प्रसारण विविधता एवं सूचना, सञ्चार तथा प्रविधिः www.misa.org/broadcasting.html

मिडिया दिगोपना सूचकाङ्कः www.irex.org/msi

मिडिया वाच ग्लोवलः www.mwglobal.org

ओपन सोसाइटी इन्स्टिच्युट-मिडिया कार्यक्रमः www.soros.org/initiatives/media

ओपन सोसाइटी इन्स्टिच्युट, युरोपभर टेलिभिजनः नियमन, नीति तथा स्वतन्त्रता(२००५): www.eumap.org/topics/media/television_europe

## सन्दर्भ तथा मुख्य विषयवस्तुरू

राज्यले अन्तर्राष्ट्रियस्तरमा नै नमूनायोग्य सरकारी, निजि तथा सामुदायिक प्रसारक एवं छापा माध्यमहरूबीच विविध सम्मिश्रणका निमित्त आवश्यक मापदण्ड सुनिश्चित गर्नुपर्छ । सामुदायिक मिडिया आफैंमा महत्वपुर्ण, स्वतन्त्र, समुदायकै स्वामित्व रहेको र उनीहरूद्वारा नै चलाईएको मिडिया हुनुपर्छ ।

केही मुलुकहरूमा समुदायिक प्रसारणसम्वन्धी न त कुनै विषेश मापदण्डहरू छन्, न त यस सम्वन्धमा कुनै कानुनी व्यवस्था नै गरिएको छ । यसै कारणले गर्दा मुनाफाको उदेश्य नभएका समुदायिक प्रसारकहरूलेसमेत निजी प्रसारकहरू सञ्चालित हुनुपर्ने कानुनी दायराभित्र बजारको अवस्था अनुरूप उनीहरूजस्तै गरी सञ्चालित हुनुपर्ने वाध्यता छ । अभ्र कतिपय देशहरूमा त कुनै कानुनी संरचना नभएको हुँदा उचित कानुनको अभावका कारण स्थापित सामुदायिक प्रसाारकहरूलाई उल्टै अनाधिकृत भनी कारबाही गर्ने अवस्थासमेत सिर्जित हुन्छन् ।

कतिपय अवस्थाहरूमा सामान्यत प्रसारणलाई नियमन गर्ने कुनै कानुन छैनन् वा भएका त्यस्ता कानुनहरूसमेत पुराना भईसकेका छन् । यस्तो अवस्थामा कसरी प्रसारण अनुमति वितरण गर्ने भन्ने कुरा प्रशासनिक वा नीतिगत निर्देशिकाका आधारमा गरिन्छन् ।

वीवीसि विश्व सेवा कोषको अफ्रिकी सञ्चार विकास योजना (२००६) ले कानुनी संरचनामा भएको विविधताको बारेमा चर्चा गरेको छ । १७ वटा देशहरूमा गरिएको सर्भेक्षणमा एउटा मात्र देश (दक्षिण अफ्रिका) मा सामुदायिक रेडियो तथा टेलिभिजनको स्वतन्त्र संचालनको लागि अनुमति प्रदान गर्ने कानुनी व्यवस्था भएको पाईयो । अर्को एउटा देश (प्रजातान्त्रिक गणतन्त्र कंगो) मा यस्तो प्रकारको कानुनको निर्माण गर्ने तयारी भईरहेको पाईयो । अन्य देशहरूमध्ये पाँच वटामा यस सम्वन्धमा कुनै पनि किसिमको कानुनी व्यवस्था नभएको पाईयो भने दशवटा देशहरूमा नगण्य मात्रामा सामुदायिक स्टेशनलाई मान्यता दिने नीति एवं कानुन क्रियाशील रहेको पाइयो । तर समुदायमा आधारित मिडियालाई अत्याधिक कम वा सहयोग नै नभएको अवस्था भेटियो ।

रेडियो तरङ्ग (Frequencies) प्रदान गर्ने सम्बन्धमा पनि देशैपिच्छे फरक फरक व्यवस्था छन् । अनुमति पत्र कुनै टेण्डर आव्हान गरेर निवेदकले निश्चित प्रक्रिया पुरा गरेको आधारमा दिइन पनि सकिन्छ । कुनै टेण्डरको माध्यमबाट निवेदकले निश्चित प्रक्रिया पूरा गरेको खासगरी निवेदकले आवश्यक मापदण्ड पुरा गरेको खण्डमा सोहीबमोजिम वा बढी बोलकबोल गर्नेलाई वा गोलाप्रथाको माध्यमबाट पनि वितरण गर्ने गरिन्छन् । तथापि बुहलवादी मिडिया विकासको लागि लिलाम बढाबढ तथा टेण्डरको माध्यम अनुपयुक्त हो, किनकि यसो गर्दा उच्च आर्थिक श्रोत भएले मात्र महत्व पाउँदछन् । यसरी आर्थिक पक्षलाई मात्र महत्व दिईने हुनाले सञ्चार माध्यममा बहुलता सिर्जना गर्न कठिनाई हुनसक्तछ ।

जहाँ सामुदायिक रेडियोहरूले कानुनी मान्यता प्राप्त गर्दछन् त्यहाँ राज्यले सामुदायिक प्रसारकहरू खास गरेर सिमान्तकृत वर्ग जस्तै महिला तथा अन्य अल्पसंख्यक समुदायको स्वामित्व रहेको सामुदायिक प्रसारकहरूलाई फ्रिक्वेन्सि वितरण गर्न सकिन्छ । सो को उपलव्धी विशेष लक्ष एवं कोटा निर्धारण गरेर हाँसिल गर्न सकिन्छ ।

सामुदायिक छापा मिडियाहरू स्वथ्य सञ्चार जगतको वातावरण निर्माण गर्न महत्वपूर्ण हुन्छन् । राज्य तथा नागरिक समाजले पनि सामुदायिक छापाखानाको विकासका लागि क्षमता अभिवृद्धि लगायतका विषयहरूमा सहयोग गर्न सक्तछन् भने राज्यका संयन्त्र तथा अन्य आर्थिक सङ्घ संस्थामार्फत अप्रत्यक्ष आर्थिक सहायता प्रदान गर्न सकिन्छ ( उदाहरणका लागि दक्षिण अफ्रिकी मिडिया विकास तथा विविधता नियोगको सहयोग- धधधझममबायचनाशब०। यसको ठीक विपरित नयाँ आउनेको लागि अनावश्यक निषेधकारी शुल्क, विज्ञापनमा लाग्ने सरकारी कर जस्ता कारणले सामुदायिक छापा मिडिया निरूत्साहित हुने सम्भावना बढी रहन्छ ।

समग्रमा सामुदायिक मिडिया खासगरी प्रसारणमाध्यमलाई उत्प्रेरित गर्न स्वच्छ एवं समानुपातिक स्पेक्ट्रम वितरणसम्बन्धी कानुनी, आर्थिक तथा प्रशासनिक मापदण्डहरूको माध्यमबाट नै सार्वजनिक, सामुदायिक तथा निजी मिडियाको विविध सम्मिश्रणको अवस्था सिर्जना गर्न सकिन्छ ।

सन्तुलित मिडिया वातावरणको निमित्त बनाईएका संस्थागत संचरनाहरू नै वास्तविक तथ्यगत अभिलेखहरू हुन् , इन्टरनेट वा नियमनकारी निकायहरूको वेभसाइटहरूमा राष्ट्रिय फ्रिक्वेन्सी सजिलैसँग भेटिनु पर्दछ ।

तथापि कसरी संस्थागत संरचना लागू हुन्छन् भन्ने कुरा निर्क्योल गर्न धेरै कठीन छ । परिभाषामा हुने समस्याले गर्दा मुल्याङ्कन तथा तथ्यगत अध्ययन गर्न असजिलो हुन्छ । उदाहरणका लागि कतिपय देशमा "सामुदायिक मिडिया" भनेर कहलिएका मिडिया नै सरकार वा अन्य व्यापारिक संस्थाको स्वार्थबाट स्थापित अथवा सञ्चालित भईरहेका हुन्छन् । मिडिया सर्भेक्षण गर्दा अनाअधिकृत सामुदायिक मिडियालाई छुटाईन्छ भलै ती राम्रै सामाजिक उद्देश्य पुरा गरिरहेकै किन नहुन् ।

**प्रमुख सूचकहरू**

**२.३ राज्यले निजी,सार्वजनिक तथा सामुदायिक मिडियाको विविध प्रकारको सम्मिश्रणलाई सक्रियरूपमा प्रोत्साहन गर्नुपर्छ**

- सूचनाको पहुँचमा राज्यले निजी, सार्वजनिक तथा सामुदायिक मिडियाबीच भेदभाव गर्नु हुँदैन,
- प्रसारण नियमले जव डिजिटल प्रसारणरणलाई पनि समेट्छ, सार्वजनिक सेवा प्रसारकहरूलाई स्वतः डिजिटल प्रसारणको अनुमति प्रदान गरिनुपर्छ,
- व्यवसाय दर्ता गर्दा लाग्ने तोकिएको शुल्क बाहेक राज्यले छापाको नयाँ माध्यमलाई स्थापना शुल्क वा अन्य बन्देजहरू लगाउनु हुँदैन

*प्रमाणीकरणका माध्यमहरू*

- सार्वजनिक, निजी तथा सामुदायिक प्रसारकलाई फ्रिक्वेन्सी वितरणसम्बन्धी कार्यविधि लगायतका कुराहरूसमेत समाहित गरिएको राष्ट्रिय सञ्चार नियमन निकायको आधिकारिक विवरण तथा वेवसाईटहरू (आवश्यकता अनुसार, जहाँ आवश्यक हुन्छ, सामुदायिक प्रसारकहरूको कोटा एवं लक्ष लगायतको व्यवस्थासमेत)
- रेडियो फ्रिक्वेन्सी, च्यानल तथा ब्याण्डवीथ वितरणसम्बन्धी प्रकाशित राष्ट्रिय योजना,
- छापा तथा प्रसारण दुवै किसिमका सामुदायिक मिडियालाई प्रोत्साहन गर्ने व्यवस्थासहित स्वच्छ सन्तुलित सञ्चार जगत निर्माणको निमित्त बनेका कानुनी तथा अन्य व्यवस्थाबारे विश्वसनीय निकायद्वारा तयार गरिएको प्रतिवेदन,
- उल्लिखितप्रावधानहरूको कार्यान्वयन भएको प्रमाण, उदाहरणको लागि अनुमतिपत्र कसरी प्रदान गरिन्छ ? राज्यको श्रोत साधन खर्चिएका जस्तै- विज्ञापन कसरी वितरण गरिएको छ ?सूचनाको हकलाई व्यवहारमा कसरी पालना गरिएको छ ?आदि ।

**२.४ स्वतन्त्र एवं पारदर्शी नियमनकारी व्यवस्था**

- नियमन पद्धतिले मिडिया बहुलताका लागि सामुदायिक प्रसारकलगायत सबै मिडियाहरूको फ्रिक्वेन्सी स्पेक्ट्रममा समान पहुँच सुनिश्चित गर्दछ,
- सार्वजनिक, निजी तथा सामुदायिक प्रसारकहरूबीच फ्रिक्वेन्सी वितरणमा खुल्ला एवं सहभागीमुलक निर्णय प्रक्रिया,
- सार्वजनिक, निजी तथा सामुदायिक प्रसारकहरूबीच फ्रिक्वेन्सी वितरण गर्ने कार्य कुनै राजनैतिक, व्यापारिक तथा अन्य कुनै किसिमको निहित स्वार्थबाट अभिप्रेरित नभएको निकायमार्फत गरिन्छ ।

*प्रमाणीकरणका आधार*

- रेडियो फ्रिक्वेन्सी, च्यानल तथा ब्याण्डवीथ वितरणसम्बन्धी प्रकाशित राष्ट्रिय योजना,
- सार्वजनिक, निजी तथा सामुदायिक प्रसारकलाई फ्रिक्वेन्सी वितरणसम्बन्धी कार्यविधिसमेत अन्य कुराहरू समेटिएको राष्ट्रिय सञ्चार नियमन निकायको आधिकारिक धारणा तथा वेवसाईटहरू (आवश्यकता अनुसार, जहाँ आवश्यक हुन्छ, सामुदायिक प्रसारकहरूको कोटा एवं लक्ष लगायतको व्यवस्था समेत)
- नियमनकारी निकायको कामको स्वतन्त्रता र पारदर्शीताकासम्बन्धमा विश्वसनीय निकायले तयार गरेको प्रतिवेदन ।

**२.५ राज्य तथा नागरिक समाजले सामुदायिक मिडियाको विकासमा सक्रियता देखाउने छन्**

- प्रसारण अनमति पत्रसम्बन्धी मुल्य संरचना सामुदायिक मिडियाको लागि वाधक हुनु हुदैन,
- सामुदायिक प्रसारकका लागि रेडियो फ्रिक्वेन्सी स्पेक्ट्रमतर्फको केही निश्चित कोटा तथा लक्षको आरक्षण,
- सामुदायिक मिडियालाई अनुमति प्रदान गर्न तथा

नवीकरण गर्नका लागि सार्वजनिक सुनुवाई जस्ता संयन्त्रको विकास,

- स्पेक्ट्रम वितरण गर्दा तथा केवुल तथा दुरसञ्चारको अनुमतिपत्र प्रदान गर्दा उठेको राजश्वको केही हिस्सा सामुदायिक मिडियाको विकासमा पुनः लगानी गर्ने,
- सामुदायिक छापा तथा प्रसारण मिडियालाई सहयोग गर्न राज्यको तर्फबाट सहुलियतको व्यवस्था (जस्तै सुलभ शुल्क तथा कर छुट),
- क्षमता विकास, शुरूवाती मुल लगानी (Seed Funding), आपतकालीन लगानी रकम कोष (Emergency Bridging Finance) वकालत आदिको माध्यमबाट नागरिक समाज संगठनको तर्फबाट सामुदायिक छापा तथा प्रसारण मिडियालाई सहयोग (उदाहरणका लागि दक्षिण अफ्रिकाको स्वतन्त्र प्रकाशकहरूको संगठनलाई हेर्न सकिन्छ, www.independentpublisher.org)

*प्रमाणीकरणका आधारहरू*

- सामुदायिक मिडियाले प्रगती गरिरहेका छन् वा छैन भन्ने कुराको उदाहरण जस्तै नयाँ स्थापित सामुदायिक मिडिया उच्च दरमा असफल भएका छन् वा छैनन् भन्ने कुरा देखिने तथ्याङ्क, सामुदायकि मिडिया केन्द्रहरूको संख्यामा घट्बढ् के भईरहेका छन् भन्ने तथ्याङ्क, सामुदायिक मिडिया पुगेको स्थान र संख्या आदि,
- सामुदायिक मिडियामा सार्वजनिक लगानी र यसको घट्बढ् अनुपात ।

**तथ्याङ्क श्रोत**

आर्टिकल १९, हवाई तरगंमा पहुँचः अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी सिद्धान्तहरू र प्रसारण नियमन, मार्च २००२, www.article19.org/pdfs/standards/accessairwaves.pdf

वीवीसी विश्व सेवा कोष, अफ्रिकी मिडिया विकास पहल, २००६: www.bbc.co.uk/worldservice/trust/specials/1552_trust_amdi/index.shtml

राष्ट्रमण्डल प्रेस यूनियन (CPU): www.cpu.org.uk

नियमनकारी निकायहरूको युरोपेली मञ्च (इपिआरए): www.epra.org/content/english/index2.html

इपिआरए, नियमनकारी निकायहरूको अन्तर्राष्ट्रिय सूची www.epra.org/content/english/authorities/regulation.html

युरोपेली दुरसञ्चार मापदण्ड संस्था www.etsi.org/

Regulateonline.org: वल्ड डाइलग अन रेगुलेसन फर नेटवर्क इकोनोमिज- गरिब पक्षीय पहल लगायत निय( मनकारी निकायको सुधारको सूचना तथा श्रोत www.regulateonline.org/index.php

युनेस्को  तथा राष्ट्रमण्डल प्रसारण एसोसियसन, प्रसारण नियमनसम्बन्धी निर्देशिका, इभ सलोमनद्वारा तयार पारिएको, २००६: http://portal.unesco.org/ci/en/files/21345/11399384219Guidelines_for_Broadcasting_Regulation.pdf/Guidelines+for+Broadcasting+Regulation.pdf

युनेस्को, सामुदायिक प्रसारणसम्बन्धी कानुनः १३ वटा देशका कानुनहरूको तुलनात्मक अध्ययन, २००३: http://unesdoc.unesco.org/images/0013/001309/130970e.pdf

सामुदायिक रेडियो प्रसारकहरूको विश्व संगठन (AMARC): http://www.amarc.org

सूचना समाजसम्बन्धी विश्व शिखर सम्मेलनः www.itu.int/wsis/search/index.html

## ग. अनुमतिपत्र तथा स्पेक्ट्रम वितरण

### सन्दर्भ तथा मुख्य विषयवस्तु

अनुमति पत्र तथा स्पेक्ट्रम प्रदान गरिने विषय समग्र मिडिया क्षेत्रको मुख्य निर्णायक कुरा भएको हुनाले अनुमति पत्र प्रदान गरिने विषय, क्षेत्र तथा विषयवस्तु एवं स्पेक्ट्रम वितरण माथि उल्लिखित निजी, सार्वजनिक तथा सामुदायिक मिडियाको विविध सम्मिश्रण सुनिश्चितता गर्ने शीर्षक अन्तर्गत पर्दछ । त्यसैले माथि उल्लिखित सन्दर्भ यस खण्डमा पनि उत्तिकै सान्दर्भिक हुन्छ । अनुमति पत्र प्रदान गरिने कार्य आफैमा विविधता प्राप्त गर्ने एउटा उपाय हो । अनुमति पत्र प्रदान गरिंदा विविधता कायम भएको छ कि छैन भन्ने कुरामा ध्यान दिनै पर्ने हुन्छ । फरक फरक प्रकृतीका प्रसारकहरूलाई अनुमति प्रदान गर्दा समतामूलक रूपमा वितरण गर्नु जति महत्वपूर्ण छ, त्यत्तिकै पहिले अनुमति प्राप्त गरेका प्रसारकहरूलाई सो कुरा पर्याप्तमात्रामा वितरण गरिनु महत्वपुर्ण हुन्छ (विशेषतः प्रतिस्पर्धाका कारण त्यसमा पनि दुरसञ्चार क्षेत्रमा) । दुरसञ्चारले ठूलो मात्रामा मुनाफा आर्जन गर्न सक्ने भएकोले आर्थिक हिसावले अन्य प्रतिस्पर्धीहरूलाई सजिलै तल झारिदिन सक्छन्, जसको कारणले प्रसारकहरूको वजार वितरणमा समस्या आइपर्न सक्दछ ।

अन्तर्राष्ट्रियदुरसञ्चारसंगठनले रेडियो फ्रिक्वेन्सी स्पेक्ट्रमवितरणको अधिकतम उपयोग गर्ने हेतुले एउटा विश्वव्यापी ढाँचा तयार पारेको छ । यसले स्पेक्ट्रम वितरण व्यवस्थापनको स्तरमापन गर्नुका साथै वितरणको विश्वव्यापी पद्धतिलाई पनि व्यवस्थित गरेको छ । राष्ट्रिय योजनाहरूले देशमा स्पेक्ट्रमको सवैभन्दा राम्रो प्रयोगको सुनिश्चितताको लागि यसै अन्तर्राष्ट्रिय नियमबमोजिम गर्नु जरूरी हुन्छ । अनुमति पत्र वितरणको सवैभन्दा राम्रो अभ्यासकाबारेमा आर्टिकल १९ को हवाई तरङ्गमा पहुँचले सवैभन्दा विस्तृत उदाहरण दिएको छ । त्यस्तै आर्टिकल १९ कै प्रसारणमा बहुलता र विविधता : अफ्रिकी नियमनकर्ताहरूका लागि तयार गरिएको तालिम पुस्तिकाले पनि उपयोगी हिसावले डिजिटल पद्धतिको प्रयोग तथा प्रसारणएवं दुरसञ्चारको मिल्दो पक्षलाई पनि उल्लेख गरेको छ । यीनै अभ्यासहरू (खासगरी डिजिटल माध्यमबाट सूचनाको प्रवाह हुने तथा एउटै कुरालाई डिजिटल प्रविधिको माध्यमबाट पनि एक भन्दा बढी ठाउँमा पुऱ्याउन सकिने) ले परम्परागत सूचना प्रवाहका माध्यम तथा सूचना नियमनलाई नै चुनौती दिएको छ । तथापि, संसारका सवै क्षेत्रहरूमा डिजिटल प्रविधिको प्रयोग गर्न धेरै कारणहरूले गर्दा सम्भव हुन सकेको छैन, जसले गर्दा उनीहरू अझै पनि भूसंकेत (Terrestial or Analouge) मा निर्भर रहेका हुन्छन् । डिजिटल पद्धतिले प्रभावकारीतवरले व्यापकरूपमा स्पेक्ट्रम सिर्जना गर्न सघाएतापनि जनतालाई सूचनाको पहुँच सुनिश्चत गर्न तथा स्वामित्व र विषयवस्तुमा विविधता कायम गर्न प्रसारण नियमनको अझै आवश्यकता पर्दछ ।

अन्य समूहमा भए जस्तै संस्थागत संरचना र प्रचलित राजनैतिक संस्कार बीच बीचमा फरक छुट्ट्याउनु अपरिहार्य देखिन्छ । कतिपय देशहरूमा त कानुन, अनुमति पत्र प्रदान गर्ने कार्यविधि तथा नियमन गर्ने निकायको स्थापना हुँदा हुँदै पनि यी संयन्त्र तथा निकायहरूले राजनैतिक वा व्यापारिक कारण वा राजनैतिक इच्छाशक्तिको अभाव वा संस्थागत असक्षमता वा यी सवै कारणले गर्दा स्थापित उद्देश्य अनुरूप यी संस्थाहरूले काम गर्न सकेका हुँदैनन् ।

### प्रमुख सूचकहरू

**२.६ राज्यको स्पेक्ट्रम वितरण गर्ने योजनाले अधिकतम सार्वजनिक हित सुनिश्चित गर्नुपर्दछ**

- ◆ सार्वजनिक सेवा प्रसारणसँग सम्वन्धित व्यवस्था गर्दा नियमन अधिकारीले अन्तर्राष्ट्रिय दुरसञ्चारसङ्घ तथा युनेस्कोले दिएका सुझावबमोजिम स्पेक्ट्रम वितरणको योजना बनाउनु पर्छ,
- ◆ नागरिक समाज संगठन तथा सञ्चार क्षेत्रसँग आवश्यक परामर्श गरेर मात्र त्यस्तो योजना बनाउनु पर्दछ,
- ◆ त्यस्ता योजनाको प्रकाशन तथा व्यापक वितरण गरिनुपर्दछ ।

*प्रमाणीकरणका आधारहरू*

- रेडियो फ्रिक्वेन्सी, च्यानल तथा ब्याण्डवीथ वितरण सम्बन्धी प्रकाशित राष्ट्रिय योजना
- प्रसारण अनुमति सो सम्बन्धी शर्त र निर्णय गर्दा लाग्ने अवधि बारे कानुनी व्यवस्था तथा लाग्ने शुल्कबारे प्रकाशित सूचना
- अनुमति पत्र प्रदान गर्ने प्रक्रिया कार्यान्वयन तथा फ्रिक्वेन्सि वितरणसम्वन्धमा विश्वसनीय निकायबाट प्राप्त प्रमाणहरू

**२.७. राज्यको स्पेक्ट्रम वितरण गर्ने योजनाले विविधता, स्वामित्व तथा विषयवस्तुलाई प्रवर्द्धन गर्न सक्नु पर्दछ**

- प्रसारण फ्रिक्वेन्सीको वितरण सार्वजनिक, निजी तथा सामुदायिक मिडियाबीच राष्ट्रिय, क्षेत्रीय तथा स्थीनय तहमा समानरूपले वितरण गर्ने कुरा योजनामा सुनिश्चत गर्ने,
- यदि अन्य बोलकबोलकर्ताहरूले सार्वजनिक हितको लागि राम्रो सेवा दिन्छन् भने फ्रिक्वेन्सी उच्च बोलकवोलकर्तालाई नै दिनु आवश्यक छैन,
- डिजिटल पद्धतिबाट प्राप्त मुनाफा पुनः प्रसारण क्षेत्रमा नै खर्च गरिनुपर्दछ (जस्तै सबै बाँकी बसेको फ्रिक्वेन्सी उच्च बोलकबोलकर्तालाई नै बिक्री गरिनु पर्छ भन्ने छैन)
- विविधतालाई प्रोत्साहन गर्न तथा दिईएका छनोटहरूमध्ये सार्वजनिक सेवा प्रसारण च्यानलको लागि भूउपग्रह तथा केवल प्रयोग गर्नेहरूलाई न्युनतमरूपमा केही न केही गर्नै पर्ने दायित्वहरूतोकिन आवश्यक छ (जस्तैः अल्पसख्यकहरूको लागि) ।

*प्रमाणीकरका आधारहरू*

- रेडियो मेघाहर्ज, च्यानल तथा व्याण्डवीथ वितरणसम्वन्धी प्रकाशित राष्ट्रिय योजना,
- अनुमति पत्र प्रदान गर्ने प्रक्रिया कार्यान्वयन तथा फ्रिक्वेन्सी वितरणसम्वन्धमा विश्वसनीय निकायबाट प्राप्त प्रमाणहरू,
- अनुमतिपत्र वितरणमा हुनसक्ने भेदभावहरू जस्तै धर्म, भाषाभाषी तथा अन्य आधारमा केही समुह वा समुदायलाई औपचारिक वा अनौपचारिक कुनै पनि रूपमा समावेश नगर्नु,
- सामुदायिक मिडियाले प्रगती गरिरहेका छन् वा छैनन् भन्ने कुराको आधार जस्तै नयाँ स्थापित सामुदायिक मिडिया उच्च दरमा असफल भएका छन् वा छैनन् भन्ने कुरा देखिने तथ्याङ्क, अनुमति पत्र प्राप्त नगरेका सामुदायिक मिडिया सजाँयका भागिदार भएका छन् छैनन् आदि ।

**२.८ स्वतन्त्र र पारदर्शी नियमन व्यवस्था**

- फ्रिक्वेन्सीवितरण प्रक्रिया निर्धारण तथा निर्णय कुनै राजनैतिक, व्यापारिक तथा अन्य कुनै किसिमको निहित स्वार्थबाट अभिप्ररित नभएको निकायबाट गरिन्छ ( हेर्नुहोस् १ (ख) मा नियमनकारी व्यवस्था),
- प्रसारण अनुमतिका लागि परेका निवेदनहरू कानुनले निर्धारण गरेबमोजिम पारदर्शी तथा वस्तुपरक तरिकाले मुल्याङ्कन गरिनुपर्दछ,
- भिन्न प्रकृतिका अनुमतिपत्रका लागि लाग्ने दस्तुर पारदर्शी हुनु पर्छ र पहिले नै निश्चित गरिनु पर्दछ,
- नियमन गर्ने अधिकारीहरूले फ्रिक्वेन्सीको अनुमतिपत्रमा उल्लेख भएका शर्त अनुसार काम भए नभएको सुनिश्चित गर्नसक्रियरूपमा निरन्तर अनुगमन गर्नु पर्दछ,

*प्रमाणीकरणका आधारहरू*

- नियमन गर्ने निकायहरूको अवस्था र त्यस्ता निकायहरू सरकारी हस्तक्षेप वा व्यापारिक स्वार्थबाट स्वतन्त्र छन् भन्नेसम्बन्धमा विश्वसनीय निकायद्वारा तयार गरिएको प्रतिवेदन,
- प्रसारण अनुमति, सो सम्बन्धी शर्त र निर्णय गर्दा लाग्ने अवधीसमेतका बारेमा कानुनी व्यवस्था तथा लाग्ने शुल्कबारे प्रकाशित सूचना,
- अनुमति पत्र प्रदान गर्ने प्रक्रिया, कार्यान्वयन तथा फ्रिक्वेन्सी वितरणसम्वन्धमा विश्वसनीय निकायबाट तयार गरिएको प्रतिवेदन

**तथ्याङ्क श्रोत**

आर्टिकल १९,हवाई तरगंमा पहुँचः अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी सिद्धान्तहरू र प्रसारण नियमन, मार्च २००२, www.article19.org/pdfs/standards/accessairwaves.pdf

आर्टिकल १९, प्रसारण बहुलवाद र विविधताः अफ्रिकी नियमनकर्ताहरूको लागि तालिम निर्देशिका, जुन २००६: ww.article19.org/pdfs/tools/broadcasting-manual.pdf

आर्टिकल १९, अफ्रिकी प्रसारण नीति तथा अभ्यास, २००३: www.article19.org/pdfs/publications/africa-broadcasting-policy.pdf

नियमनकारी निकायहरूको युरोपेली मञ्च - नियमनकारी निकायहरूको अन्तर्राष्ट्रिय सूचीः www.epra.org/content/english/authorities/regulation.html

अन्तर्राष्ट्रियदुरसञ्चार यूनियन, रेडियो सञ्चार क्षेत्र:www.itu.int/ITU-R/

मिडिया इन्स्टिच्युट अफ साउदर्न अफ्रिकाः अनुमति पत्र तथा मान्यता-एसएडीसीक्षेत्रमा मिडिया स्वतन्त्रतामाथिको चुनौती www.misa.org/publications/Protocol%20Sadc.pdf

सामुदायिक रेडियो प्रसारकहरूको विश्व संगठन (AMARC): http://www.amarc.org

## घ. कर तथा व्यवसायिक नियमन

### सन्दर्भ तथा मुख्य विषयवस्तु

यस भागमा मिडियाको विकासमा बाधा पुऱ्याउने तथा सहयोग गर्ने कर एवं व्यवसायिक नियमहरूका बारेमा चर्चा गरिएको छ । राष्ट्रियस्तरमा लागू हुने कर, आयात शुल्क, कानुनी दर्ता शुल्क एवं प्रक्रिया तथा कार्यक्षेत्रको मापदण्ड लगायत सबै प्रकारका व्यवसायिक कानुन तथा करका अभ्यासहरू निजी मिडिया कम्पनीका साथसाथै सामुदायिक मिडियालाई पनि समान एवं समतामूलक तरिकाले लागू हुनु पर्छ ।

करसम्बन्धी केही नीतिहरूले मिडियाको समग्र विकासमा नै अवरोध पुऱ्याउने सम्भावना हुन्छ, जस्तै मिडियासम्बन्धी सामग्रीहरू, उदाहारणको लागि छापाई प्रेस वा अन्य उपयोगी सामानहरूको जस्तै कागदा, छापा मिडियाको लागि बिक्री कर आदि निषेधित किसिमका कर आदि । केहीलाई मात्र कर लागाउने कार्यले मिडियाको बजारलाई अस्तव्यस्त बनाउन सक्छ भने यसले सरकारी मिडियालाई मात्र सहयोग गर्ने वातावरण तयार हुन जान्छ ।

त्यसैगरी राज्यले करमा केही सहुलियत दिएर वा भन्सार तथा अन्य कर छुट दिएर र मिडियाको लागि आवश्यक अन्य सामाग्रीहरू (जस्तै रेडियो, टेलिभिजन, कम्प्युटर तथा साथै लिएर हिड्न सकिने यन्त्रहरूमा छुट प्रदान गरेर सहुलियत दिन सक्नेछ । त्यस्तै राज्यले प्रसारकहरूलाई लाग्ने प्रत्यक्ष शुल्क हटाउन वा छुट दिन सक्दछ ।

यस सन्दर्भमा, भेदभावविहीनको सिद्धान्त महत्वपूर्ण छ : राज्यले कर तथा अन्य व्यापारिक तथा व्यवसायिक नीति नियमहरू प्रयोग गर्दा राजनैतिक वा अन्य फाईदाका आधारमा कुनै मिडियालाई काख कुनैलाई पाखा गर्नु हुँदैन ।

### प्रमुख सूचकहरू

**२.९ राज्यले कुनै भेदभाव बिना कर तथा व्यवसायिक नियमनलाइ मिडियाको विकासमा प्रोत्साहन गर्न प्रयोग गर्नेछ ।**

- अग्रीम कर, आयात शुल्क तथा अन्य करहरूको प्रयोग प्रसारण र छापा मिडियालाई प्रोत्साहन दिने किसिमको हुनुपर्दछ,
- राज्यले मिडिया सङ्घ संगठनहरू उपर अनावश्यक कर तथा शुल्कहरूलागू गर्ने छैन,
- राज्यको कर नीति एवं व्यवहार निजी क्षेत्रको कुनै मिडियालाई विशेष सुविधा दिने तर कसैलाई नदिने गरी भेदभावमूलक हुनुहुदैन ।

*प्रमाणीकरणका आधारहरू*

- राष्ट्रिय नियमनकारी निकाय तथा राजश्व सेवासँग सम्बन्धितनिकायको आधिकारिक प्रतिवेदन तथा वेवसाइटहरू,
- मिडियाको विकासमा सहयोग पुग्ने किसमका कर नीतिको कार्यान्वयनका बारेमा विश्वसनीय निकायहरूको प्रतिवेदन,
- कर नीतिको कायान्र्वयन खास गरेर भेदभावरहित तरिकाबाट कानुनको कार्यान्वयन भएको, कसैलाई मर्का पर्ने गरी लगाईएको कर, जसले गर्दा मिडियाको एउटा हिस्सालाई मर्का परिरहेको सम्बन्धमा कुनै भरपर्दो संस्थाले गरको अध्ययन ।

## ङ. विज्ञापन

सरकारी विज्ञापनले मिडियामा बहुलता स्थापित गर्नमा अवरोध पनि सिर्जना गर्न सक्छ र सहयोग पनि गर्न सक्छ । विज्ञापनको विषयवस्तु नियमनसम्बन्धमा विस्तृतरूपमा छलफल गर्नु यस खण्ड भन्दा बाहिरको कुरा हो । व्यवसायिक विज्ञापन बजार कमजोर भएका देशहरूमा राज्यद्वारा लगानी गरिएका विज्ञापनलाई मिडियाका लागि एउटा महत्वपूर्ण श्रोतको रूपमा लिन सकिन्छ । यस सन्दर्भमा भेदभाव विहीनताको सिद्धान्त मत्वपूर्ण पक्ष हो : राज्यले राजनीतिक वा व्यापारिक स्वार्थबाट अभिप्ररित भई विज्ञापनलाई एउटा माध्यम बनाई अन्य मिडियाको सट्टा कुनै निश्चित मिडिया गृहहरूलाई सहयोग गर्नु हुँदैन । न त सार्वजनिक प्रसारकले आफ्नो प्रतिस्पर्धिका विरूद्ध र आफ्नो निहित फाईदाका लागि बजार दरभन्दा सस्तोमा विज्ञापन खरिद गर्नु उपयुक्त हुन्छ ।

राज्यले कार्यक्रमको उपदेयतालाई ध्यानमा राखेर विज्ञापनका सबै सहयोग वन्द गरिदिन सक्छ, तथापि यसो गर्दा समग्र मिडियाको विकासमा नै नकारात्मक असर पुग्ने गरी गरिनु हुदैन भने कुनै एक क्षेत्रको मिडियालाई मात्र अस्वस्थरूपमा फाईदा पुग्ने गरी पनि गर्नु हुँदैन । यस सम्वन्धमा क्षेत्रीय तहमा स्वीकार गरिएका केही सीमाहरू पथप्रदर्शक हुन सक्दछन् (उदाहरणका लागि अन्तरदेशीय टेलिभिजनसम्बन्धी युरोपेली महासन्धि) ।

### २.१० राज्यले विज्ञापन नीतिमार्फत भेदभााव गर्नेछैन

- राज्यले विज्ञापन उपलव्ध गराउँदा स्वच्छ, पारदर्शी तथा विभेदरहित तरिकाले जस्तै आचार संहिता निर्माण गरेर गर्नेछ,
- सवै मिडियाको पहुँच सुनिश्चित गर्न राज्यद्वारा उपलब्ध गराईने विज्ञापनको प्रभावकारी अनुगमन हुनुपर्दछ,
- उनीहरूले प्राप्त गर्ने विज्ञापनका लागि सार्वजनिक सेवा प्रसारकहरूले पनि स्वच्छ प्रतिस्पर्धा गर्नु पर्दछ,
- राज्यद्वारा दिईने विज्ञापनको लागि आचार संहिता तथा अन्य निर्देशिकाहरू लागू गरिनु पर्छ ।

### २.११. मिडियामा विज्ञापनसम्बन्धी प्रभावकारी नियम

- प्रसारण तथा छापा मिडियाहरूले आवश्यकता अनुरूप विज्ञापन विषयवस्तुका सम्बन्धमा राष्ट्रिय तथा क्षेत्रीयस्तरमा स्वीकृत मार्गनिर्देशिकाको पालना गर्नु पर्ने,
- प्रसारण तथा छापा मिडियाहरूले आवश्यकता अनुरूप विज्ञापन तथा कार्यक्रम पृथकीकरणसम्बन्धी राष्ट्रिय तथा क्षेत्रीयस्तरमा स्वीकृत मार्गनिर्देशिकाको पालना गर्नुपर्ने,
- विज्ञापनलाई गलत दिशातर्फ जानबाट रोक्नस्वतन्त्र पेशागत संस्थाद्वारा बनाईएको विज्ञापन आचार संहिताको व्यवस्था ।

*प्रमाणीकरणका आधारहरू*

- विज्ञापन आचार संहिताको निर्माण तथा कार्यान्वयन,
- विज्ञापनको विषयवस्तुकासम्वन्धमा तथा विज्ञापन एवं कार्यक्रमबीचको फरकपनाका निमित्त मार्गनिर्देशिकाको निर्माण तथा सो को कार्यान्वयन ।

## तथ्याङ्क श्रोत

आर्टिकल १९, हवाई तरगंमा पहुँचः अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी सिद्धान्तहरू र प्रसारण नियमन, मार्च २००२, www.article19.org/pdfs/standards/accessairwaves.pdf

आर्टिकल १९, प्रसारण बहुलवाद र विविधताः अफ्रिकी नियमनकर्ताहरूको लागि तालिम निर्देशिका, जुन २००६: ww.article19.org/pdfs/tools/broadcasting-manual.pdf

वीवीसी विश्व सेवा कोष, अफ्रिकी मिडिया विकास पहल, २००६: www.bbc.co.uk/worldservice/trust/specials/1552_trust_amdi/index.shtml

नियमनकारी निकायहरूको युरोपेली मञ्च (इपिआरए): www.epra.org/content/english/index2.html

सीमापार टेलिभिजन प्रसारणसम्बन्धी युरोपेली महासन्धिः http://conventions.coe.int/Treaty/EN/treaties/Html/132.htm

युनेस्को तथा राष्ट्रमण्डल प्रसारण एशोसियसन, प्रसारण नियमनसम्बन्धी निर्देशिका, इभ सलोमनद्वारा तयार पारिएको, २००६: http://portal.unesco.org/ci/en/files/21345/11399384219Guidelines_for_Broadcasting_Regulation.pdf/Guidelines+for+Broadcasting+Regulation.pdf

३

# लोकतान्त्रिक बहसको एउटा मञ्चको रूपमा मिडिया

## प्रमुख सूचकहरू

### क. मिडियाले समाजको विविधता प्रतिविम्वित गर्दछ

३.१ मिडिया (सार्वजनिक, निजी तथा सामुदायिक) ले समाजका सवै क्षेत्रका व्यक्तिहरूको चाहना पुरा गर्नु गर्दछ,

३.२ मिडिया संगठनहरूले रोजगारीको माध्यमबाट सामाजिक विविधताको झल्को दिईहेका हुन्छन्,

### ख. सार्वजनिक सेवा प्रसारण मोडल

३.३ सार्वजनिक सेवा प्रसारणको लक्ष कानुनद्वारा परिभाषित एवं सुनिश्चित गरिएको हुनुपर्दछ,

३.४ सार्वजनिक सेवा प्रसारकहरूले सञ्चालनको क्रममा कुनै पनि क्षेत्रमा भेदभावको अनुभव गर्ने छैनन्,

३.५ स्वतन्त्र र पारदर्शी शासन व्यवस्था,

३.६ सार्वजनिक सेवा प्रसारहककहरूको जनता एवं नागरिक समाज संगठनसँगको सम्बन्ध,

### ग. मिडियाको स्वनियमन

३.७ छापा तथा प्रसारण मिडियामा स्वनियमनको प्रभावकारी व्यवस्था छ,

३.८ मिडियाले स्वनियमनको संस्कार देखाउँछ,

### घ. स्वच्छता र निष्पक्षताका लागि आवश्यक तत्वहरू

३.९ स्वच्छ र निश्पक्षताका लागि आवश्यक व्यवस्था सहितको प्रभावकारी प्रसारण आचार संहिता,

३.१० प्रसारण आचार संहिताको प्रभावकारी कार्यान्वयन,

### ङ. मिडियाप्रतिको सार्वजनिक विश्वास र विश्वसनीयताको तह

३.११ जनताको उच्च विश्वास एवं आस्था रहेको छ,

३.१२ उनीहरूको काम प्रतिको सार्वजनिक धारणा तर्फ मिडिया सङ्घ संगठनहरू जवाफदेही छन्,

### च. पत्रकारहरूको सुरक्षा

३.१३ पत्रकार, सम्बद्ध मिडिया कर्मचारीहरू तथा मिडियासँग सम्वन्धित सङ्घ संस्थाहरूले सुरक्षितरूपमा आफ्नो गर्न सक्नुपर्छ,

३.१४ असुरक्षाका कारण मिडियाको काममा असर गरेको छैन,

भाग

३

# लोकतान्त्रिक बहसको एउटा मञ्चको रूपमा मिडिया

## क. मिडियाले समाजको विविधता प्रतिविम्वित गर्दछ

### सन्दर्भ तथा मुख्य विषयवस्तु

लोकतन्त्रलाई संस्थागत गर्दैयसलाई जीवन्त बनाउन मिडियाको अहम भूमिका रहने कुरा सर्वस्वीकार्य छ। त्यसैगरी मानवअधिकार र असल शासन स्थापना गर्नमा मिडियाको भूमिकालाई चौतर्फि मान्यता दिइएको छ तर कसरी भन्ने सम्वन्धमा भने एक मत पाईंदैन। यो समस्याको मुख्य कारण के हो भने मिडियाका दुईवटा अलग-अलग भूमिका एक आपसमा गाँसिएका छन्। यो यस्तो क्षेत्र हो जहाँ लोकतान्त्रिक छलफल हुने गर्दछन् भने सूचना आदान प्रदान गरिनुका साथै साँस्कृतिक अनुभवहरू पनि साटासाट गरिन्छन्। तर यो यस्तो सामााजिक क्षेत्र पनि हो, जो आफ्नै अधिकारमा अडिग हुन्छ भने यसले शक्तिशाली निकायहरूको (निजि तथा सार्वजनिक) पनि निगरानी गरिरहेको हुन्छ । साथसाथै मिडियाले सरकारलाई जवाफदेही बन्न पनि बाध्य तुल्याउँछ। सामाजिक अवयवको हैसियतले यो शक्तिशाली तथा द्वन्दको साधनका रूपमा पनि देखा पर्ने गर्दछ। यसैले तर्कहरू उठ्ने गर्दछन कि मिडिया आफ्ना कामकारवाही प्रति जवाफदेही वन्न सक्नुपर्दछ। अर्को महत्वपूर्ण पक्ष के हो भने मिडियाले कुनै राजनैतिक दल वा अन्य सरकारी निकायको नियन्त्रणभन्दा माथि वसेर छलफल तथा सूचना प्रवाह गर्न सक्दछ। यसै कारण मिडिया समुदायमा यसलाई व्यवस्थित र नियमित बनाउने विषयमा खास गरी किन प्रसारक तथा छापा माध्यमहरूको दायित्वमा भिन्नता हुन्छन् र किन सार्वजनिक प्रसारकहरूलाई बढी लोकतान्त्रिक भूमिका निर्वाह गर्न आग्रह गरिन्छ भन्ने बारेमा विवाद देखिन्छ।

तथापि लोकतान्त्रिक सम्भाव्यतालाई आत्मसात गरी काम गर्नका लागि मिडियामा विविधता हुनु उपयुक्त हुन्छ । समाजिक विविधताका विविध पक्षहरू छन् : लिङ्ग, उमेर, जात, जातीयता, भाषा, धार्मिक विश्वास, शारीरिक सक्षमता, लैङ्गिक अभिमूखीकरण, आय तथा सामाजिक हैसियत, र यस्तै अन्य कुराहरू । समाजको विविधतालाई उजागर गर्न मिडियाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। समाजका हरेक समुदायका चासोका विषयहरूलाई मिडियाले रिपोर्टिङ्ग गर्दछन् भने समाजका विविध समुहहरूलाई सूचना तथा मनोरञ्जनमा पहुँच पुऱ्याउनका लागि पनि मिडियाले महत्वपूर्ण भूमिका खेलिरहेका हुन्छन्। यस अतिरिक्त समाजमा रहेका हरेक व्यक्तिका भावना एवं विचारलाई प्रतिनिधित्व गर्न पनि मिडियाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। अझै पनि मिडियाले समाजमा परम्परागत अस्वीकृत कुराहरूको निरन्तरता दिई समाजमा शंका, डर, भेदभाव, समुह-समुहको बीच द्वन्द बढाउने तथा निश्चित वर्गलाई सार्वजनिक छलफलमा सहभागी नगराउने जस्ता कार्य पनि गरिरहेका हुन्छन्।

मिडियामा विविधता स्थापित गर्न बहुलता एक महत्वपूर्ण पूर्व शर्त हो (तर, यो मात्र पनि होइन) सीमान्तकृत समुदाय तथा अल्पसंख्यहरूका विषय उठान गर्नका लागि सामुदायिक मिडियाले विषेशतः महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन् र समाजिक विविधताको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सामुदायिक मिडियामाथिको राज्य तथा नागरिक समाजको सहयोग त्यसकारण महत्वपूर्ण छ (भाग २ समेत हेर्नुहोस)। तथापि यो पनि महत्वपूर्ण छ कि अल्पसंख्यकहरूका विषयहरू पनि मिडियाको मुल धारमा समाहित हुनु पर्दछ।

समाजिक विविधतासँगै मिडियाको आचरण तथा व्यवहार पनि औपचारिक नियमन भित्रको पाटो हो । उदाहरणका लागि सार्वजनिक सेवा प्रसारकहरूले समाजका सवै पक्षलाई सेवा दिनु पर्दछ भने राजनैतिक दलहरूलाई पनि निष्पक्ष पहुँच प्रदान गर्नु पर्दछ। देवानी तथा फौजदारी संहितामार्फत पनि मिडियाको आचरणलाई नियमित गर्न सकिन्छ । जस्तै उदाहरणका लागि घृणायुक्त अभिव्यक्ति विरूद्धको व्यवस्था।

व्यवसायिक प्रसारकहरूले खासगरी शहरी श्रोता तथा दर्शकहरूको मन जितेर जव उनीहरूको ध्यान विज्ञापन दाताहरूप्रति आकर्षित गर्न सफल भएका हुन्छन्, यस्तो अवस्थामा नियमनको अत्याधिक महत्व हुन्छ । यस्तो अवस्थामा सर्वजनिक तथा सामुदायिक मिडिया ग्रामीण

क्षेत्रका तथा गरिब मानिसहरूको आवश्यकतासम्बन्धी सूचना समेट्न सफल हुनुपर्दछ ।

मिडियाको विविधता, स्वनियमनको संस्थागत संस्कृति, आफु भित्रकै पवित्रता र श्रोता (उपभोक्ता) प्रतिको दायित्ववोधसँग जोडिएको हुन्छ । अझ भन्नु पर्दा विज्ञान र प्रविधिको चरम विकासले सामाजिक विविधता, ब्लग, नागरिक पत्रकारिता, प्रयोगकर्ताले नै सिर्जना गरेका विषयवस्तु एवं अन्य कुनै रूपमा मिडियामा हुने प्रत्यक्ष संलग्नताबाट थाहा पाउन सकिन्छ ।

सञ्चार माध्यमको सामाजिक विविधतालाई समेट्ने क्षमता पनि यसको काम गर्ने क्षमतामा निर्भर हुने गर्दछ । उदाहरणका लागि अल्पसंख्यक समुदायबाट आएका तथा महिला पत्रकार र मिडिया कार्यकारी बीचको सन्तुलन ।

### प्रमुख सूचकहरू

**३.१ मिडिया (सार्वजनिक, निजी तथा सामुदायिक) ले समाजका सवै क्षेत्रका व्यक्तिहरूको चाहनापुरा गर्दछ ।**

- सञ्चार माध्यमले यस्तो भाषा प्रयोग गर्नुपर्दछ जसले भाषिक विविधतालाई प्रतिविम्वित गरोस्,
- खास समुदाय जस्तै आदिवासी तथा जनजाती, शरणार्थीहरूका लागि सामुदायिक मिडिया (छापा तथा प्रसारण),
- सरकारी तथा सार्वजनिक मिडियाले व्यवहारतः समाजको सबै भन्दा कमजोर वर्ग लगायत सम्पूर्ण राजनैतिक परिदृष्यलाई प्रतिनिधित्व गर्नुपर्छ,
- मिडियाले प्रस्तुत गरेका सूचना तथा जानकारीहरू महिला तथा सीमान्तकृत समुदायका मानिसहरूकालागि पहुँच योग्य हुनुपर्छ (उदाहरणका लागि यस्ता मानिसहरू कसरी सूचनामा पहुँच स्थापित गरिरहेका छन् तथा उनीहरूको साक्षरता अवस्था कस्तो छ आदि कुरालाई ख्याल गर्नुपर्छ),

*प्रमाणीकरणका आधारहरू :*

- सार्वजनिक प्रसारकले प्रसारण गर्ने सामाग्रीमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको भाषाको समानुपातिक स्थान,
- अल्पसंख्यकको भाषा तथा सीमान्तकृत समुदायलाई सेवा पुऱ्याईरहेका सामुदायिक मिडियाहरूको संख्या तथा तिनीहरूले समेटेको अनुमानित क्षेत्र,
- विश्वसनीय निकायद्वारा विविधतासम्बन्धी विषयवस्तु विश्लेषण लगायत मिडियाको स्वतन्त्र अनुगमन ।

**३.२ मिडिया संगठनहरूले रोजगारीको माध्यमबाट सामाजिक विविधताको झल्को दिईहेका हुन्छन्,**

- कार्यकारी ओहदा लगायत मिडिया उद्योग वा क्षेत्रमा महिला पत्रकारहरूको राम्रो सहभागिता छ,
- कार्यकारी ओहदा लगायत मिडिया उद्योग वा क्षेत्रमा अल्पसंख्यक समुदाय जस्तै जातीय, भाषिक एवं धार्मिक समुहहरूको राम्रो सहभागिता रहेको छ ।

*प्रमाणीकरणका आधारहरू*

- महिला पत्रकार तथा कार्यकारीहरूको अनुपात,
- अल्पसंख्यक समुदाय जस्तै जातीय, भाषिक तथा धार्मिक समुहहरूको प्रतिनिधित्व गर्ने पत्रकार एवं कार्यकारीहरूको अनुपात ।

### तथ्याङ्क श्रोत

आर्टिकल १९, प्रसारण बहुलवाद र विविधताः अफ्रिकी नियमनकर्ताहरूको लागि तालिम निर्देशिका, जुन २००६: www.article19.org/pdfs/tools/broadcasting-manual.pdf

युनेस्कोको सहयोगमा राष्ट्रमण्डल प्रसारक एसोशियसन (सीवीए), सीवीए सम्पादकीय निर्देशिका, २००५, (http://unesdoc.unesco.org/images/0013/001356/135672e.pdf)

जातीयता तथा जातीय घृणासम्वन्धमा युरोपेली अनुगमन केन्द|: www.eumc.eu.int/eumc/index.php

मिडियामा महिलाको प्रतिनिधित्व तथा समावेशीकरणसम्वन्धी विश्व मिडिया अनुगमन परियोजना www.whomakesthenews.org

अन्तराष्टिय पत्रकार महासङ्घ -  युरोपेली युनियन - भारत लैङ्गिक परियोजना,
www.ifj.org/default.asp¿Issue=Gender %20india&Language=EN

जातीयता तथा जातीय घृणासम्वन्धी अन्तर्राष्ट्रिय मिडिया कार्यदल, विविधता -अनलाईन परियोजना,
www.diversity-online.org/

मिडिया डाइभरसिटी इन्टिच्युट,
www.media-diversity.org/ / यसको रिपोर्टिङ विविधता नेटवर्क:www.media diversity.org/links/rdn.htm

मिडिया दिगोपना सूचकाङ्क, www.irex.org/msi

मिडियावाइज, मिडियामा विविधताका गतिविधि: www.presswise.org.uk/display_page.php¿id=73

युनेस्को तथ्याङ्क संस्था: पत्रपत्रिका तथ्याङ्कका लागि प्रश्नावली
www.uis.unesco.org/ ev.php¿ID=5831_201&ID2=DO_TOPIC

युनेस्को तथ्याङ्क संस्था : रेडियो तथा टेलिभिजन प्रसारण तथ्याङ्कका लागि प्रश्नावली
www.uis.unesco.org/ev.php¿ID=6554_201&ID2=DO_TOPIC

सामुदायिक रेडियो प्रसारकहरूको विश्व संगठन
(AMARC): http://www.amarc.org

## ख. सार्वजनिक सेवा प्रसारण मोडल

### सन्दर्भ तथा मुख्य विषयवस्तु

सार्वजनिक सेवा प्रसारणको स्वीकृत परिभाषा यसप्रकार छ: सार्वजनिक सेवा प्रसारण भन्नाले सार्वजनिकरूपमा बनाईएको, सार्वजनिक लगानी भएको र सार्वजनिक नियन्त्रणमै रहेको प्रसारणलाई बुझिन्छ ।  न त यो सरकारी स्वामित्वको हो, न त व्यापारिक प्रकृतिको नै, यसमा कुनै राजनैतिक या व्यापारिक हस्तक्षेप हुँदैन । सार्वजनिक सेवा प्रसारणबाट नागरिकहरू सुसूचित हुने, शिक्षित हुने तथा मनोरञ्जन प्राप्त गर्ने गर्दछन् । बहुलता, कार्यक्रममा विविधता, सम्पादकीय स्वतन्त्रता, उचित लगानी, पारदर्शीता र जवाफदेहिताजस्ता कुराहरूको प्रत्याभूति भएको खण्डमा सार्वजनिक सेवा प्रसारणले लोकतन्त्रको खम्बाको रूपमा काम गर्न सक्दछन् । (यसको विस्तृत जानकारीको लागि युनेस्कोको सहयोगमा सन् २००१ मा भएको 'विन्डोहेक प्लस १०' मञ्चद्वारा पारित प्रसारणसम्बन्धी अफ्रिकी बडापत्रकालागि अफ्रिकन घोषणा पत्र हेर्नुहोस्) । राज्य नियन्त्रित नै भएपनि सार्वजनिक सेवा प्रसारकको महत्वपूर्ण पक्ष के हो भने यसले राष्ट्रिय भावना, राष्ट्रिय विषयवस्तु, मुनाफारहित एवं सार्वजनिक सरोकारका विषयहरूलाई समेट्न सक्नुपर्दछ । प्रायश: राष्ट्रव्यापी प्रसारणलाई क्षेत्रीयतहका सार्वजनिक प्रसारणले परिपूरकको भूमिका निभाइरहेका हुन्छन् भने खासगरी सङ्घीय राज्य तथा राज्य भित्र स्वायत्तता पाएका अथवा फरक फरक भाषिक अवस्था भएका राज्यहरूमा यसको प्रयोग बढी भएको पाइन्छ ।

सार्वजनिक सेवा प्रसारणहरूमा सामान्यत: सार्वजनिक कोषबाट लगानी भएका हुन्छन् भने कतिपय स्थितिमा प्रयोगकर्ताहरूबाट सामान्य शुल्क संकलन गरेर पनि रकम उठाईन्छ । यसका अलावा सार्वजनिक सेवा प्रसारकहरूले व्यापारिक लगानी पनि आकर्षित गर्न सक्छन् । निजी क्षेत्रको स्वामित्व भएका प्रसारकहरूका पनि कतिपय कार्यक्रमहरू सार्वजनिक सेवा प्रकृतिका हुन सक्छन् ।

राष्ट्रको सम्पूर्ण प्रसारण आवश्यकता बजारले पुरा गर्न सक्दैन भन्ने मान्यताका आधारमासार्वजनिक सेवा प्रसारणको व्यवस्था गरिएको हुन्छ । सार्वजनिक सेवा प्रसारकहरूको महत्वपूर्ण विषेशता के हो भने यस्ता प्रसारणहरू सञ्चालन, बजेट तर्जुमा, तथा सम्पादकीय निर्णयका दृष्टिलेखासगरी व्यापारिक एवं राजनैतिक प्रकृतिका हस्तक्षेपबाट मुक्त हुन्छन् भन्ने हो । सार्वजनिक सेवा अन्तर्गत जहिले पनि जनतालाई राजनैतिकरूपमा अझ खासगरी निर्वाचनको समयमा सन्तुलित सूचना प्रवाह गर्ने दायित्व निहित रहन्छ ।

यस अतिरिक्त, यस्ता प्रसारकहरूले खासगरी उनीहरूको प्रसारण प्रणालीले देशभर सेवा दिन सकेको छ र यसका साथै सबै धर्म, भाषाभाषी तथा फरक खालको सँस्कृति भएका

समुदायलाई पनि यसले उत्तिकै स्थान दिएर सेवा प्रदान गर्नुपर्छ भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । स्पष्टरूपमा भन्नु पर्दा जनताले सञ्चारका माध्यमहरूसम्मको पहुँच स्थापित गरेको हुनुपर्दछ (जस्तो प्रसारण उपलब्धता, विद्युत आपूर्ति, दुरसञ्चारमा पहुँच आदि) ।

सार्वजनिक सेवा प्रसारकहरूले खासगरी अत्यन्त न्यून मात्रामा विज्ञापन प्रसारण गर्दछन् भने कतिपय अवस्थामा त विज्ञापन नै प्रसारण गर्दैनन् भने पनि हुन्छ । यिनीहरू या त वितरण वा प्रवाहको दुष्टिकोणबाट निशुल्क हुनुपर्दछ वा यसले ठूलो जनसंख्याले धान्न सक्ने सरल दरमा सेवा प्रदान गर्नुपर्छ । यी माध्यमहरूमा वृहद तथा सन्तुलित समाचार प्रसारण गर्नुपर्ने दायित्व हुन्छ, त्यस्तै सार्वजनिक छलफलका लागि एउटा मञ्च उपलब्ध गराउने, न्युनतमरूपमा भएपनि स्थानीय तवरबाट तयार गरिएको सामग्रीलाई स्थान दिने (जसलाई कोटाको माध्यमबाट पनि व्यवस्थित गर्न सकिन्छ), सिर्जनशील, विविध एवं मौलिक कार्यक्रमहरू पनि यीनीहरूको दायित्व भित्र पर्दछन् ।

केही सार्वजनिक सेवा प्रसारकहरूका केही यस्ता विषेशता हुन्छन् जस्तै सामुदायिक सेवा प्रसारकहरूले ठूलो मात्रामा सार्वजनिक सेवा गरिरहेका हुन सक्छन् तर राष्ट्रिय स्तरमा यसको प्रसारण नभएको पनि हुन सक्दछ, तर सवै यस्तै किसिमका हुन्छन् भन्न सकिंदैन ।

कुनै देशको सञ्चार माध्यमको प्राविधिलाई आधुनिकिकरण गर्नमा त्यस देशका सार्वजनिक सेवा प्रसारकहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ र यस्ता माध्यमहरूले भौगोलिक अवस्था, उमेर, शिक्षा एवं सम्पति आदिका कारण सिर्जित डिजिटल विभेदका विरूद्धसङ्घर्ष गर्ने उपाय प्रदान गर्न सक्दछन । सार्वजनिक सेवाको दायित्व सवै प्रकारका प्रसारकहरूलाई, जस्तै अनुमति पत्र प्रदान गर्ने नियमनकारी निकायको माध्यमबाट तोक्न सकिन्छ ।

**प्रमुख सूचकहरू:**

**३.३ सार्वजनिक सेवा प्रसारणको लक्ष कानुनद्वारा परिभाषित एवं सुनिश्चित गरिएको हुनुपर्दछ ।**

- सार्वजनिक सेवा प्रसारकको भूमिका कानुनद्धारा स्पष्ट परिभाषित गरिएको हुन्छ,
- सार्वजनिक सेवा प्रसारकलाई स्वेच्छाचारी हस्तक्षेबाट जोगाउनका निमित्त विषेशरूपमा उनीहरूको सम्पादकीय स्वतन्त्रताको ग्यारेन्टी गरिनुका साथै उचित र सुरक्षित तवरमा आर्थिक सहयोग प्रदान गरिएको हुन्छ,
- सार्वजनिक सेवा प्रसारकहरूसँग पर्याप्त श्रोत साधन हुन्छ,
- सार्वजनिक सेवा प्रसारकहरू यसको नियमन गर्ने निकाय मार्फत सार्वजनिकरूपमा उत्तरदायी हुन्छन् ।

*प्रमाणीकरणका आधारहरू*

- सार्वजनिक सेवा प्रसारकको भूमिका परिभाषित गर्ने कुनै कानुनी व्यवस्था,
- कुनै एक वा सो भन्दा बढी प्रसारकहरूलाई प्रदान गरिएको सार्वजनिक सेवा दायित्व,
- सम्पादकीय स्वतन्त्रता एवं वित्तीय व्यवस्था सुनिश्चित गर्ने सम्वन्धित नीति नियम ।

**३.४ सार्वजनिक सेवा प्रसारकहरूले सञ्चालनको क्रममा कुनै पनि क्षेत्रमा भेदभावको अनुभव गर्ने छैनन् ।**

- भू-उपग्रह तथा केवल सेवा प्रदायकहरूले सार्वजनिक सेवा प्रसारण स्टेशन एवं सो को विषयवस्तुलाईस्थान दिन ईन्कार गर्ने छैनन् ।

*प्रमाणीकरणका आधारहरू*

- प्रसारण लाईन वितरण गर्दा भेदभाव नगरिनेसम्बन्धी स्पष्ट निति नियमहरू।

**३.५ स्वतन्त्र एवं पारदर्शी शासन व्यवस्था**

- सार्वजनिक सेवा प्रसारकहरू एक स्वतन्त्र निकायको मातहत रहनेछन् र यस्तो निकायको स्वायत्तता कानुनद्वारा सुनिश्चित गरिएको हुन्छ,
- यस्तो निकायमा गरिने नियुक्ति खुला, पारदर्शी एवं सरकारको प्रत्यक्ष हस्तक्षेप वा कुनै राजनैतिक वा निहित आर्थिक स्वार्थबाट मुक्त हुनुपर्छ,
- यस्ता नियमनकारी निकायले सार्वजनिक सेवा प्रसारकहरूले सार्वजनिक सेवा प्रदान गर्ने आफ्नो दायित्व र यसको स्वतन्त्र कार्यको संरक्षणको सुनिश्चितता गर्दछन् ।

*प्रमाणीकरणका आधारहरू :*

- नियमन गर्ने निकायको हैसियत तथा यसमा प्रतिनिधित्व गर्ने व्यक्तिहरूको नियुक्तिसँग सम्वन्धित कुनै कानुन,
- नियमन गर्ने निकायले आफ्नो अधिकारको प्रयोग गरेको उदाहरण ।

## ३.६ सार्वजनिक सेवा प्रसारहकहरूको जनता एवं नागरिक समाज संगठनसँगको सम्बन्ध

- गुनासो सुन्ने व्यवस्था लगायत सार्वजनिक सेवा प्रसारकसँग जनता तथा नागरिक समाज संगठनहरूसँग परामर्श गर्ने तथा मिलेर काम गर्ने कुराको स्पष्ट प्रतिवद्धता रहेको छ,
- नियमनकारी निकायमा नियुक्ति गर्दा जनताको सहभागिता ।

*प्रमाणीकरण गर्ने आधार*

- सार्वजनिक सेवा प्रसारक तथा नागरिक समाजबीच परामर्श भएको कुनै उदाहरण जस्तै श्रोता सुझाव मञ्चको व्यवस्था,
- सार्वजनिक सेवा प्रसारकले जनताका उजुरी तथा गुनासोको व्यवस्थित तरिकाबाट सुनुवाई गरेको उदाहरण ।

### तथ्याङ्क श्रोत

आर्टिकल १९, अन्तर्राष्ट्रिय मापदण्डको श्रृङ्खला-सार्वजनिक प्रसारणसम्ब्न्धी नमूना कानुन, जुन(२००५): www.article19.org/pdfs/standards/modelpsblaw.pdf

युरोपेली परिषद, मन्त्रीस्तरीय समिति, तथा सार्वजनिक प्रसारकहरूको स्वतन्त्रताको प्रत्याभूतिसम्बन्धी सुझाव नं आर (९६) १० को लागि सदस्य राष्ट्रहरूको मन्त्रीहरूको समिति सेप्टम्वर ११, १९९६: www.ebu.ch/CMSimages/en/leg_ref_coe_r96_10_psb_110996_tcm6-4322.pdf

अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ, सबै किसिमका अभियान तथा सम्वद्ध श्रोतकालागि सार्वजनिक प्रसारणः www.ifj.org/default.asp¿Issue=pubbroad&Language=EN

अन्तराष्ट्रिय पत्रकार महासङ्घ, सार्वजनिक प्रसारकहरूको अन्तर्राष्ट्रियसूचीः www.ifj.org/default.asp¿Issue=pubroadlinks&Language=EN

सर्वजनिक प्रसारण सेवा संस्था, भारत : www.psbt.org/index2.htm

रिकमेन्डेसन सिएम र आरइसि (२००७)३ अफ द काउन्सिल अफ यूरोप अन द रेमिट अफ पब्लिक सर्भिस मेडिया इन द इन्फरमेसन सोसाइटी

युनेस्को, सार्वजनिक सेवा प्रसारणः अनुकरणीय अभ्यास श्रोत पुस्तिका, २००५: http://portal.unesco.org/ci/en/ev.phpURL_ID=20394&URL_DO=DO_TOPIC&URL_SECTION=201.html

युनेस्को, प्रसारण विकासका लागि एशिया प्रसान्त संस्था, सार्वजनिक सेवा प्रसारण, तुलनात्मक कानुनी सर्भेक्षण, टोवी मण्डेल, २०००: www.unesco.org/webworld/publications/mendel/jaya_index.html

राष्ट्रिय तथा क्षेत्रीय नियमनकारी निकायका केही वेवसाइटहरूः

एशिया प्रशान्त : www.abu.org.my

बोस्निया हर्ज गोभिनाःwww.cra.ba

क्यानडा : www.crtc.gc.ca/eng/welcome.htm

चेक रिपब्लिकःhttp://www.rrtv.cz/en/

इस्टोनिया Mwww.rhn.ee/e_main.htm

युरोप :www.epra.org/content/english/index2.html

युरोपः www.ebu.ch/en/index.php

जमैकाः www.broadcastingcommission.org

केन्याः www.cck.go.ke/home/index.asp

कोसोभोः www.imc-ko.org/index.php¿lang=en&pag=home

नाइजेरियाः www.nbc.gov.ng

उत्तर अमेरिकाः http://www.nabanet.com/

दक्षिण अफ्रिका : www.icasa.org.za/Default.aspx¿Page=2

संयुक्त अधिराज्यः www.ofcom.org.uk/

## ग. मिडियाको स्वनियमन

### सन्दर्भ तथा मुख्य विषयवस्तु

पत्रकारितामा आचारणगत तथा पेशागत हैसियत कायम राख्ने कुराको उच्च सुनिश्चितता भनेको मिडिया भित्र र मिडिया संघ संस्थाहरूबीचको स्वेच्छिक स्वनियमन नै हो ।

प्रभावकारी स्वनियमन आफैंमा एउटा रूप र संस्कारको विषय हो । राष्ट्रिय मिडिया संस्कारले नै मिडियाको स्वनियमन गर्ने महत्वपूर्ण औजारको काम गर्दछ : आचार संहिता, अम्बुडस्म्यान, गुनासो सुन्ने निकायहरू, छापा तथा प्रसारण माध्यमहरूले गल्ती स्वीकार गर्ने तथा सच्याउने आदि । तर सार्वजनिक एवं आफैं भित्र समीक्षा गर्ने संस्कारको अभाव भएमा यस्तासंयन्त्रहरूको प्रभावकारिता रहदैंन । यसका अलावा कहिलेकाँही राज्यको संरचना तथा निकाय नहुँदा नहुँदै पनि स्थानीय वा आन्तरिक जाँच, दात्विवोध, पारदर्शीता एवं समाचारमा नैतिकता तथा वास्तविकता जस्ता कुराहरूले स्वनियमन आफैंमा प्रभावकारीरूपले लागू हुन्छन् । मिडिया स्वनियमन त्यति वेला प्रभावकारी रूपमा लागू हुन्छ जव मिडिया उद्योग भित्रका सबै सरोकारवालाहरू प्रसाशक तथा मालिक, सम्पादक तथा पत्रकार साथै व्यापक सर्वसाधारणहरूको सहभागिता रहन्छ । सञ्चार सङ्ग संस्थाहरूले नैतिक वा व्यवसायिक आचार संहिताको निर्माण गर्नुपर्दछ, जुन दैनिक व्यवहारमा लागू हुनुपर्दछ ।

यदि मिडियामास्वनियमनको संस्कार विकास हुन सकेन भने सबै प्रयासहरूउजुरी तथा नैतिक निर्देशिकाहरू जस्ता मुख्य विषयहरूमा केन्द्रकृत हुन जान्छ। राज्यको अस्थीरताले विशेष गरी मिडिया नियमनलाई असर पुऱ्याउँछ । द्वन्दग्रस्त मुलुकहरूमा मिडियाले द्वन्दलाई बढाई-चढाँई गर्न र अप्रीय बनाउन सक्छन्, तर यसलाई माध्यम बनाएर दलगत राजनैतिक उदेश्यका निम्ति सेन्सरसीप लगाउनतर्फ राज्य अग्रसर हुनु हुँदैन । सम्भव भएसम्म अन्तर्राष्ट्रियसहयोग सहित मिडिया आचरणसम्बन्धी तालिम तथा मिडियाको अनुगमन गरेर स्वनियमनमा नै जोडदिनु उचित हुन्छ । तर यस्तै प्रकारको एउटै तरिका सबै अवस्थामा उचित हुन्छ भन्ने छैन ।

### प्रमुख सूचकहरू

**३.७ छापा तथा प्रसारण मिडियामा स्वनियमनको प्रभावकारी व्यवस्था छ**

- मिडिया सङ्ग संस्थाहरूसँग स्पष्ट आचर संहिता एवं उपयुक्त सम्पादकीय निर्देशिका रहेको छ,
- उक्त आचार संहिता पत्रकारहरूलाई उपलव्ध गराईएको छ र सो उपर समय समयमा छलफल एवं पुनरावलोकन गरिन्छ,
- औद्योगिक तहमा आचार संहिता उल्लङ्घनगरेको आधारमा जनताका उजुरी तथा गुनासा सुन्ने संयन्त्र निर्माण गरिएको छ,
- स्वनियमनकारी निकाय एवं समाचार छानवीन गर्ने संयन्त्र (अम्बुड्सम्यान) सरकारी तथा व्यापारिक स्वार्थबाट स्वतन्त्र छन् ।

*प्रमाणीकरण गर्ने आधारहरू*

- स्वतन्त्र प्रेस काउन्सिल तथा पत्रकारहरूको संगठनका क्रियाकलापसम्बन्धी उदाहरणहरू,
- आचार संहिता तथा सो को प्रभावकारी प्रयोगको उदाहरण एवं स्वतन्त्र प्रेस काउन्सिल तथा पत्रकार संगठनहरूबाट सो को वितरण,
- मिडियाको आचरणसम्बन्धमा पर्न आएका सार्वजनिक उजुरीहरूएवं सो उपर मिडियाले सुनुवाई गरेको उदाहरण ।

**३.८ मिडियाले स्वनियमनको संस्कार प्रदर्शन गरेकोछ**

- ◆ स्वतन्त्र पत्रकार सङ्घ संस्थाहरूको अवस्था एवं असल अभ्यासको प्रदर्शन,
- ◆ आफ्ना उपभोक्ताप्रति मिडियाको जवाफदेहिता (जन गुनासो सुन्ने तथा जवाफ दिने माध्यम),
- ◆ स्वनियमनकारी निकायहरूको नागरिक समाज संगठन एवं वृहद सर्वसाधारणसँगको सहकार्य तथा सामाजिकरूपमा विविध सदस्यता,
- ◆ पत्रकार तथा मिडिया सङ्घ संस्थाहरू नियमित रूपमा आफैंले आफैंमाथि सेन्सरसीपको अभ्यास गर्दैनन् ।

*प्रमाणीकरणको आधार*

- आचारण र मापदण्डका बारेमा पत्रकार जगत एवं आम जनताबीच हुने छलफलका उदाहरण,
- आचरण र मापदण्डकाबारेमा स्वतन्त्र पत्रकार सङ्घ संगठनहरूका गतिविधि ।

**तथ्याङ्क श्रोत**

आर्टिकल १९, जवाफदेहिताको स्वतन्त्रता-दक्षिण पूर्वी युरोपमा मिडियाको स्वनियमनसम्बन्धी सम्मेलन प्रतिवेदन, सराजेभो, जुन २००५: www.article19.org/pdfs/conferences/sarajevo-conference-report.pdf

अल-जजीरा आचार संहिताः http://english.aljazeera.net/news/archive/archive¿ArchiveId=5190

ब्रिटीश ब्रोडकास्टीङ्ग कर्पोरेशनः सम्पादकीय निर्देशिका ww.bbc.co.uk/guidelines/editorialguidelines/

स्वतन्त्र प्रेस काउन्सिलहरू-प्रेस काउन्सिल तथा सम्बद्ध श्रोतसम्बन्धी अन्तर्राष्ट्रियसूचीकरण
www.mediaaccountability.org/html/frameset.php¿page=directory

स्वतन्त्र प्रेस काउन्सिलहरू- आचार संहितासम्बन्धी अन्तर्राष्ट्रिय सूचीकरण :
www.media- accountability.org/html/ frameset.php¿page=library2

अन्तराष्ट्रिय पत्रकार महासङ्घ- पत्रकारहरूको आचरणसम्वन्धी सिद्धान्तहरूको घोषणापत्र:
www.ifj.org/default.asp¿Issue=ETHICS&Language=EN

इन्टरन्याशनल फ्रिडम अफ एक्सप्रेसन एक्सचेन्ज, पत्रकारिताको आचरणसम्वन्धी जानकारी,
www.ifex.org/en/content/view/full/51725/

पत्रकारहरूको अन्तर्राष्ट्रिय सञ्जाल, इन्टरन्यासनल डाइरेक्टी अफ कोड्स अफ इथिक्सः
www.ijnet.org/Director.aspx¿P=Ethics

मिडियावाइज, इन्टरन्यासनल लिस्टिङ्ग अफ जर्नालिस्टिक कोड अफ इथिक्स
:www.presswise.org.uk/display_page.php¿id=40

मिडियावाइज, नियममन तथा स्वनियमनसम्बन्धी श्रोतसामग्रीहरू
www.presswise.org.uk/display_page.php¿id=708

अर्गनाइजेसन अफ न्यूज अम्वुड्समेन : www.newsombudsmen.org/what.htm

व्यवसायिक पत्रकारिता समाज - इन्टरन्याशनल लिस्टिङ्ग अफ जर्नालिस्टिक कोड अफ इथिक्सः
www.spj.org/ethicscode-other.asp

## घ. स्वच्छता र निष्पक्षताको निमित्त आवश्यक तत्वहरू

### सन्दर्भ तथा मुख्य विषयवस्तु

स्वच्छ र निष्पक्ष पत्रकारिताका लागि निर्धारित कानुनी शर्तहरू सम्वन्धित देशको आफ्नो परिवेश अनुसार फरक-फरक हुन्छन् । युनेस्को घोषणा पत्र एवं अन्य अन्तर्राष्ट्रियनैतिक मार्गनिर्देशिकाहरूले छापा तथा इन्टरनेट मिडियाका समाचार उपर हुने हस्तक्षेपलाई अस्वीकार गर्दछन् । तथापि रेडियो तथा टेलिभिजनको अनुमति वितरण योजना भित्र निष्पक्षता एवं नैतिकताका कुराहरूलाई जोड दिइएको हुन्छ । वेलायतको कानुनले विवादित विषयसँग सम्बन्धित सवै समाचार तथा अन्य कार्यक्रमहरू निष्पक्ष हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ ।

प्रसारण आचार संहिताले यस्तो नियम निर्धारण गर्नुपर्दछ, जसले हरेक राजनैतिक दलहरूले निर्वाचनको समयमा समान पहुँच प्राप्त गर्न सक्नेछन् । निर्वाचनका समाचारहरू कसरी समावेश गर्ने भन्ने कुरा देश अनुसार फरक-फरक हुन्छ । तर प्रतिवन्ध तथा हस्तक्षेपको डरले मिडियाका लागि बनाइएका आचार संहिताले सम्पादकीय स्वतन्त्रता माथि सम्झौता गरिनु हुदैन । आचार संहिताका नमुनाहरू उपलव्धका लागि हेर्नुहोस तल दिईएको सम्पर्क माध्यम (लिङ्क्स) ।

### प्रमुख सूचकहरू

**३.९ स्वच्छ र निश्पक्षताका लागि आवश्यक व्यवस्था सहितको प्रभावकारी प्रसारण आचार संहिता**

- सार्वजनिक तथा निजी दुवै प्रसारण संस्थाहरूको लागि आवश्यक प्रसारण आचार संहिता (उदाहरणका लागि निजी प्रसारण अनमति प्राप्त गर्नकालागि आवश्यक शर्तहरू)
- निर्वाचनको समयमा चुनावी विषयहरू समावेश गर्दा स्वच्छ, सन्तुलित र निष्पक्षता सुनिश्चित गर्नकालागि आवश्यक नियमहरू (जस्तै उम्मेदवारकालागि पर्याप्त समय प्रदान, सुझाव तथा धारणा संकलन गर्नको लागि समय, राजनैतिक विज्ञापन प्रसारण गर्न समय र कोटा, दलहरूको चुनावी प्रसारण, सार्वजनिक पदाधिकारीहरूलाई राष्ट्रिय निर्वाचन आचार संहिताले तोकेको भन्दा बढि समय तथा अनावश्यक स्थान दिन बन्देज आदि),
- सम्पादकीय स्वतन्त्रतामा उक्त आचार संहिताले सम्झौता गर्ने छैन (जस्तो सेन्सरसिपका पूर्व शर्तहरू तय गरेर),
- अन्तर्राष्ट्रियमापदण्डहरूको परिपालना ।

*प्रमाणीकरणका आधारहरू*

- प्रसारण विषयवस्तुको स्वच्छता तथा निष्पक्षतालाई नियमन गर्नेसम्बद्ध कुनै कानुन,
- प्रसारण आचार संहिताको प्रभावकारीताका सम्वन्धमा कुनै विश्वसनीय निकायले तयार गरेको प्रतिवेदन,
- निर्वाचनको समयमा गरिने समाचार संकलनसम्बन्धीसम्बद्ध कुनै नियम
- सार्वजनिक प्रसारकहरूद्वारा संसदीय कारवाहीको सन्तुलित एवं स्वच्छरूपमा प्रसारण गरिरहेको उदाहरण ।

**३.१० प्रसारण आचार संहिताको प्रभावकारी कार्यान्वयन**

- आचार संहिता उल्लङ्घन गरेकोमा अनुसन्धान भएको र समानुपातिकरूपमा दण्डको व्यवस्था गरेको उदाहरण,
- सार्वजनिक गुनासो सुन्ने उचित संयन्त्र,
- सम्पादकीय स्वतन्त्रतालाई सम्मान गर्दै नियमहरूको कार्यान्वयन ।

*प्रमाणीकरणका आधारहरू*

- स्वतन्त्र नियमनकारी निकायबाट प्रसारण आचार संहिताको कार्यान्वयन भईरहेको उदाहरण ।

### तथ्याङ्क श्रोत

आर्टिकल १९, स्वच्छता र निष्पक्षतासम्वन्धी मिडिया कानुनको देश विशेष विश्लेषण, www.article19.org

आर्टिकल १९, संक्रमणकालीन लोकतान्त्रिक व्यवस्थामा निर्वाचन सामग्री प्रसारणसम्बन्धी निर्देशिका, www.article19.org/pdfs/tools/ electionbroadcastingtrans.pdf

आर्टिकल १९, प्रसारण बहुलवाद र विविधताः अफ्रिकी नियमनकर्ताहरूको लागि तालिम निर्देशिका, २००६: www.article19.org/pdfs/tools/broadcasting-manual.pdf

राष्ट्रमण्डल प्रसारण एसोशियसन र युनेस्को, प्रसारण नियमनका लागि निर्देशिका: http://portal.unesco.org/ci/en/files/21345/11399384219Guidelines_for_Broadcasting_Regulation.pdf/Guidelines+for+Broadcasting+Regulation.pdf

निर्वाचन प्रचारसम्बन्धमा मिडिया कभरेज मापनसम्बन्धी युरोपेली परिषदको सुझाव सि एम (२००७) १५

युएसएआइडि, लोकतन्त्र र शासन कार्यालय, स्वतन्त्र र निष्पक्ष मिडियाको लागि वातावरण निर्माण : पारदर्शी एवं उत्तरदायी शासनका निमित्त योगदान २००२: www.usaid.gov/our_work/democracy_and_governance/publications/pdfs/pnacm006.pdf

## ङ. मिडियाप्रतिको सार्वजनिक विश्वास र विश्वसनीयताको स्तर

### सन्दर्भ तथा मुख्य विषयहरू

मिडियाप्रतिको सार्वजनिक आस्था एवं विश्वासनीयतको तह मामन गर्नु सजिलो काम होईन । भएको मुल्याङ्कनहरूपनि प्रायः मनोगत र अपर्याप्त तथ्याङ्कमा आधारित हुन्छन् । यस अतिरिक्त सर्भेक्षणहरूले के देखाईरहेका छन् भने राष्ट्रिय रूपमा शक्तिशाली एवं चर्चित व्यक्ति वा मान्यताको पछि लागेर मिडियाले सार्वजनिक विश्वास गुमाउँदै गईरहेका छन ।

खासगरी सामुदायिक मिडियालेसार्वजनिक विश्वास जित्ने उपाय खोजी रहेका हुन्छन् । उदाहरणकालागि समुदायले नै सामुदायिक मिडियाको मुल्याङ्कन गर्ने तथा अनुमति पत्र नवीकरणको निर्णय गर्ने कुरामा संलग्न हुन सक्दछन् ।

श्रोतले भ्याएसम्म मिडियाले आफ्ना श्रोता (उपभोक्ताहरू) बीच अनुसन्धान गरी सो बाट सुझाव लिएर आवश्यकता अनुसार आफूलाई जिम्मेवार बनाउनु पर्दछ । वास्तवमा पत्रकारिता जगत प्रति सार्वजनिक विश्वास जित्नको लागि मिडिया आफै एउटा महत्वपूर्ण मञ्च हो ।

ब्लग संचालन तथा नागरिक पत्रकारिताले मुख्य रूपमा जनताको मिडियासँगको सम्वन्धमा प्रभाव पार्दछ । धेरै मुलुकहरूमा जनता केवल उपभोक्ता मात्र होईनन्, बरू विषयवस्तु उपलव्ध गराउने, उनीहरूको व्यक्तिगत इच्छा अनुसारको सामग्री जुटाईदिने, व्यवसायिक पत्रकारले गरेको कार्य प्रति आवश्यक प्रतिक्रिया जनाउने आदि तरिकाद्वारा मिडियामा सक्रियरूपमा सहभागी भईरहेका हुन्छन् ।

तथापि इन्टरनेटको पहुँच नभएका समुदाय यसप्रकारका नयाँ अभ्यासबाट आफु अलग भएको अनुभव गर्न सक्छन्, त्यसैले मिडियाले यस्ता उपभोक्ताहरूको आवश्यकतालाई नजरअन्दाज गर्नु हुँदैन । त्यसैगरी सम्भव हुँदासम्म महिला तथा सीमान्तकृत समुहहरूको विश्वास जित्ने कोशिस गर्नुपर्छ किनकि, यस्ता समुहहरूलाई सूचनाको ज्यादा जरूरत भएको हुन सक्छ तर आफ्नो आवाज सुनाउन कम सक्षम भईरहेका हुन्छन् ।

### प्रमुख सूचकहरू

#### ३.११ मिडियाप्रति जनताको उच्च विश्वास एवं आस्था रहेको छ

- मिडियाले जनताको वास्तविक सरोकारका विषयहरू समेट्दछन् भन्ने विश्वास,
- सन्तुलित स्थानीय तथा राष्ट्रिय समाचार एवं सूचनाप्रतिको सन्तुष्टि
- पत्रकार एवं मिडियासम्बन्धी सङ्घ संस्थाहरू स्वच्छ हुन्छन, भ्रष्ट हुँदैनन् भन्ने विश्वास,
- समाचार सङ्कलन स्वच्छ र भेदभावरहित छ भन्ने विश्वास,
- मिडियामा उच्चस्तरको नागरिक सहभागिता जस्तैः छलफल कार्यक्रममा श्रोता सहभागिाको व्यवस्था, पत्र पत्रिकामा पाठकको प्रतिक्रियाको लागि छुट्ट्याईएको स्थान आदि ।

*प्रमाणीकरणका आधारहरू*

- मिडियाप्रतिको विश्वास तथा आस्थाका बारेमा सार्वजनिक विचार संकलन,
- जस्तै रेडियो श्रोता क्लव आदिद्वारा मिडियाको मुल्याङ्कन
- मिडिया प्रतिको धारणा बुझ्न घरधुरी सर्भेक्षण तथा अन्य स्थलगत क्रियाकलाप,
- केही श्रोता, पाठक तथा दर्शकहरूको नमूना संकलन गरेर मिडियाप्रति उनीहरूको विचारबारे कुराकानी,
- सामुदायिक प्रसारकहरूको मुल्याङ्कनमा समुदायको संलग्नता ।

**३.१२ उनीहरूको कामका बारेमा सार्वजनिक धारणा प्रति मिडिया सङ्घ संगठनहरू जवाफदेही छन्**

- ◆ आफ्ना श्रोता (उपभोक्ता), मिडियाको कार्यक्रम एवं समाचारको गुणस्तरीयता, साँस्कृतिक विविधतालगायतका बारेमा थाहा पाउन मिडिया संघ संगठनहरू प्रयासरत छन्,
- ◆ मिडिया सङ्घ संस्थाहरूले श्रोता सहभागिताको माध्यम जस्तै- फोन इन, छलफल, नागरिक सूचना आदिको वातावरण तयार पार्दछन् ,
- ◆ पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न मिडिया सङ्घ संस्थाहरूद्वारा आन्तरिक लेखा परीक्षण संयन्त्रको स्थापना,
- ◆ सामुदायिक मुल्याङ्कनको लागि समुदायमा आधारित संयन्त्र ।

*प्रमाणीकरणका आधारहरू*

- मिडिया सङ्घ संस्थाद्वारा गरिएका श्रोता अनुसन्धान जस्ता क्रियाकलापहरूको उदाहरण,
- सार्वजनिक आलोचना वा विश्सासको अभावका गुनासाहरूलाई मिडियाले सम्बोधन गरेका उदाहरण,
- श्रोता सहभागिताको लागि मिडियाले गरेको व्यवस्थाको उदाहरण,
- अम्बुड्सम्यान, उपभोक्ता संगठनजस्ता नागरिक समाज समूहद्वारा तयार गरिएका अभिलेखहरू ।

**तथ्याङ्क श्रोत**

विविसी विश्व सेवा कोष- अनुसन्धान तथा ज्ञान : http://www.bbc.co.uk/worldservice/trust/researchlearning/

अनुवल एडल्मान अनुवल ट्रस्ट बारोमिटर २००६:
www.edelman.co.uk/insights/trust/Edelman%20Trust%20Barometer%202006.pdf

ग्लोवस्क्यान २००६, वीवीसी/रोयटर्स/मिडिया केन्द्र सर्भेक्षण: मिडियामाथिको विश्वास:
www.globescan.com/news_archives/bbcreut.html

लोकतन्त्र तथा निर्वाचन प्रणालीमा सहयोगका लागि अन्तर्राष्ट्रिय संस्थाले लोकतन्त्रको चारवटा मुख्य क्षेत्रीय मापदण्ड संकलन गर्न सघाउ पुऱ्याउन विश्वव्यापीरूपमा विभिन्न सङ्घसंस्थाहरूसँग सहकार्य गर्दछ । सबै चारैवटा मापदण्डहरूको लागि हेर्नुहोस् : www.idea.int/democracy/global-barometers.cfm

मिडियावाइज- मिडिया माथिको जनविश्वास सम्वन्धी परियोजना:
www.mediawise.org.uk/display_page.php¿id=72

प्यू ग्लोवल एटिच्युड्स प्रोजेक्टः संसारभरको जनमत संकलन सर्भेक्षणशृङ्खला :http://pewglobal.org/

प्यू ग्लोवल एटिच्युड्स प्रोजेक्टःसाँच्चिकै विश्वव्यापी जालो- विश्व डिजिटल प्रविधियुक्त भईरहेछः
http://pewglobal.org/reports/display.php¿ReportID=251

टेलिकम एक्सप्रेस २००६, टेलिभिजन साथी जस्तै भरपर्दो छः एक सर्भेक्षण:
www.predicaments.com/telecomexpress/fullarticle.php¿id=41

ट्रान्सपरेन्सी इन्टरन्याशनल-भ्रष्टाचारसम्बन्धी सूचकाङ्क:
www.transparency.org/policy_research/surveys_indices/global/cpi

## च. पत्रकारहरूको सुरक्षा

### सन्दर्भ तथा मुख्य विषयवस्तु

यदि पत्रकारहरूले सुरक्षित वातावरणमा आफ्ना अधिकार प्रयोग गर्न पाएनन् भने अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूतिमा पनि कमी आउँछ। जब कुनै पत्रकार वा मिडिया उपर वारम्बार निगरानी राखिन्छ, धम्की दिइन्छ वा भौतिक आक्रमण गरिन्छ भने मिडियाले लोकतान्त्रिक छलफलको एउटा मञ्चको रूपमा आफ्नो भूमिका निर्वाह गर्न सक्दैन। मिडियाजगत भित्र सबभन्दा जोखिमपूर्ण व्यक्तिको रूपमा स्वतन्त्ररूपमा काम गर्ने व्यक्ति एवं अस्थायी कर्मचारीहरू पर्दछन् । नाजुक कार्य अवस्था र भ्रष्ट व्यवहारले पनि स्वनियन्त्रण तर्फ डोहोऱ्याउँछ ।

राज्य एवं अन्य गैर कानुनी समूहहरूबाट पत्रकारहरूविरूद्ध अपराधका घटनाहरू घटाईन्छन् । जुनसुकै अवस्थामाहोस, बढ्दो दण्डहीनताको अवस्था रोक्नका लागि त्यस्ता अपराधीहरूमाथि  कानुनी कारवाही गरिनुपर्छ ।

त्यसैगरी पत्रकारहरूलाई श्रोत सार्वजनिक गर्न वाध्य गर्ने अवस्थाबाट मुक्त राखिनु पर्छ। श्रोतको गोपनीयता पत्रकारिता पेशाको महत्वपूर्ण पक्ष हो  र अन्तराष्ट्रिय कानुनलेसमेत यस कुरालाई संरक्षण प्रदान गरेको छ ।

### प्रमुख सूचकहरू

**३.१३ पत्रकार, सम्बद्ध मिडिया कर्मचारी तथा मिडियासँग सम्वन्धित सङ्घ संस्थाहरूले सुरक्षितरूपमा आफ्नो कार्य गर्न सक्नुपर्दछ**

- ◆ पत्रकार एवं सम्बद्ध मिडिया कर्मचारीहरूलाई धम्की, होच्याउने तथा अन्य तरिकाले निगरानी गरिनु हुँदैन,
- ◆ मिडियाकर्मिले गरिरहेको कानुनसम्मत क्रियाकलापका लागि पत्रकार एवं सम्बद्ध मिडिया कर्मचारीहरूलाई भौतिक आक्रमण, गैर कानुनी थुनामा राख्नेजस्ता कार्य गर्नु तथा उनीहरूको हत्या गरिनु हुँदैन,
- ◆ मिडियाकर्मि तथा मिडिया सङ्घ संस्थाले गरिरहेका कानुनसम्मत क्रियाकलापका लागि मिडिया सङ्घ संस्था बन्द गर्नु वा बन्द गर्ने धम्की दिईने छैन,
- ◆ पत्रकारविरूद्ध अपराध गर्नेहरूलाई कानुनको दायरामा ल्याइनेछ र दण्डहीनताको वातावारण कायम रहने छैन,
- ◆ सञ्चार सङ्घसंस्थाहरूसँग तिनीहरूकाकर्मचारीको स्वास्थ्य तथा सुरक्षासम्वन्धी नितिहरू हुन्छन,
- ◆ अस्थायी, स्वतन्त्रलगायत सम्पूर्ण कर्मचारीहरूलाई सामाजिक सुरक्षा उपलव्ध हुनेछन् ।

*प्रमाणीकरका आधारहरू*

- डर, धाक, धम्की, शारीरिक आक्रमण, हत्या तथा गैर कानुनी थुनाका तथ्यांक
- मिडियालाई जवरजस्ती वन्द गराएको वा बन्द गर्न धम्की दिईएको कुराको अभिलेख
- पत्रकार विरूद्धको अपराधको अनुसन्धान गरी मुद्दा चलाईएका तथा अनुसन्धान तथा अभियोजन नगरिएका उदाहरण

**३.१४ असुरक्षाका कारण मिडियाको काममा असर परेको छैन ।**

- ◆ सजायँ, हैरानी तथा आक्रमणको डरका कारण मिडियाकर्मिहरू बारम्बार स्वनियन्त्रणका लागि वाध्य भएका छैनन्,
- ◆ श्रोतको गोपनीयता कानुनद्वारा संरक्षित र व्यवहारमा लागू भएको छ ।

*प्रमाणीकरणका आधारहरू*

- मिडियाकर्मिको सुरक्षाको विषयमा पत्रकारजगत एवं आम जनताबीच व्यापक छलफल भएका उदाहरण,
- मिडियामा काम गर्ने पत्रकार तथा मिडिया व्यवस्थापकहरूका लागि कामको बातावरणसम्बन्धी सर्भेक्षण
- पत्रकारद्वारा स्वनियन्त्रणका उपाय अवलम्बन गरेको अवस्था पत्ता लगाउन विश्वसनीय निकायद्वारा गरिएको विषयवस्तु विश्लेषण,
- पत्रकारलाई जवरजस्ती श्रोत खोल्न दवाव दिईएको लगायतका विवादहरूको अभिलेख ।

**तथ्याङ्क श्रोतः**

युनेस्को मेडलिन प्रतिवेदन,“प्रेसस्वतन्त्रताः पत्रकारहरूको सुरक्षा र  दण्डहीनता”, २००७:
http://unesdoc.unesco.org/ images/0015/001567/156773e.pdf

कमिटी टु प्रोटेक्ट जर्नालिस्टः मारिएका पत्रकारहरूको तथ्याङ्क www.cpj.org/killed/killed_archives/stats.html

फ्रिडम हाउस- प्रेस स्वतन्त्रता सर्भेक्षण- राजनैतिक वातावरणसम्वन्धी सूचकहरूः www.freedomhouse.org/uploads/PFS/PFSMethodology2006.pdfwww. freedomhouse.org/uploads/PFS/PFSGlobalTables2006.pdf

अन्तराष्टिय पत्रकार महासङ्घ- पत्रकार तथा मिडिया कर्मचारीहरूको हत्यासम्बन्धी वार्षिक प्रतिवेदनः
www.ifj.org/default.asp¿Issue=KILL&Language=EN

इन्टरन्याशनल फ्रिडम अफ एक्प्रेसन एक्सचेन्ज- पत्रकारको सुरक्षासम्वन्धी जानकारीः
www.ifex.org/en/content/view/full/240/

इन्टरन्याशनल फ्रिडम अफ एक्प्रेसन एक्सचेन्ज- दण्डहीनतासम्वन्धी जानकारीः
www.ifex.org/en/content/view/full/237/

इन्टरन्याशनल न्युज सेफ्टी इन्स्टिच्युटः www.newssafety.com

इन्टरन्याशनल रिसर्च एण्ड एक्सचेन्ज बोर्ड, मिडिया दिगोपना सूचकाङ्कः www.irex.org/msi/index.asp

रिपोर्टर्स् सान्स फ्रन्टियरस्- विश्वव्यापी प्रेस स्वतन्त्रता सूचकाङ्क www.rsf.org/rubrique.php3¿id_rubrique=554

# ४

# अभिव्यक्ति स्वतन्त्रता, बहुलवाद तथा विविधतालाई सवलीकरण गर्ने पेशागत क्षमता विकास तथा सहयोगी संस्थाहरू

## प्रमुख सूचकहरू

### क. व्यवसायिक मिडिया तालिमको उपलब्धता

४.१. मिडियाकर्मिहरू उनीहरूको आवश्यकता अनुसार तालिम लिन सक्दछन्,

४.२. व्यवसायिक व्यवस्थापक लगायत मिडिया व्यवस्थापकहरू उनीहरूको अवश्यकता अनुसार तालिममा सहभागी हुन सक्छन्

४.३. तालिमले मिडियाकर्मिहरूलाई प्रजातन्त्र र विकासबारे बुझ्न सहयोग पुऱ्याउँछ,

### ख. मिडिया अभ्याससम्बन्धी प्राज्ञिक अध्ययनको उपलब्धता

४.४. प्राज्ञिक अध्ययनमा विद्यार्थीहरूको व्यापक पहुँच,

४.५. प्राज्ञिक पाठ्यक्रमले विद्यार्थीहरूलाई प्रजातान्त्रिक विकाससँग सम्बन्धित सीप तथा ज्ञानले भरीपुर्ण बनाउँछ,

### ग. ट्रेड युनियन र पेशागत संगठनहरूको उपस्थिति

४.६. मिडियाकर्मिहरूलाई स्वतन्त्र ट्रेड युनियनमा आवद्ध हुने तथा अफ्नो अधिकारको प्रयोग गर्ने हक रहेको छ,

४.७. ट्रेड युनियन तथा पेशागत संगठनहरूले पेशागत वकालत गर्दछन् ,

### घ. नागरिक समाज संगठनको उपस्थिति

४.८. नागरिक समाज संगठनले मिडियाको व्यवस्थित अनुगमन गरिरहेका हुन्छन्,

४.९. नागरिक समाज संगठनहरूले अभिव्यक्ति स्वतन्त्रताको पक्षमा प्रत्यक्ष वकालत गर्दछन्

४.१०. नागरिक समाज संगठनहरूले समुदायको सूचनामा पहुँच बढाउन तथा उनीहरूको आवाज सुनाउन मद्दत गर्दछन्

भाग ४

# अभिव्यक्ति स्वतन्त्रता, बहुलवाद तथा विविधतालाई सवलीकरण गर्ने पेशागत क्षमता विकास तथा सहयोगी संस्थाहरू

## क. व्यवसायिक मिडिया तालिमको उपलब्धता

### सन्दर्भ तथा मुख्य विषयवस्तु

मिडिया तालिमले मिडियाकर्मिहरूको लागि औपचारिक शिक्षा एवंक्षमता विकास कार्यक्रम देखि काम सहितको तालिम शिक्षा (अन दि जव कोचीङ्ग), शोध तथा दुर शिक्षासम्मलाई समेट्दछ। रोजगारदाता, मिडिया तालिमसम्बन्धी संस्थाहरू, विश्वाविद्यालयका विभागहरू, पेशागत संगठन तथा अन्तर्राष्ट्रिय संस्थाहरू, जसको कार्यलाई प्रायशः मिडिया सहयोग वा मिडिया विकासको रूपमा बुझिन्छ, त्यस्ता निकायहरूले तालिम उपलब्ध गराउने गर्दछन् ।

केही देशहरूमा मिडिया केन्द्र स्थापना गरिएका हुन्छन्, जहाँ पत्रकारहरूले काम गर्न, तालिम लिन तथा सहयोग उपलब्ध गराउन सक्दछन् । अन्तर-उद्योग वा अन्तर-क्षेत्रीय तालिम परिषद, रोजगारदाताहरूको समूह तथा प्राज्ञिक संस्थाहरूले पनि यसको राम्रो अभ्यासको लागि सहयोग गर्न सक्छन् ।

आमरूपमा व्यवसायिकता, पत्रकारिता तालिमको विशेषता हो जुन विश्वव्यापी हुन्छ । स्थानीय सूचनाको आवश्यकताको आधारमा गरिएको तालिमको महत्व धेरै हुन्छ र अझ त्यसमा स्थानीय मिडिया तथा गैर मिडिया क्षेत्रको सहभागिता हुनुपर्दछ। अर्को शव्दमा भन्नु पर्दा सूचनाको सिर्जना स्थानीय समुदायद्वारा उनीहरू कै लागि हुनेछ। खासगरी मिडियाको स्थानीय वजारको आवश्यकतामा आधारित भई तालिम कार्यक्रमहरू तर्जुमा गर्नु उल्लेखनीय हुन्छ । अझ महत्वपुर्ण त के हुन्छ भने मिडिया तालिमले केवल पत्रकारिता, उत्पादन तथा व्यवस्थापनका कुरा मात्र होईन कि अन्य क्षेत्रहरू जस्तै मिडिया कानुन, मिडिया नीति नियम र कसरी प्रभावकारी व्यवसायसंचालन गर्ने भन्ने कुरालाई पनि सेमेट्नु पर्छ । यस अतिरिक्त, स्थानीय वकालत समूह, नागरिक समाज संगठनसँगको सहकार्यमा गरिएको तालिमले मिडियाकर्मिहरूलाई सीमान्तकृत समुदायको धारणालाईसमेत बुझेर समाचार संकलन गर्न मद्दत गदर्छ । खासगरी मिडिया बढी नियन्त्रित गर्न खोजिएको एवं दवाईएको बेलामा पत्रकार आचार संहिता तथा खोजपत्रकारिताको उपाय एवं निर्वाचनको विषयहरू समेट्नु महत्वपुर्ण हुन्छ ।

त्यसै गरी यो कुरा पनि महत्वपुर्ण छ कि तालिमका क्रियाकलाप दीर्घकालीनरूपमा दिगो प्रकारका विषयहरूमा जोड दिनुपर्छ : मिडिया भन्दा बाहिरको सहयोगले खासगरी संस्थापकले सहयोगको हात झिकेको अवस्थामा समाचार, विज्ञापन, सञ्चारमाध्यम स्थापना जस्ता मिडियाको बजार कसैको स्वार्थमा उपयोग हुन सक्ने खतरा रहन्छ । लक्षित देशहरूमा त्यस्ता बाहिरी पक्षका लागि तालिम संचालन गर्ने संस्थाहरूले सो को नक्कल हुन सक्ने खतरालाई नियन्त्रण गर्न उनीहरूसँग समन्वय गरेर काम गर्नुपर्छ ।

युनेस्कोले पत्रकारिता शिक्षाको लागि नमूना पाठ्यक्रम तयार गरेको छ (हेर्नुहोस्श्रोत सामग्री) जसले समग्र पत्रकारिता शिक्षाका आधारभूत विषयहरू प्रस्तुत गरेको छ । युनेस्को, खासगरी भरखर भरखर पत्रकारिता शुरू गरेका पत्रकारहरूलाई उनीहरूले काम गर्ने क्षेत्रमा साथसाथै प्रविधीक तथा पेशागत सीप विकासलगायतका कुराहरूमा विषयगत ज्ञान दिनु आवश्यक हुन्छ भन्ने कुरामा जोड दिन्छ ।

### प्रमुख सूचकहरू

**४.१. मिडियाकर्मिहरू उनीहरूको आवश्यकता अनुसार तालिम लिन सक्दछन् ,**

- कार्यरत पत्रकारहरूका लागि क्षमता विकास कार्यक्रम,
- विभिन्न आन्तरिक तथा बाह्य तालिम प्रदानकर्ताद्वारा तालिम कार्यक्रमको आव्हान,
- सबै तहका क्षमतावान पत्रकारहरूकालागि उनीहरूको सीप विकास तथा आवश्यक विषयगत ज्ञान अभिवृद्धिका लागि अवसर,
- क्षत्रीय तथा अन्तर्राष्ट्रिय तहमा आदान प्रदान कार्यक्रम,
- पत्रकारहरूलाई कुनै विषयमा विशिष्टिकरण गर्न आवश्यक सहयोग,
- सूचना प्रविधिसम्बन्धी तालिम,

- पत्रकारहरूलाई दुर शिक्षाको अवसर,
- भौतिकरूपमा सबै पत्रकारको पहुँच पुग्न सक्ने गरी तालिम प्रदान गर्ने व्यवस्था (उदाहरणको लागि शहरी क्षेत्रमा मात्र होईन),
- उत्पादन तथा शिक्षा दुवै विषयहरूसमावेश गरिएका तालिम कार्यक्रमहरू,
- तालिममा स्थानीय भाषा र उचित प्रविधिको प्रयोग,
- स्थानीय भाषामा तालिम सामग्रीको उपलब्धता र पहुँच,
